सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ असोज २०८२, मंगलबार (Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १७१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जेन-जी आन्दोलनको दमन र विध्वंस जाँचबुझ आयोगको कार्ययोजना

सुरुमा गोली चलाउने प्रहरी, क्रमशः माथिल्लो ओहदाका हुँदै तत्कालीन गृहमन्त्री र प्रधानमन्त्रीसँग बयानको तयारी



● **गौरीबहादुर कार्की**
अध्यक्ष, जाँचबुझ आयोग

विशेषज्ञ र थप जनशक्ति प्राप्त भएसँगै छानबिनको कामले तीव्रता पाउँछ। छानबिनका प्रक्रिया धेरै बाहिर ल्याउन मिल्दैन, हामीले काम गरिरहेका छौं।

नवराज मैनाली/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा भएको दमन र विध्वंस घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगले गत २३ भदौमा नयाँ बानेश्वर क्षेत्रमा प्रदर्शनकारीमाथि भएको दमनमा केन्द्रित भई छानबिन र चरणबद्ध बयान अघि बढाउने भएको छ। प्रारम्भिक चरणमा गोली चलाउने प्रहरीको हुँदै माथिल्लो ओहदामा रहेका अधिकारीहरूको बयान लिने आयोगको तयारी छ। पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगलाई तीन महिनाभत्र काम सक्ने जिम्मेवारी छ।

आयोगका एक पदाधिकारीका अनुसार सुरुमा फिल्डमा खटिएका प्रहरी तथा उनीहरूका कमान्डरको बयान लिइनेछ। त्यसपछि क्रमशः सिडिओ, आईजिपी, गृहसचिव, तत्कालीन गृहमन्त्री र प्रधानमन्त्रीको बयान लिने प्रक्रिया अगाडि बढाइने ती पदाधिकारीले बताए। '२३ गते बानेश्वरमा किन बढी बल प्रयोग भयो भनेर पत्ता लगाउनु हाम्रो मुख्य दायित्व हो,' आयोगका ती पदाधिकारी भन्छन्, 'जसकारण पहिला फिल्डका प्रहरी हुँदै माथिल्लो तहसम्म बयान लिएर वास्तविकता पत्ता लगाउँछौं।'

बयानका लागि आयोगले सरकारसँग थप जनशक्ति माग गरेको छ। विशेषज्ञ र आवश्यक जनशक्ति प्राप्त हुनासाथ छानबिनको काम तीव्र पार्ने आयोगको तयारी छ। सरकारले हाल आयोगमा सहसचिवसहित सात कर्मचारी खटाएको छ।

आयोगका अध्यक्ष कार्की कार्यादेशअनुसार अब

» पृष्ठ २ मा क्रमशः

■ सामाजिक सञ्जालमा जेन-जीले चलाए 'अरेस्ट ओली एन्ड लेखक' अभियान

ओली र लेखकविरुद्ध जाहेरी लिएर प्रहरीकहाँ पुगे सुदन गुरुङ, तर प्रहरीले गरेन दर्ता



ओली



लेखक

जेन-जी आन्दोलनका क्रममा युवामाथि गोली चलाउने आदेश दिने र आन्दोलनको समयमा विध्वंस मच्याउने काममा संलग्न रहेको आरोप लगाउँदै तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्नुपर्ने अभियान सुरु भएको छ। जेन-जी आन्दोलनमा संलग्न युवाहरू र विभिन्न व्यक्तिहरूको सहभागितामा गठन गरिएको 'जेन-जी मुभमेन्ट अलायन्स'ले सामाजिक सञ्जालमार्फत 'अरेस्ट केपी ओली एन्ड रमेश लेखक' नामक अभियान सञ्चालन गरेका हुन्। उक्त अभियानको पोस्टर 'हामी नेपाल' संस्थाका संयोजक सुदन गुरुङले सोमबार दिउँसो ३ बजे सामाजिक सञ्जालमा राखेका थिए। राति १२ बजेसम्म उक्त पोस्टरमा २६ हजार लाइक र ३५ सय कमेन्ट छन् भने ५८ सयले सेयर गरेका छन्। अधिकांशले ओली र लेखकलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउनुपर्ने प्रतिक्रिया दिएका छन्।

यसैगरी, जेन-जी आन्दोलनका क्रममा गोली चलाएर दमन गरेको भन्दै तत्कालीन प्रधानमन्त्री केपी ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकविरुद्ध फौजदारी कसुरमा कारबाहीको माग गरी प्रहरीमा जाहेरी दिइएको छ। प्रहरीले भने जाहेरी दर्ता गर्न अस्वीकार गरेको छ। हामी नेपाल संस्थाका संयोजक सुदन गुरुङ जाहेरी लिएर सोमबार जिल्ला प्रहरी परिसर, भद्रकाली पुगेका हुन्। जाँचबुझ आयोगको छानबिन चलिरहेकाले हाल सो विषयमा अनुसन्धान गर्न नमिल्ने भन्दै प्रहरीले जाहेरी दर्ता गर्न नमानेको हो। सो आन्दोलनमा भएको क्षतिको विषयमा आयोगको प्रतिवेदनपछि मात्र अनुसन्धान अघि बढाउन गृह मन्त्रालयले प्रहरीलाई निर्देशन दिएको छ। जाहेरी दर्ता नगरेकोमा गुरुङको समूह तथा पीडित पक्ष भने असन्तुष्ट बनेको छ।

प्रधानन्यायाधीश र अख्तियार प्रमुखको पनि राजीनामा माग



प्रधानन्यायाधीश राउत



अख्तियार प्रमुख राई

जेन-जी मुभमेन्ट अलायन्सले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई र आयुक्तहरूको समेत राजीनामा माग गरेको छ। शनिबार प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा उनीहरूले यो विषय उठाएका छन्। सोमबार अख्तियार प्रमुखलाई इमेल पठाएरसमेत राजीनामा माग गरिएको छ। अख्तियारका एक अधिकारी भने केही ठुला भ्रष्टाचार मुद्दाको अनुसन्धान अन्तिम चरणमा पुगेकाले त्यसलाई प्रभावित पार्न स्वार्थ समूहले जेन-जीका नाममा चलखेल गरेको आशंका गर्दछन्। अख्तियारमा पोखरा विमानस्थल भ्रष्टाचार, भिजिट भिसाको असुली तथा लिचीबगैंचा जग्गामा घुस लेनदेनलगायत घटनाको अनुसन्धान अन्तिम चरणमा पुगेको छ।

■ जेन-जी घाइतेहरूको आक्रोश र माग

रगतमाथि राजनीति नगर, गोली हान्ने र आदेश दिनेलाई कारबाही गर



आन्दोलनमा २४२९ जना घाइते, ६२० लाई मात्रै घाइते परिचयपत्र वितरण

२९ घाइते अझै अस्पतालमै उपचाररत

शिवहरि घिमिरे/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा गोली खाएर घाइते भएका युवाहरूले आफ्नो रगत, पीडा र बलिदानमाथि राजनीति गरिएको, सरकारले अपेक्षाअनुसार काम नगरेको भन्दै तीव्र असन्तुष्टि र गहिरो आक्रोश पोखेका छन्। सोमबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा घाइतेहरूले आन्दोलनको म्यान्डेट र न्यायका माग बेवास्ता भएको आरोप लगाउँदै प्रश्न गरेका छन्, 'हामीलाई गोली हान्ने र आदेश दिने कहाँ छन् ? उनीहरू किन पक्राउ पर्दैनन्, किन

» पृष्ठ २ मा क्रमशः

■ घाइतेहरूको गुनासै गुनासो



● **सुयोग राई**
गोली लागेर एउटा आँखा गुमाएँ, तर गोली हान्नेलाई कारबाही भएन। आन्दोलनपछि बनेको सरकारले घाइतेहरूको पक्षमा ठोस काम गरेको छैन। हामीले खाएको गोलीमा राजनीति नगर्नुहोस्।



● **समीर खत्री**
यो सरकारप्रति म सन्तुष्ट छैन किनभने घाइते र मृतकलाई न्याय दिने ठोस काम भएको छैन। जबसम्म गोली चलाउने र आदेश दिनेहरूलाई कानुनी कारबाही हुँदैन तबसम्म हामीले खोजेको न्याय अधुरो नै रहनेछ।



● **बादल राई**
घाइते र मृतकका परिवारले न्याय पाउनुपर्छ। तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई पनि जिम्मेवार ठहर गर्दै कारबाही गर्नुपर्छ। अनि मात्र जेन-जी आन्दोलनमा बगेको रगतले शान्ति पाउनेछ।



● **प्रदीप भट्टराई**
प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था र आन्दोलनमा गोली चलाउने र आदेश दिनेलाई कारबाही हुनुपर्छ। २४ घण्टामै सत्ता पल्टाएपछि बनेको सरकारले जेन-जीको मागअनुसार काम गर्नुपर्छ।

आयोगले बनायो चुनावी क्यालेन्डर



दल दर्ता : १ देखि १० मंसिर
निर्वाचन अधिकृतको कार्यालय स्थापना : प्रत्यक्ष- २ मंसिर। समानुपातिक- १५ मंसिर
बन्दसूची पेस : १८-१९ पुस
निर्वाचन प्रचार-प्रसार : ३-१८ फागुन
मतदान : २१ फागुन (बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म)

नयाँ पत्रिका

निर्वाचन आयोगले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको छ। सोमबार बसेको आयोग बैठकले दल दर्तादेखि मतदानसम्मको निर्वाचन कार्यतालिका स्वीकृत गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।

कार्यतालिकाअनुसार निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको समय १ देखि १० मंसिरसम्म तोकिएको छ। आयोगमा दर्ता कायम रहेका दलहरूले मात्रै निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानुनी व्यवस्था रहेकाले निर्वाचनमा भाग लिन चाहनेले ३० कात्तिकअघि राजनीतिक दल दर्ता प्रमाणपत्र प्राप्त गर्नुपर्ने आयोगले स्पष्ट पारेको छ।

आयोगका अनुसार प्रत्यक्ष निर्वाचितका लागि २ माघदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ भने समानुपातिक निर्वाचन प्रणालीका लागि १५ मंसिरमा निर्वाचन अधिकृतको कार्यालय

» पृष्ठ २ मा क्रमशः

परिवर्तित परिस्थितिबारे सरकारले अन्तर्राष्ट्रिय समुदायलाई जानकारी दिने

'ब्रिफिङ पेपर' तयार, परराष्ट्रमन्त्री नियुक्त हुनासाथ जानकारी गराइने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले आफ्ना प्राथमिकता स्पष्ट पार्न नेपालस्थित अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिलाई जानकारी दिन लागेको छ। मन्त्रिपरिषद् विस्तारका क्रममा परराष्ट्रमन्त्री नियुक्त हुनासाथ अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने तयारी भइरहेको छ।

परराष्ट्र मन्त्रालयले अन्तर्राष्ट्रिय समुदायलाई गर्ने आग्रह र परिवर्तित परिस्थितिबारे दिने सन्देश समेटेर 'ब्रिफिङ पेपर' तयार गरेको छ। हरेक ठुलो परिवर्तनलगत्तै सरकारले काठमाडौंमा रहेका अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिलाई आफ्नो घरेलु र बाह्य सम्बन्धको प्राथमिकताबारे जानकारी दिने चलन छ। 'अन्तर्राष्ट्रिय समुदायलाई पछिल्लो परिस्थितिबारे जानकारी गराउने तयारीमा छौं, आवश्यक तयारी भइरहेको छ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नयाँ पत्रिकासँग भने।

एक कूटनीतिक अधिकारीका अनुसार सकभर प्रधानमन्त्री

» पृष्ठ २ मा क्रमशः





लोकबहादुर पौडेल क्षेत्री, प्रवक्ता, परराष्ट्र मन्त्रालय
अन्तर्राष्ट्रिय समुदायलाई पछिल्लो परिस्थितिबारे जानकारी गराउने तयारीमा छौं, आवश्यक तयारी भइरहेको छ

कर्नर किक

● रवि मिश्र



■ पहिरोको 'इपिसेन्टर' इलाम

१२ घरका ३६ जना निद्रामै पुरिए



बाढीपहिरो र दुर्घटनामा ज्यान गुमाउनेको संख्या ६१ पुग्यो

(विस्तृत पृष्ठ ३)



गौरीटार रंगशाला १६ वर्षपछि निर्माणमा तीव्रता

क्रिकेट मैदान र पौडी पोखरीको बदलिँदै मुहार

(विस्तृत पृष्ठ ८)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

जेन-जी आन्दोलनपछि क्षतिग्रस्त १०३ सरकारी भवनको पुनर्निर्माण प्रक्रिया

दुई महिनाभित्र डिजाइन तयार गर्न पुल्चोक इन्जिनियरिङ क्याम्पस, विद्युत् प्राधिकरण र चिलिमे इन्जिनियरिङलाई जिम्मा



● **नारायणप्रसाद मैनाली**
प्रवक्ता, सहरी विकास मन्त्रालय

यी भवनहरूको क्षतिको अवस्थाअनुसार रेट्रोफिट गर्ने कि भत्काएर बनाउने भन्ने विषयमा अध्ययन गरी डिजाइन तयार गर्ने जिम्मेवारी दिने निर्णय भएको हो। सरकारी निकाय भएकाले टेन्डर आह्वान नगरीकन सरकार-सरकार (जिटुजी) मोडलमा जिम्मा दिइएको हो। अहिलेसम्म क्षति भएका महत्त्वपूर्ण निकाय छनोट गरेर काम सुरु गरेका हौं। आगामी शुक्रबार बस्ने बैठकले कति लागतमा सम्झौता गर्ने भन्ने अन्तिम निर्णय गर्नेछ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट क्षति पुगेका १०३ मुख्य सरकारी भवनको पुनर्निर्माणको प्रक्रिया अघि बढाएको छ। सहरी विकास मन्त्रालयले संघीय प्रशासनिक केन्द्र सिंहदरबारका भवनसहित देशभरका प्रमुख कार्यालयहरूको पुनर्निर्माण सुरु गर्ने भएको छ।

» पृष्ठ २ मा क्रमशः

■ सिंहदरबारभित्रको डिजाइन जिम्मा पुल्चोक क्याम्पसलाई



सिंहदरबारभित्रका क्षतिग्रस्त भवनहरूको जिम्मा पुल्चोक इन्जिनियरिङ क्याम्पसले पाएको छ। त्यस्तै, प्रधानमन्त्रीको सरकारी निवास पनि यही क्याम्पसलाई जिम्मा दिइएको छ। त्यस्तै, पुल्चोक इन्जिनियरिङ क्याम्पसले कास्की, तनहुँ र काठमाडौंका सरकारी भवनहरू पुनर्निर्माण गर्नेछ। यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखरा कार्यालय, लोकसेवा आयोग पोखरा कार्यालय, जिल्ला प्रशासन र अदालत भवन, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विभिन्न भाग, गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला मन्त्रालयलगायतका ३८ वटा भवन पर्छन्।

विद्युत् प्राधिकरणलाई ३३ वटा भवनको ठेक्का

नेपाल विद्युत् प्राधिकरणले विराटनगरका उच्च अदालत, जिल्ला प्रशासन, आन्तरिक राजस्व, मालपोत, भन्सार र सरकारी वकिल कार्यालयलगायत मोरङ, सुनसरी, धनुषा, कलंकी, डिल्लीबजार, हात्तीसार, पर्सा र सप्तरीका ३३ वटा भवनको जिम्मा पाएको छ।

मन्त्रिक्वार्टरको डिजाइन ठेक्का चिलिमेलाई

चिलिमे इन्जिनियरिङ एन्ड सर्भिसेज (चेस्को)ले भैंसेपाटीको मन्त्री आवासको अध्ययन र डिजाइनको ठेक्का पाएको छ। बाँके, कैलाली, सुर्खेत र दाङ जिल्लाका ३२ सरकारी भवनको पुनर्निर्माणका लागि अध्ययन र डिजाइनको जिम्मा लिएको छ। यसअन्तर्गत जिल्ला प्रशासन, अदालत, नापी कार्यालय, भन्सार, लोकसेवा आयोग र मन्त्री आवास क्षेत्रका संरचना समावेश छन्।

कुन जिल्लामा कति सरकारी भवन क्षति ?

सबैभन्दा बढी भवनको क्षति कास्कीमा

सहरी विकास मन्त्रालयका अनुसार देशभर क्षतिग्रस्त ४४० वटा भवनहरूमध्ये सर्वाधिक कास्कीमा ७० वटा भवन क्षति भएको देखिएको छ। सोमबारसम्मको विवरणअनुसार जेन-जी आन्दोलनका क्रममा आगजनी तथा तोडफोडले देशभर क्षति भएका सरकारी भवनहरूको संख्या ४४० पुगिसकेको छ। जसमा पूर्ण क्षति भएका १३४ वटा, आंशिक क्षति भएका १७६ वटा र सामान्य क्षति भएका १३० वटा भवन छन्। बढी भवन क्षतिग्रस्त हुने दोस्रोमा काठमाडौं छ। काठमाडौंमा ५६ वटा भवन क्षतिग्रस्त छन्। चितवनमा ५३, मोरङमा ४३, कैलालीमा ३४, रूपन्देहीमा ३१, बाँकेमा २९, धनुषामा १७, झापामा २०, पर्सामा २० र दाङमा पनि २० वटा भवनमा क्षति पुगेको छ। यस्तै, सप्तरीमा १३, डोटीमा १०, रामेछापमा आठ, सुर्खेतमा ६, धादिङमा तीन, जुम्लामा दुई र बागलुङमा दुई तथा ओखलढुंगामा एउटा भवन क्षति भएको विवरणमा उल्लेख छ।

२१ फागुनको निर्वाचन माओवादीको प्राथमिकतामा

वातावरण बनाउन विघटित संसद्मा प्रतिनिधित्व गरेका दलहरूसँग संवाद जारी



नयाँ पत्रिका

दसैँअघि नै निर्वाचनमा जाने निर्णय लिएको माओवादीले २१ फागुनको प्रतिनिधिसभा निर्वाचनलाई उच्च प्राथमिकतामा राख्दै वातावरण बनाउन सक्रिय पहल थालेको जनाएको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार बसेको महाधिवेशन आयोजक समितिको सचिवालय बैठकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले घोषित मितिमै निर्वाचन सम्पन्न गर्नुको विकल्प नभएको र यसको वातावरण बनाउन पार्टीले संवाद जारी राखेको जानकारी गराएका छन्।

उनका अनुसार दलहरूबिच संवाद भइरहेको र सबै राजनीतिक दलहरू निर्वाचनका लागि तयार भइरहेका छन्। तर, कुन-कुन दलसँग छलफल भइरहेको छ भन्ने उनले स्पष्ट गरेनन्। सचिवालयका एक सदस्यका अनुसार प्रचण्डले निर्वाचनमार्फत मात्र अहिलेको संविधान र व्यवस्था जोगाउन सकिने बताएका थिए। ती सदस्यका अनुसार निर्वाचनका लागि दलहरूसँग छलफल गरेर वातावरण बनाउनुपर्ने र सरकारलाई सहयोग गरेर जानुपर्नेमा प्रचण्डले जोड दिएका छन्।

'हामी घोषित मितिमै निर्वाचन हुनुपर्छ र सबै राजनीतिक दल निर्वाचनमा सहभागी हुनुपर्छ भन्ने पक्षमा छौँ। हाम्रो पार्टी सक्रियतासाथ निर्वाचनमा भाग लिन्छ,' बैठकपछि पत्रकारसँग संक्षिप्त कुरा गर्दै प्रचण्डले भने, 'निर्वाचनबारे अन्य राजनीतिक दलहरूसँग पनि छलफल भइरहेको छ। केही समयपछि त्यसको परिणाम देखिन्छ। निर्वाचनमार्फत नै अहिलेको संविधान र व्यवस्था जोगाउन सकिन्छ।'

सबै राजनीतिक दलहरू निर्वाचनमा सहभागी हुनुपर्छ भन्ने पक्षमा माओवादी रहेको उनले बताए।

पार्टी प्रवक्ता अग्नि सापकोटाका अनुसार निर्वाचनलाई सफल बनाउन माओवादीले संसद्मा रहेका सबै दलहरूसँग छलफल गरिरहेको छ। 'निर्वाचनलाई सफल पार्नका लागि सकारात्मक वातावरण बनाउन हाम्रो पार्टीले नेतृत्वदायी भूमिका खेलिरहेको छ। छलफलहरू सकारात्मक छन् र चुनावमा जाने विषयमा करिब-करिब सबै दलबिच सहमति बन्दै छ,' उनले भने।

सरकारको तर्फबाट भने हालसम्म निर्वाचनको विषयमा दलहरूसँग ठोस छलफल नभएको उनले बताए। 'कांग्रेस र एमालेको पनि बैठक बस्दै छ। चुनावमा जानेमा आमसहमति जस्तै बन्दै छ,' उनले भने, 'निर्वाचन गर्ने कुरालाई हाम्रो पार्टीले शीर्ष स्थानमा राखेको छ।'

दसैँअघि बसेको केन्द्रीय समिति बैठकबाटै माओवादीले निर्वाचनमा जाने निर्णय लिएको थियो।

निर्वाचन तयारीसँगै पार्टीले महाधिवेशनको तयारीलाई पनि अघि बढाएको छ। महाधिवेशनको कार्यविधि तयार गर्ने र आयोजक समिति निश्चित गरेपछि मिति तय गरिने नेताहरूले जनाएका छन्। २३ असोजमा बस्ने सचिवालय बैठकले महाधिवेशनको मिति तय गर्ने तयारी छ। प्रचण्डले महाधिवेशनलाई विचार, संगठन र राजनीतिक कार्यदिशाको पुनरावलोकन गर्ने अवसरका रूपमा लिएको बताए। 'हामीले नयाँ परिवेशअनुसार पार्टीको विचार, संगठन र कार्यदिशा सबैलाई पुनः व्यवस्थित गर्नुपर्ने चुनौती सामना गरिरहेका छौँ। यो रूपान्तरण र एकताको राम्रो अवसर हो,' उनले भने।

सुरुमा गोली चलाउने...

पृष्ठ १ बाट क्रमशः

छानबिनको कामलाई तीव्रता दिइने बताउँछन्। 'विशेषज्ञ र थप जनशक्ति उपलब्ध भएसँगै छानबिनको कामले तीव्रता पाउँछ,' उनी भन्छन्, 'छानबिनका प्रक्रिया धेरै बाहिर ल्याउन मिल्दैन, हामीले काम गरिरहेका छौँ।'

आयोगलाई सरकारले मानवीय तथा भौतिक क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीको सम्बन्धमा आवश्यक राय दिने कार्यादेश दिएको छ। गत ६ असोजदेखि काम सुरु गरेको आयोगलाई तीन महिनाको समय दिइएको छ।

आन्दोलनका पीडित पक्ष तथा जेन-जी अगुवाहरूले आन्दोलनमा दमन गर्ने तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकमाथि कारबाहीका लागि निरन्तर दबाब दिइरहेका छन्। तर, गृह मन्त्रालयका अधिकारीहरूले आयोगकै सिफारिसअनुसार कारबाही प्रक्रिया अगाडि बढ्ने बताएका छन्।

आयोगले यसअघि नै तत्कालीन प्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री लेखकसहित तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, तत्कालीन गुप्तचर प्रमुख हुतराज थापा र काठमाडौँका तत्कालीन सिडिओ छविलाल रिजाललाई विदेश जान रोक लगाउने निर्णय गरेको थियो। सोधपुछका लागि जुनसुकै वेला बोलाउनुपर्ने भएकाले उपत्यकाबाहिर जानसमेत अनुमति लिन भनिएको छ। फिल्डमा खटिएका प्रहरी र उनीहरूको कमान्डको विवरण यही साता माग्ने आयोगको तयारी छ।

आयोगको कार्यालय हाल बबरमहलस्थित जल तथा मौसम विज्ञान विभागमा रहेकोमा ठाउँ नपुग्ने भएपछि सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को पुरानो भवनमा सार्न लागिएको छ। आन्दोलनको क्रममा जलेको सो भवनका कतिपय कोठाहरू प्रयोग गर्न सकिने भएकाले आयोगको कार्यालय त्यहाँ सार्न लागिएको हो। आयोगमा १० जना प्रहरी कर्मचारीसमेत माग गरिएको छ।

आयोगको सदस्यमा पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी छन्। आयोगलाई २३ र २४ गते भएको प्रदर्शनमा भएको क्षतिको विस्तृत छानबिन गर्ने जिम्मेवारी दिइएको छ। आयोगको प्रतिवेदन आएपछि मात्र तोडफोड तथा क्षतिको अनुसन्धान गर्न गृह मन्त्रालयले प्रहरीलाई निर्देशन दिएको छ।

प्रहरीका हतियार लुट्ने र कारागारबाट भाग्नेलाई १० वर्ष कैद हुने कानुन अध्यादेशबाट ल्याउन सुझाव

प्रहरीका हतियार लुट्ने र कारागारबाट भागेकालाई १० वर्ष सजाय हुने कानुन ल्याउन जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले सरकारलाई सुझाव दिएका थिए। बाहिर रहेका कैदीबन्दी र लुटिएका हतियारले समाजमा ठुलो सुरक्षा चुनौती बढ्ने भएकाले उनीहरूमाथि कारबाही गर्न कडा कानुनको आवश्यकता रहेको उनको भनाइ छ।

'प्रहरीको हतियार लुट्नेलाई कस्तो सजाय हुने भन्ने अहिले प्रस्ट कानुन रहेनछ,' कार्की भन्छन्, 'त्यसकारण उनीहरूलाई १० वर्ष जेल र एक लाख रुपैयाँ जरिवाना हुने कानुन अध्यादेशबाट ल्याउन मैले व्यक्तिगत रूपमा सरकारलाई सुझाव दिएको हुँ, जेलबाट भागेकाको हकमा पनि यस्तै कानुन बनाउनुपर्छ।' हातहतियार तथा खरखजना ऐन संशोधन गरेर सुरक्षाकर्मीको हतियार लुटेको तथा चोरेको अवस्थामा विशेष सजाय हुने प्रावधान राख्नुपर्ने उनको भनाइ छ।

त्यस्तै, कारागारबाट भागेकालाई भने हाल कसुरअनुसार पाँच वर्षसम्म थप सजाय हुने प्रावधान छ। उपस्थित हुन थप समय दिएर त्यसभित्र उपस्थित नहुनेलाई १० वर्ष कैद सजाय हुने प्रावधान राखे मात्र कैदीबन्दीहरू फर्कने अध्यक्ष कार्की बताउँछन्।

कारागार व्यवस्थापन विभागका अनुसार २४ गते कारागारबाट साढे १४ हजार कैदीबन्दी भागेका थिए। सोमबार साँझसम्मको तथ्यांकअनुसार त्यसमध्ये पाँच हजार ६९७ जना अझै फरार रहेको विभागका महानिर्देशक लीलाप्रसाद शर्माले बताए। फरारहरूलाई २० असोजभित्र फर्कन सरकारले अल्टिमेटम दिएको थियो। कतिपय भने बाटो अवरुद्ध भएका कारण फर्कन नसकेको भनेर विभिन्न कारागारमा फोन गरेको महानिर्देशक शर्मा बताउँछन्। अझै कारागार नफर्कनेलाई गृह मन्त्रालयको निर्देशनअनुसार निर्णय गरिने विभागले जनाएको छ।

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१–४७९६३४६, इमेलः info@shivashreehydro.com.np, वेवसाइटः www. shivashreehydro.com.np

को

हकप्रद शेयर निष्काशन तथा बिक्री खुला बारेको सूचना !

शिव श्री हाइड्रोपावर लिमिटेडको मिति २०८२/०४/१६ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अङ्कित दरको **१,४७,६४,०००** कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला **मिति २०८२ भाद्र १९ गतेदेखि मिति २०८२ असोज २३ गतेसम्म** रहेकोले उक्त हकप्रद साधारण शेयरको लागि आवेदन दिन।

अब ३ कार्य दिन मात्र बाँकी
आवेदन दिने अन्तिम म्याद:
मिति २०८२ असोज २३ गते (बैंकिङ्ग समय) सम्म मात्र

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०५/०१ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.shivashreehydro.com.np मा हेर्नुहुन समेत अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Limited)
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७
इमेल: info@citizenscapital.com.np, वेवसाइट: www.citizenscapital.com.np

सार्वजनीक सूचना

नेपाल ईकरात इन्जिनियरिङ कम्पनी प्रा.लि.बाट उत्पादित उच्च गुणस्तर युक्त NEA Standard का विद्युतिय ट्रान्सफरमरको तपशिलमा उल्लेख भए अनुसार २०८२/०८३ को मुल्यसूचि कायम गरिएको व्यहोरा यसै सार्वजनिक सूचनाद्धारा समस्त ग्राहकवर्गलाई जानकारी गराउन चाहन्छौ।

NEA Standard Transformer Rate

S. No:	Transformer Rating	No Load Loss (Watts)	Load Loss (Watts)	Ex- Works Hetauda Per Unite Price Without VAT
1	11/0.4 kV, 15 kVA	62	300	250,000.00
2	11/0.4kV, 25kVA	75	460	325,000.00
3	11/0.4kV, 50kVA	120	750	475,000.00
4	11/0.4 kV, 75 kVA	170	1000	600,000.00
5	11/0.4kV,100kVA	220	1210	695,000.00
6	11/0.4 kV, 125 kVA	255	1430	880,000.00
7	11/0.4kV,150kVA	295	1675	995,000.00
8	11/0.4kV,200kVA	365	2100	1,195,000.00
9	11/0.4kV,250kVA	455	2550	1,350,000.00
10	11/0.4kV,300kVA	550	3000	1,450,000.00
11	11/04 kV, 350 kVA	650	3550	1,630,000.00
12	11/0.4kV,400kVA	745	4025	1,690,000.00
13	11/0.4kV,500kVA	960	5150	1,950,000.00
14	33/0.4 kV, 25 kVA	75	460	450,000.00
15	33/0.4 kV, 50 kVA	140	800	640,000.00
16	33/0.4 kV, 100 kVA	290	1800	830,000.00

NEEK Since 1992
Nepal Ekarat
Egineering Co. Pvt. Ltd.
Jaycees Margh, Thapathali, Kathmandu
Tel: 01-4243436 / 4244857 / 4252169. Fax: 4253612
Website : www.neek-transformer.com
Factory
Thana Bharyang, Nawalpur, Hetauda, Tel: +977-57-520994, 520935
Fax: +977-57-520689, email: works@neek-transformer.com

रगतमाथि राजनीति...

पृष्ठ १ बाट क्रमशः

कारबाही हुँदैन ? सरकार किन मौन छ ?'

अहिलेको सरकारले आफूहरूको पीडा र मागप्रति उदासीनता देखाएको गुनासो पोख्दै उनीहरूले उपचार, पुनर्स्थापना र दीर्घकालीन सुरक्षाको सुनिश्चितता गर्न सरकारसँग माग गरेका छन्। पत्रकार सम्मेलनमा उनीहरूले जेन-जी आन्दोलनका वास्तविक पीडितहरूका अनुभव र तिनले सामना गरेका चुनौतीलाई उपेक्षा गर्न नहुनेमा जोड दिए।

रिस, पीडा र निराशा मिश्रित अभिव्यक्तिमा घाइतेहरूले सबैभन्दा पहिला सरकारले गोली चलाउन आदेश दिने र गोली हान्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग राखेका छन्। आन्दोलनपछिको वातावरणले जन्माएको असुरक्षाप्रति उनीहरूले तीव्र असन्तुष्टि जनाए। जेन-जीको नाममा 'असम्बिन्धित' व्यक्तिहरूले राजनीति गरिरहेको पनि घाइतेहरूको टिप्पणी छ।

घाइतेहरूले आफूहरूले राखेका माग र आन्दोलनको अपेक्षाअनुसार सरकारले काम नगरेको गुनासोसमेत गरेका छन्। उनीहरूले जेन-जीको आवरणमा केही टाठाबाठा र अवसरवादीले राजनीतिक खेल खेल्न थालेको भन्दै घाइतेको भावनाअनुसार काम गर्न र यसमा सरकार जिम्मेवार हुन आग्रह गरेका छन्। सरकारले संवेदनशील भएर घाइतेहरूको पीडा र आक्रोश सम्बोधन नगरे जटिलता बढ्ने उनीहरूले चेतावनी दिएका छन्।

सूत्रबद्ध रूपमा उनीहरूले गोली हान्नेलाई कारबाही गर्नुपर्ने, सहिद र घाइतेका परिवारलाई दीर्घकालीन व्यवस्था गर्नुपर्ने, सेप्टेम्बर ८ लाई जनआन्दोलन घोषणा गर्नुपर्ने र युवा दिवसको रूपमा मनाउनुपर्ने माग राखे। यस्तै, प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था ल्याउनुपर्ने, भ्रष्टाचार अन्त्य र सुशासन कायम हुनुपर्ने, प्रदेशको पुनर्संरचना हुनुपर्ने, स्थानीय तहलाई स्वायत्तता दिनुपर्ने, शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्ने र रोजगारीको ग्यारेन्टी गरिनुपर्ने पनि उनीहरूको माग छ। यसबाहेक ती घाइतेले तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई तत्काल पक्राउ गर्नुपर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली हुनुपर्ने, राजनीतिक दलहरूको गठबन्धन अन्त्य हुनुपर्ने, राष्ट्रिय हितविपरीतका एनजिओ-आइएनजिओ खारेज हुनुपर्ने, बिचौलियाको अन्त्य हुनुपर्ने, विदेशमा रहेकाहरूलाई मताधिकार दिनुपर्ने र बन्द उद्योग सञ्चालनमा ल्याउनुपर्नेलगायत माग पनि राखेका छन्।

गोली लागेर एक आँखाको दृष्टि गुमाएका सुयोग राईले गोली हान्न आदेश दिने र गोली हान्नेलाई कारबाही नभएकोमा गुनासो पोखे। छातीमा गोली लागेर घाइते समीर खत्रीले आन्दोलनपछिको अवस्था सन्तोषजनक नरहेको सुनाए।

आन्दोलनमा दुई हजार ४२९ जना घाइते, ६२० जनालाई मात्रै घाइते परिचयपत्र वितरण

आन्दोलनमा दुई हजार ४२९ जना घाइते भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक छ। तीमध्ये अधिकांश घाइते अस्पतालबाट डिस्चार्ज भइसकेका छन्। जेन-जी प्रदर्शनमा अधिकांशलाई प्रहरीको गोली लागेको थियो। घाइते ९४७ जनालाई एम्बुलेन्स प्रयोग गरेर र अन्य कतिलाई बोकेर, मोटरसाइकल, अन्य सवारीसाधन वा कतिपय आफैँ हिँडेर अस्पताल आइपुगेका थिए। अस्पताल आएकामध्ये तीन सयभन्दा बढीको आइसियू र २० भन्दा बढीको भेन्टिलेटरमा उपचार भएको थियो।

सोमबारसम्म २९ जना घाइतेको अस्पतालमा उपचार जारी छ। अहिले अस्पतालमा भइरहेका गोली लागेका हुन्। घाइतेमध्ये ट्रमा सेन्टरमा ११, केएमसीमा तीन, त्रिवि शिक्षण अस्पतालमा पाँच साथै निजामती अस्पताल, नेपाल प्रहरी अस्पताल, कीर्तिपुर अस्पताल, विराट मेडिकल कलेज, नोबेल मेडिकल कलेज, पोखरा मेडिकल कलेज र पाटन अस्पतालमा एक-एकजना उपचाररत छन्। स्वास्थ्य मन्त्रालयका अनुसार घाइते सबैको उपचार निःशुल्क भइरहेको छ। अस्पतालमा रहेकाहरूको अवस्था खतरामुक्त रहे पनि उनीहरूको डिस्चार्ज र उपचार प्रक्रिया भने लम्बिन सक्ने स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए।

स्वास्थ्य मन्त्रालयले देशभर दुई हजार ४२९, जना घाइते रहेको तथ्यांक दिए पनि गृह मन्त्रालयले हालसम्म ६२० जनालाई मात्रै जेन-जी आन्दोलन घाइते परिचयपत्र वितरण गरेको छ। यो संख्या उपत्यकाका तीन जिल्लाको हो। जसमा काठमाडौँमा पाँच सय, ललितपुरमा एक सय र भक्तपुरमा २० जना छ। उपत्यकाका तीन जिल्लामा १२ र १३ असोजमा परिचयपत्र वितरण गरिएको थियो।

अझै पनि तीन जिल्लामा थुप्रै घाइतेले परिपयपत्र नलिएको गुनासो आउने गरेको छ। उपचारपछि अधिकांश घाइतेहरू घर-घर फर्किएका कारण धेरैले परिचयपत्र पाउन ढिलो भएको गृह मन्त्रालयका विपत् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख गोविन्द रिजालले बताए। उनका अनुसार घाइते परिचयपत्रका आधारमा उपचारमा सहजीकरण गरिएको छ। 'हालसम्म उपत्यकाका तीन जिल्लामा परिचपयपत्र वितरण भएको छ। धेरै जिल्लामा वितरण हुनै बाँकी छ। हामीले संकलन गरेको तथ्यांकअनुसार ७३ जिल्लामा घाइते छन्,' उनले भने, 'उनीहरूलाई सम्बन्धित जिल्ला प्रशासनबाटै परिचयपत्र उपलब्ध गराउन पत्राचार भइसकेको छ। सोमबार जिल्ला जिल्लामा परिचयपत्र पठाएका छौँ। मंगलबार वा बुधबारदेखि वितरण सुरु हुनेछ।'

घाइतेहरूको गुनासै गुनासो

गोली लागेर एउटा आँखा गुमाएँ, तर गोली हान्नेलाई कारबाही भएन : सुयोग राई

म २३ गते नयाँ बानेश्वरमा आन्दोलनमा गएको थिएँ। मेरो देब्रे आँखामा गोली लाग्यो र आज त्यो आँखाको दृष्टि गुमाइसकेको छु। आन्दोलनपछि बनेको सरकारले घाइतेहरूको पक्षमा ठोस काम गरेको छैन। उपचारको शुल्क पनि सरकारले तिरेको छैन। मैले नै आफ्नै खर्चमा उपचार गरिरहेको छु। एउटा आँखाको दृष्टि हराउनु कति पीडादायी हुन्छ भन्ने कुरा म आफैँले भोगिरहेको छु। त्यो दिन छाती, आँखा र टाउकोमा नै ताकेर गोली हानिएको थियो। तर, आजसम्म गोली चलाउने र आदेश दिनेहरूविरुद्ध कुनै कारबाही भएको छैन। म अहिले घर र अस्पताल धाइरहेको छु। सरकारसँग मेरो आग्रह छ- जेन-जीहरूका त्याग र बलिदानलाई सम्मानपूर्वक हेरेर काम गरियोस्। जसले जेन-जी आन्दोलनको नेतृत्व गर्नुभयो, कृपया हामीलाई नबिर्सनुहोस्, किनभने हामी प्रत्यक्ष गोली खाएर बाँचेकाहरू हौँ। हामीले खाएको गोलीमा राजनीति नगर्नुहोस्।

घाइते र मृतकलाई न्याय दिने ठोस काम भएको छैन : समीर खत्री

मेरो छातीमा गोली लागेको थियो। देश बनाउँछु, समृद्ध बनाउँछु र त्यसका लागि भ्रष्टाचारको अन्त्य गर्नुपर्छ भन्ने भावनाले म आन्दोलनमा सहभागी भएको थिएँ। तर, हामीले गोली खाएको यति लामो समय बितिसक्दा पनि सोचेजस्तो परिवर्तन हुन सकेको छैन। हामीले प्रत्यक्ष निर्वाचित कार्यकारीको माग गरेका थियौँ, तर त्यो माग पूरा हुने अवस्था दिन प्रतिदिन कमजोर हुँदै गएको देखिन्छ। आन्दोलनका कारण देशले ठुलो मूल्य चुकाएको छ। अब यदि देशले सक्षम र इमानदार नेतृत्व पायो भने मात्र ती बलिदानहरू अर्थपूर्ण हुनेछन्। र, नेपाल छिट्टै विकासको बाटोमा अघि बढ्नेछ। जेन-जी आन्दोलनपछि बनेको सरकारप्रति म सन्तुष्ट छैन, किनभने घाइते र मृतकलाई न्याय दिने ठोस काम भएको छैन। जबसम्म गोली चलाउने र आदेश दिनेहरूलाई कानुनी कारबाही हुँदैन, तबसम्म हामीले खोजेको न्याय अधुरो नै रहनेछ। जबसम्म देशले सुशासन पाउँदैन तबसम्म सपना पूरा हुन्नन्। अर्को कुरा-अहिले केही अवसरवादीले आफूलाई 'जेन-जी' भन्दै अगाडि सरिरहेका छन्। म भन्न चाहन्छु- अवसरवादी होइन कि आन्दोलनका सच्चा सहभागी र पीडित अगाडि ल्याउनुपर्छ। हामीले ज्यान जोखिममा राखेर गरेको आन्दोलन कुनै व्यक्तिगत लाभका लागि होइन, देश र जनताको भविष्यका लागि हो।

तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई कारबाही हुनुपर्‍यो : बादल राई

जेन-जी आन्दोलनको पहिलो दिनमै संसद् भवनअगाडि मलाई गोली लागेको थियो। वास्तविक रूपमा आन्दोलनमा योगदान दिनेहरूलाई पछाडि पार्दिँदै आएको अनुभव भइरहेको छ। जेन-जी आन्दोलनको मूल भावनाअनुसार अहिलेको सरकारले काम गर्न सकेको छैन। हाम्रो मुख्य माग स्पष्ट छ-घाइते र मृतकका परिवारले न्याय पाउनुपर्छ। गोली हान्न आदेश दिने र गोली चलाउने दुवैलाई कानुनी कारबाही हुनुपर्छ। तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई पनि जिम्मेवार ठहर गर्दै कारबाही गर्नुपर्छ। अनि मात्र जेन-जी आन्दोलनमा बगेको रगतले साँचो अर्थमा शान्ति पाउनेछ। अहिले केही युवाहरू जेन-जी आन्दोलनको नाममा अगाडि बढिरहेका देखिन्छन्। कतिपयले यस आन्दोलनलाई व्यक्तिगत अवसर र राजनीति गर्ने साधनजस्तो बनाइरहेका छन्। तर, म भन्न चाहन्छु- कृपया सोचेर अघि बढ्नुस्। साँचो जेन-जी भावना बोकेका र वास्तविक पीडा भोगेका परिवारलाई समेटेर मात्र आन्दोलनको अगुवाइ गर्नुपर्छ। त्यति भएमा मात्रै आन्दोलनको आत्मा जीवित रहनेछ।

वास्तविक जेन-जीले वास्तविक माग के राखिरहेका छन् भन्नेतर्फ सरकारले ध्यान देओस् : प्रदीप भट्टराई

जेन-जी आन्दोलनको मुख्य उद्देश्य भनेको विकास र निकास हो। युवापुस्ता राज्य सञ्चालन गर्न सक्षम छन् र युवाबाट नै देशको विकास हुन सक्छ भन्ने सन्देश जेन-जी आन्दोलनले बोकेको हो। तर, यति धेरै युवाहरूको ज्यान गइसकेपछि बनेको सरकारले राम्ररी काम गर्न सकेको छैन। हामी यो सरकारप्रति पनि असन्तुष्ट छौँ। किनभने, जेन-जीको मागअनुसार सरकार बने पनि काम हुन सकेको छैन। हामीले त प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था र आन्दोलनमा गोली चलाउने र आदेश दिनेलाई कारबाही गर्न माग गरिरहेका छौँ। २४ घण्टामा यति ठुला सत्ता पल्टाएपछि बनेको सरकारले जेन-जीमा मागअनुसार काम गर्नुपर्छ। वास्तविक जेन-जीले वास्तविक माग के राखिरहेका छन् भन्नेतर्फ सरकारले ध्यान देओस्।

गोली चलाउने र आदेश दिनेलाई यो सरकारले कारबाही गर्न सकेन : डा. जगत विक

म जेन-जी प्रदर्शनको क्रममा म घाइते भएको थिएँ। जेन-जी प्रदर्शनपछि बनेको सरकारले प्रभावकारी रूपमा काम गर्न सकेको छैन। अरू त हामीले भनेका होइनौँ, गोली चलाउने र आदेश दिनेलाई यो सरकारले कारबाही गर्न सकेन। यो नमज्जा लाग्ने कुरा हो। जेन-जी आन्दोलनबाटै बनेको सरकारले जेन-जीका खास मागलाई कुल्चन मिल्छ ? अर्को कुरा हामीले भनेको प्रत्यक्ष कार्यकारी हुनुपर्छ भन्ने हो। हाल सरकारसँग समन्वय गरिरहेका जेन-जीका अगुवाहरू हुनुहुन्छ कृपया तपाईंहरू आफ्नो फाइदाका लागि घाइतेहरूलाई दुरुपयोग नगर्नुहोस्, यो आन्दोलनको सबैभन्दा बढी हकदार भनेको घाइतेहरू हो। तर, कतिपयले यहाँ बिचौलियाको भूमिकामा आफूलाई प्रस्तुत गरेका छन्। दुरदराजबाट आएर आन्दोलनमा सरिक भएकाहरूलाई बेवास्ता गरिँदै छ। जेन-जी प्रदर्शनका क्रममा सुदूरपश्चिम प्रदेशका धेरै युवा घाइते र मृत्युवरण गरे। तर, अहिले जेन-जीको अगुवाइ गर्नेहरूले घाइते र आन्दोलनमा अग्रपंक्तिमा खटिनेहरूलाई बेवास्ता गरिरहेका छन्, यो राम्रो होइन।

आयोगले...

पृष्ठ १ बाट क्रमशः

स्थापना गरिनेछ। १८-१९ पुसमा बन्दसूची पेस गर्ने समय निर्धारिण गरिएको छ। ३ देखि १८ फागुनसम्म निर्वाचन प्रचारप्रसारको समय छुट्याइएको छ। त्यसपछि मौन अवधि सुरु हुनेछ। २१ फागुनमा बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुनेछ। प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीका मतपेटिका संकलनपछि मतगणना सुरु गरिने आयोगले जनाएको छ। निर्वाचनमा राजनीतिक दल एवं सरोकारवालासँगको समन्वय र सहकार्यका लागि स्वीकृत कार्यतालिकाअनुसार आयोगले समयसमयमा परामर्श तथा छलफल गर्ने जनाएको छ। साथै आयोगले ३० कात्तिकसम्म मतदाता नामावली संकलन जारी राख्ने जनाएको छ।

दुई महिनाभित्र...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयको सचिवस्तरबाट ती भवनहरूको पुनर्निर्माणअघि अध्ययन र डिजाइनको जिम्मेवारी नेपाल विद्युत् प्राधिकरण, पुल्चोक इन्जिनियरिङ क्याम्पस र चिलिमे इन्जिनियरिङ एन्ड सर्भिसेज (चेस्को)लाई दिने निर्णय गरिएको छ। मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीका अनुसार यी निकायहरूले दुई महिनाभित्र अध्ययन र डिजाइनको काम पूरा गर्नेछन्।

'यी भवनहरूको क्षतिको अवस्थाअनुसार रेट्रोफिट गर्ने कि भत्काएर बनाउने भन्ने विषयमा अध्ययन गरी डिजाइन तयार गर्ने जिम्मेवारी दिने निर्णय भएको हो। सरकारी निकाय भएकाले टेन्डर आह्वान नगरीकन सरकार-सरकार (जिटुजी) मोडलमा जिम्मा दिइएको हो। अहिलेसम्म क्षति भएका महत्त्वपूर्ण निकाय छनोट गरेर काम सुरु गरेका हौँ। आगामी शुक्रबार बस्ने बैठकले कति लागतमा सम्झौता गर्ने भन्ने अन्तिम निर्णय गर्नेछ,' प्रवक्ता मैनालीले भने। मन्त्रालयका अनुसार सिंहदरबारभित्रका विशेष भवनसहित दुईवटा भवन 'विशेष भवन' श्रेणीमा परेका छन्। यी सबै भवनको पुनर्निर्माणका लागि डिजाइन तयारी, लागत अनुमान र पुनर्निर्माणका प्राथमिकता तय गर्ने कार्य भइरहेको मन्त्रालयले जनाएको छ।

परिवर्तित...

पृष्ठ १ बाट क्रमशः

कार्कीकै उपस्थितिमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी दिइनेछ। 'प्रधानमन्त्रीज्यू पनि यस सम्बन्धमा जानकार हुनुहुन्छ। तालुक मन्त्रीको नियुक्तिपछि परराष्ट्रको पहिलो काम नै कूटनीतिक ब्रिफिङ हुनेछ,' ती कूटनीतिक अधिकारीले भने।

प्रधानमन्त्री कार्कीले यसबिचमा भारतीय, चिनियाँ र अमेरिकी राजदूतसँग भेटवार्तामा उठाएका विषयलाई समेटेर परराष्ट्र मन्त्रालयले अन्तर्राष्ट्रिय समुदायलाई बताउने दस्तावेज तयार भइरहेको छ। ती अधिकारीका अनुसार आगामी ६ महिनाभित्रै निर्वाचन गराउने प्राथमिकतामा समर्थन गर्न सरकारले आग्रह गर्नेछ। सरकारले लोकतान्त्रिक मूल्य पद्धतिसहित लोकतन्त्र, समावेशीकरण र विधिको शासनप्रति प्रतिबद्धता दोहोर्‍याउनेछ।

जेन-जी आन्दोलनका क्रममा भएको क्षतिपछि पुनर्निर्माणका लागि सरकारले अनुरोध गर्नुपर्ने हुन्छ। विशेषतः ६ महिनाभित्र स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्ने, कसैप्रति पूर्वाग्रह नराखी आन्दोलनका क्रममा भएको बल प्रयोगबारे छानबिन गर्ने, संक्रमणकालीन न्याय प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको चासो सम्बोधन गर्नेलगायत प्रतिबद्धता सरकारले व्यक्त गर्नेछ।

यस्तो छ विगतका अभ्यास

नेपाल सरकारले पछिल्लोपटक पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुँदा १ जेठ ०८० मा प्रधानमन्त्री कार्यालयमा अन्तर्राष्ट्रिय समुदाय बोलाएर ब्रिफिङ गरेको थियो। नक्कली भुटानी शरणार्थी प्रकरण चलिरहेका वेला प्रधानमन्त्री प्रचण्डले त्यसको निष्पक्ष छानबिन हुने आश्वस्त पारेका थिए। विधिको शासन र सहभागितामूलक लोकतन्त्रप्रतिको प्रतिबद्धताबाट सरकार निर्देशित रहेको पनि प्रचण्डले प्रस्टीकरण दिएका थिए।

१८ माघ ०७५ मा तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले संक्रमणकालीन न्यायबारे आश्वस्त पार्न खोजेका थिए। पश्चिमा मुलुकहरूले आममाफीका विषयमा त्यसवेला निकै चासो राखेका थिए। ज्ञवालीले भनेका थिए, 'मानव अधिकारसँग समबन्धित विषयमा आममाफी हुँदैन, तर दिगो मेलमिलापको दिशामा संक्रमणकालीन न्याय टुंग्याउने प्रयास हुन्छ।'

यसअघि १८ माघ ०७३ मा तत्कालीन परराष्ट्रमन्त्री डा. प्रकाशशरण महतले पनि अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गरेका थिए। संविधान जारी भएको र ओली नेतृत्वको सरकार ढलेपछि गठन भएको सरकारले चुनावी प्राथमिकता स्पष्ट पारेका थिए। कांग्रेस-माओवादी गठबन्धन सरकारका तर्फबाट महतले अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गरेका थिए।

त्यसवेला एमाले प्रतिपक्षमा थियो भने मधेशी मोर्चा संविधानसँग असन्तुष्ट रहेर चुनावबारे द्विविधामा थियो। उनले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगका कामकारबाहीका विषयमा पनि जानकारी दिँदै दण्डहीनतालाई प्रोत्साहित नगर्ने स्पष्ट पारेका थिए।

२९ वैशाख ०७३ मा तत्कालीन प्रधानमन्त्री केपी ओली र परराष्ट्रमन्त्री कमल थापाले पनि कूटनीतिक ब्रिफिङ गरेका थिए। चुनावबारे उक्त सरकारले प्रतिबद्धता जनाएको थियो। तर, ओली सरकार तीन महिना पनि टिक्न सकेन।

संविधान जारी भएसँगै भारतीय नाकाबन्दी कायम रहेका वेला २८ पुस ०७२ मा परराष्ट्रमन्त्री कमल थापाले अन्तर्राष्ट्रिय समुदायलाई बोलाएर कूटनीतिक ब्रिफिङ गरेका थिए। उनले तत्कालीन समयका असन्तुष्ट मधेशी दलहरूसँग सरकारले गरेको संवाद प्रक्रियाबारे जानकारी गराएका थिए। नाकाबन्दी त्यही वर्ष २१ माघदेखि हटेको थियो।

नयाँ संविधान जारी हुनुपूर्व ३० भदौ ०७२ मा सुशील कोइराला नेतृत्वको तत्कालीन सरकारले अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिलाई बोलाएर जानकारी दिएको थियो। नेपालस्थित कूटनीतिक नियोगहरूका प्रमुखलाई बोलाएर तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले ब्रिफिङ गरेका थिए। '९२ प्रतिशत सभासद्को समर्थनमा संविधान जारी हुँदै छ, सबै समुदाय, जातिको प्रतिनिधित्व गर्ने सभासद् प्रक्रियामा छन्। मधेशका ११० निर्वाचित सभासद् संविधान जारी गर्ने प्रक्रियामा सहभागी छन्, १२ जना मात्रै बाहिर छन्,' उनले भनेका थिए। ३ असोज ०७२ मा नयाँ संविधान जारी भएको थियो।

■ पहिरोको 'इपिसेन्टर' इलाम

१२ घरका ३६ जना निद्रामै पुरिए



माडसेबुङ- १ गजुरमुखीमा देउमाई खोलाले क्षतविक्षत बनाएको घर । तस्बिर : नयाँ पत्रिका

■ बाढीपहिरो र दुर्घटनामा ज्यान गुमाउनेको संख्या ६१ पुग्यो

विषम मौसमी अवस्थाका वेला पाँचथरमा भएको सवारी दुर्घटनासहित बाढीपहिरो र चट्याङमा परी ज्यान गुमाउनेको संख्या ६१ पुगेको छ। सशस्त्र प्रहरी बलका अनुसार गत शनिबार यता मात्र इलाममा ३८ र पाँचथरमा आठजनाको मृत्यु भएको छ। त्यस्तै, उदयपुर र रौतहटमा तीन-तीन तथा खोटाङ र काभ्रेमा दुई-दुईजनाको ज्यान गएको छ। सुनसरी, मोरङ, महोत्तरी सिन्धुपाल्चोक र सिन्धुलीमा एक-एकजनाको मृत्यु भएको छ।

भापामा **चिरञ्जीवी घिमिरे**

शनिबार रातिको पहिरोको 'इपिसेन्टर' बनेको इलाममा ज्यान गुमाउनेको संख्या ३८ पुगेको छ। पहिरोमा पुरिएका एकजना अझै बेपत्ता छन्। पहिरोमा परेका ३९ जनामध्ये ३६ जना घरभित्रै सुतिरहेका वेला पुरिएको पाइएको छ।

इलामका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले मध्यरातमा भएको भीषण वर्षाका कारण एक्कासि पहिरो खसेपछि १२ घरमा सुतिरहेका ३६ जना निद्रामै पुरिएको विवरण प्राप्त भएको बताइन्। 'इलाम नगरपालिकामा एकै घरभित्र सुतेका ६ जनाको मृत्यु भएको छ। चार परिवारका सदस्य भए पनि उहाँहरू एकै घरमा सुतिरहेनुभएको रहेछ। सूर्योदयमा पनि एकै घरमा चारजना पर्नुभएछ। राति पहिरो खसेकाले भाग्न पनि पाएनन्, निद्रामै रहेका वेला पहिरो खस्यो,' नेपालले भनिन्, 'इलाम हाराहारीकै पानी मधेशका जिल्लामा पनि परेको थियो। तर, यहाँ पहाडी भूगोल, त्यसमा पनि लगातार चारपाँच घण्टा पानी परेकाले पहिरो गयो।' इलामको हिमाली गाउँमा ३३२.६ र इलाम टी-इस्टेट केन्द्रमा २८०.२ मिलिमिटर वर्षा मापन भएको थियो, जुन त्यहाँका लागि रेकर्ड-ब्रेक हो।

शनिबार रातिको पहिरोमा परेका ३९ जनामध्ये ३६ जना घरभित्रै पहिरोमा परेका हुन् भने दुईजना सडकमा रहेका वेला पहिरोमा परेका थिए। एकजनाको शव भने खोलाले बगाएको अवस्थामा सोमबार फेला परेको हो।

बाढीपहिरोमा २० जना घाइते भएका छन्। जसमध्ये सन्दकपुर गाउँपालिकामा आइतबार उद्धार गर्न नसकिएका पाँचजनाको सोमबार उद्धार गरिएको छ। उपचारका लागि झापाको बिर्तामोडस्थित बिएन्डसी अस्पताल ल्याइएको उनले बताइन्। घाइतेमध्ये दुईजनालाई एम्बुलेन्स र तीन जनालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको हो।

■ कम्तीमा १०६ घर विस्थापित

पहिरोले इलाममा कम्तीमा एक सय ६ घर विस्थापित भएका छन्। हालसम्म प्राप्त विवरणअनुसार माडसेबुङ गाउँपालिका ११, इलाम नगरपालिका- १० मा ३८, फाकफोकथुम गाउँपालिका १६ र माई नगरपालिकामा ४१ घर बाढीपहिरोमा परेका छन्। 'इलाममा मात्र २६ घर पहिरोले बगेका छन्। अरू पालिकाको पनि तथ्यांक आउने क्रममा छ, कति क्षति भयो भनेर तथ्यांक संकलन भइरहेको छ,' सिडिओ नेपालले बताइन्।

माइजोगमाई गाउँपालिका अध्यक्ष कुशबहादुर थेबेले माइजोगमाइमा ठुलो मात्रामा क्षति भए पनि यकिन भन्न सकिने अवस्था नरहेको बताए। ' एउटा घरमा पाँच र अर्को घरमा तीन गरी दुई घरमा आठजनाको मृत्यु भएको छ, पहिरोले घर बगाएको भत्काएको हिसाब निकाल्न सकिएको छैन,' उनले भने, 'गाउँ जाने सडक पनि भत्किएका छन्। ट्र्याक खोल्दै छौं।'

विस्थापितहरू विद्यालय, आफन्त र छिमेकीको घरमा बसिरहेका छन्। प्रशासनबाट राहत वितरणको काम मंगलबारबाट सुरु हुने जनाइएको छ। 'अहिले स्थानीय तहले सहजीकरण गरिरहेका छन्। मंगलबार प्रदेश सरकारले पनि राहत वितरण गर्ने खबर आएको छ। संघ-संस्थालाई पनि हामी आह्वान गर्दै छौं। प्रभावित क्षेत्रमा यातायातका साधन पुग्न सक्ने अवस्था छैन। त्यहीकारण पनि हामी तत्काल राहत लिएर जान सकेका छैनौं,' उनले भनिन्।

■ सडक सञ्जाल टुट्यो, धेरै ठाउँमा विद्युत् र टेलिफोन पनि अवरुद्ध

पहिरोले बगाउँदा, सडक भासिँदा इलाम सदरमुकाम जोड्ने मेची राजमार्ग र भित्री सडक पनि अवरुद्ध छन्। माइखोलानजिकै राजदुवालीमा सडक भासिदा झापाबाट इलामलाई जोड्ने मार्ग ठप्प छ। यसबाहेक जिल्लाका कैयौं ठाउँमा विद्युत् र टेलिफोन सेवा अवरुद्ध भएको छ। इलाम नगरपालिका क्षेत्रमा भने सोमबार साँझ मात्र आंशिक रूपमा विद्युत् आपूर्ति सुरु भएको छ। 'मुख्य सडक र भित्री सडक ठप्प छन्। तीन-चारवटा घुम्ती सोहरे एउटै बनेका छन्। सडक डिभिजनले मुख्य सडक खुलाउन प्रयास गरिरहेको छ। तर, लेदो भएकाले पन्छाउन कठिनाइ भइरहेको छ। अब पानी नपरेमा बाटो खुलाउन सजिलो हुनेछ,' उनले भनिन्, 'पालिकाहरूले पनि भित्री सडक खोल्ने प्रयास गरिरहेका छन्।' सडक डिभिजन कार्यालय इलामले पाँच दिनभित्र राजमार्ग सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएको नेपालको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय प्रमुख, प्रहरी उपरीक्षक एकनारायण कोइलालाले खोज र उद्धारको काम सकिएकाले अब क्षतिको विवरण संकलन हुने बताए। 'सडक धेरै ठाउँ अवरुद्ध छ। इलाम सदरमुकाम अहिले सडक सञ्जालबाट टुटेको छ। सदरमुकामसम्म सवारीसाधन आउन अझै केही दिन लाग्छ,' उनले भने, 'विभिन्न ठाउँमा सडक अवरुद्ध हुँदा वैकल्पिक सडक खोज्न पनि समस्या भएको छ। पालिकाहरूले पहिरो सफा गरेर सडक खोल्ने काम पनि सुरु गरेका छन्।'

■ घर बगेपछि छिमेकीको शरणमा

इलाम माइजोगमाई- ३ काफ्ले गाउँका सन्तकुमार राई शनिबारदेखि निदाउन सकेका छैनन्। उनी भाडामा बस्दै आएको घर देउमाई खोलाले बगायो। घरबाट केही सामान निकाल्न पाएनन्। 'सामान र घर त बचेन। मानवीय क्षति नहोस् भनेर मान्छे बचाउनतिर लाग्यौं,' उनी भन्छन्, 'देउमाई उर्लिएपछि छिनभरमै सडकमा आइयो। अहिले छिमेकीको शरणमा छु।'

शनिबार राति ३ बजे एक्कासी गड्याङ गर्दै चट्याङ परेजस्तो भएपछि काफ्ले गाउँकै पारसमणि काफ्ले निद्राबाट ब्युँझिए। श्रीमती आफन्तको घरमा थिइन्। घरमा उनीसँगै साढे तीन वर्षको नातिनी, छोरा र बुहारी थिए। 'छोराबुहारीलाई बोलाएँ। झ्यालबाट बाहिर निस्किन भनेँ र सानो नातिलाई बाहिर झिकेँ,' पारसमणि त्यो कहालीलाग्दो रात सम्झन्छन्,' पानी परिरहेको थियो। घरदेखि केही पर कटेरो थियो त्यहाँ गयौं। धन्न बुहारीले फोन बोकेकी रहिछन्। त्यो फोनबाट दाइको छोरालाई फोन गरेर बोलाएँ। उसको घर गएर बस्यौं।' उनको परिवार अहिले दाइको घरमा छ। काफ्ले गाउँमा ६ घर थिए। पारसमणिको घर पहिरोले पुऱ्यो। अन्य घर पनि बस्नै नमिल्ने गरी थिलथिलो भएका छन्।

इलाम माडसेबुङ- १ खगेन्द्र योञ्जन शनिबार राति सुत्ने तरखरमा थिए। केही घण्टा जोडले पानी परेका कारण मनमा त्रास भने थियो। देउमाई खोलानजिकै घर भएका सन्तकुमार निदाउन सकेका थिएनन्। राति करिब ११ बजे देउमाई उर्लिएर आयो। देउमाई बस्तीमा पस्ने सम्भावना देखेपछि उनीसहित स्थानीय घरका सामान सार्न थाले। तर, छिनभरमै देउमाई कटान गर्दै बस्तीमा पस्यो। न त सामान नै रह्यो। न त घर नै।

देउमाईले घर नै बगाएपछि अहिले उनीसँग लगाएको कपडाबाहेक केही पनि रहेन। शनिबार रातभर जागराम बसेर नै बित्यो। अहिले उनी छिमेकीको शरणमा छन्। गजुरमुखीमा व्यापार-व्यवसाय गर्दै आएका योञ्जनको पक्की घर नै बगायो। 'हाम्रो करिब डेढ करोडको क्षति भएको छ,' उनी भन्छन्, 'अहिले हामी छिमेकीको शरणमा छौं। गजुरमुखीमा ठुलो क्षति भयो।' ०७८ सालदेखि नै देउमाई खोलाले कटान सुरु गरेको थियो। सरकारको बेवास्ताका कारणले क्षति हुन पुगेको उनी बताउँछन्। '०७८ सालदेखि नै कटान सुरु भएको थियो। हामीले स्थानीय तहदेखि संघसम्मका मान्छेलाई देखायौं,' उनी भन्छन्, 'कसैले वास्ता नगर्दा अहिले सबै बगायो। यहाँ तटबन्ध गरिदिएको भए अहिले हामी घरविहीन हुने थिएनौं।'

घरभित्र पसेको बाढी नघट्दा सप्तरीका बाढीपीडित त्रिपालमुनि



सप्तकोशी नदीको बाढीले विस्थापित भएर कोशी पश्चिमी तटबन्ध सडकमा त्रिपाल लगाएर बसेका हनुमाननगर कंकालिनी नगरपालिका- ७ सदा बस्तीका बासिन्दा। तस्बिर : नयाँ पत्रिका

राजविराजमा **सौरभ यादव**
वीरगन्जमा **तिवारी यादव**
संखुवासभामा **नवीन गुरुङ**

सप्तकोशीको बाढी घरमा पसेपछि शनिबार विस्थापित भएका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-७, सदा बस्तीका ३५ वर्षीय दिलीप मरिक चारजनाको परिवारसहित सडकमा त्रिपाल टाँगेर ओत लागेका छन्। 'सुतिरहेका वेला बाढी आयो। 'अन्न, ओढ्ने-ओछ्याउने केही जोगाउन सकिएन। त्रिपाल टाँगेर बसेका छौं, घर कसरी फर्किने बाढीले केही राखेको छैन,' उनले भने, 'कच्ची घरमा अझै चार फिटसम्म पानी छ। कति दिन सडकमा बास हुने हो, ठेगान छैन।'

सदा बस्तीकै बलदेव सदा पनि एक नाबालक नाति, पाँच छोराछोरी र श्रीमतीसहित सडकको छेउमा बस्न थालेको दुई दिन भएको छ। 'बाढीले कच्ची घरभित्र हिलो लगेर थुपारिदिएको छ। अहिले पनि पानी छ, बस्न सक्ने अवस्था छैन,' उनले भने।

४० वर्षीय गुदी राउत शनिबार साँझको बाढीले आफूहरू त्रिपालमुनि बसिरहेको र चिउरा, मुरही किनेर खाइरहेको बताए। 'हामीलाई कुनै सहयोग आएको छैन, पकाएर खाने अवस्था पनि छैन। चिउरा, मुरही किनेर खाइरहेका छौं,' उनले भने।

सदा बस्तीका डेढ सय घरमा पानी पसेपछि उनीहरू विस्थापित भएका हुन्। यी परिवार कोशी पश्चिमी तटबन्ध सडकमा त्रिपालमुनि बसिरहेका छन्। बाढीले कतिपयको अन्नपात पनि भिजाएको बलदेवले बताए। 'बाढी आउँदा बस्तीमा कम्मरसम्म डुबान भयो। बालबालिका र बुढापाकालाई सडकमा ल्यायौं,' उनले भने, 'त्रिपालमुनि जसोतसो बसिरहेका छौं। घरभित्रको हिलो सुकेपछि फर्कन्छौं।'

हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर वीरेन्द्र माझीले पालिकाका वडा ५, ७, १२, १३ का चार सय बाढीपीडित परिवारका लागि सामूहिक मेस चलाएर खानाको व्यवस्था गरेको बताए। 'अहिले खानाको व्यवस्था गरेका छौं, अब राहत बाँड्छौं,' उनले भने। उनका अनुसार घरभित्र अझै पाँचदेखि सात फिट पानी छ। पानी सुकेका घरमा पनि हिलो भरिएको छ।

सप्तकोशी, जिता नदी र त्रियुगा नदीको बाढी बस्तीमा पस्दा सप्तरीमा हनुमाननगर कंकालिनी र सप्तकोशी नगरपालिका तथा तिलाठी कोइलाडी गाउँपालिकाका करिब एक हजार घर परिवार विस्थापित भएका थिए। तर, तीमध्ये केही घर फर्किसकेको स्थानीय प्रशासनले जनाएको छ।

■ वीरगन्जका बाढीपीडित धर्मशालामा

सिर्सिया नदीको बाढीबाट विस्थापित भएका वीरगन्ज महानगरपालिका- ११, रानीघाट नदीछेउका ५० घरपरिवार नजिकैको धर्मशालामा बसिरहेका छन्। स्थानीय शान्तिदेवी डोमले शनिबारको वर्षापछि सिर्सिया नदीको पानी फुसको घरमा पसेपछि सुरक्षाकर्मीको आग्रहमा आफूहरू धर्मशालामा बस्दै आएको बताइन्। 'जग्गा छैन, भाडाको जग्गामा फुसको घर बनाएर बसिरहेका थियौं, बाढीले घरभित्रको सबै चिज लग्यो,' उनले भनिन्, 'अहिले त प्रहरी र स्थानीय जनप्रतिनिधिले खाना खुवाउँदै हुनुहुन्छ। घर फर्किएपछि के खाने चिन्ता छ।'

घरमा पानी पसेपछि सोही बस्तीकी ललसादेवी पनि पाँचजनाको परिवारसहित सार्वजनिक धर्मशालामा बस्दै आएकी छिन्। हरिन्द्रमली डोमले बाढीले घरमा रहेका खाद्यान्न, लत्ताकपडा, कागजात बगाएर लगेको बताए। पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पर्सामा बाढी र डुबानबाट प्रभावित पाँच सय घरपरिवार विद्यालय, धर्मशाला, क्लबका भवनमा बसिरहेको बताए।

■ खाँदबारी-किमाथांका सडक ठप्प

लगातार दुई दिन परेको वर्षाले संखुवासभाको विभिन्न ठाउँमा क्षति र भौतिक संरचना जोखिममा परेका छन्। पहिरोका कारण खाँदबारी-किमाथांका सडकखण्ड पूर्ण रूपमा ठप्प छ। मकालु गाउँपालिका- ३ एकुवा र भोटखोला गाउँपालिका- ४ बरुणनदीमा पहिरोका कारण सडक पूर्ण रूपमा अवरुद्ध भएको हो। वर्षाले सदरमुकाम खाँदबारीस्थित नेपाली सेनाको इन्द्रदल गुल्म र जिल्ला कारागार उच्च जोखिममा परेको छ। चैनपुर नगरपालिकामा रहेको नगर अस्पताल र धौरे बस्ती उच्च जोखिममा छन्। वर्षाले खाँदबारीस्थित नेपाली सेनाको इन्द्रदल गुल्मको केही भाग पहिरोको जोखिममा परेको छ। डाँडामा रहेको गुल्मको बाहिरी जमिनका भाग चिराचिरा पर्न थालेको गुल्मको भनाइ छ। खाँदबारीमा रहेको जिल्ला कारागारको करिब ३० मिटर लामो बाहिरी पर्खाल भत्किएको जेलर राजन घिमिरेले बताए। कारागारको तल्लो भागमा ठुलो पहिरो खसेपछि भवनसमेत जोखिममा परेको उनले बताए।

श्रमशोषण गरेको भन्दै मणिपालका नर्सहरू आन्दोलित

कास्की / श्रमशोषण गरेको भन्दै पोखरा महानगरपालिका- ११ फूलबारीस्थित मणिपाल शिक्षण अस्पतालमा कार्यरत नर्स आन्दोलित भएका छन्। उनीहरू शनिबार साँझदेखि आन्दोलित भएका हुन्। नर्सहरूले आफ्नो काम जारी राख्दै अस्पतालपरिसरमा प्लेकार्डसहित धर्ना र नाराबाजी गर्दै प्रदर्शन गरे। उनीहरूले 'हामीलाई न्याय दे, श्रमशोषण बन्द गर, हामी मेसिन होइन नर्स हौं' लगायतका नारा लगाएका थिए।

सरकारले श्रमिकका लागि तोकेको न्यूनतम पारिश्रमिक १९ हजार तीन सयसमेत नपाएको, यसअघि रहेको सात घण्टाको समय बढाएर काम गर्ने समय आठ घण्टा बनाएको, वार्षिक रूपमा पाउँदै आएको चाडपर्व बिदा, घर बिदा, बिरामी बिदालगायतका अन्य बिदा कटौती गरिएको भन्दै अस्पतालमा कार्यरत नर्सहरू आन्दोलित भएका हुन्। सरकारले श्रमिकहरूको न्यूनतम पारिश्रमिक १९ हजार तीन सय कायम गरे पनि अस्पतालले जम्मा १६ हजार दिने गरेको, सात घण्टाको कार्य समय ढेड महिनाअघि एक घण्टा बढाएर आठ घण्टा पुऱ्याएको, यसअघि वार्षिक रूपमा पाउँदै आएको बिदाहरू समेत अस्पताल प्रशासनले कटौती गरेकाले बाध्य भएर आन्दोलनमा उत्रनु परेको उनीहरूले बताए।

हेलिकोप्टरद्वारा गर्भवती महिलाको उद्धार

संखुवासभा / अत्यधिक रक्तस्राव भएपछि भोटखोला गाउँपालिका- ३ हङ्गुडकी ४२ वर्षीया छिटेक भोटेलाई हेलिकोप्टरद्वारा उद्धार गरी अस्पताल भर्ना गरिएको छ। उनको हाल विराटनगरको कोशी अस्पतालमा उपचार भइरहेको छ। आइतबार साँझ सुत्केरी बेथा लागेपछि हुङ्गुङ सामुदायिक स्वास्थ्य केन्द्रमा भर्ना गरिएको र अत्यधिक रक्तस्राव भएपछि राष्ट्रपति महिला हवाई उद्धार कार्यक्रमअन्तर्गत हेलिकोप्टरमा उद्धार गरी विराटनगर पठाइएको भोटखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फुर्पु भोटेले बताए। गर्भवती महिलाको ज्यानै जोखिममा परेपछि हेलिकोप्टरमा उद्धार गरिएको उनको भनाइ छ। छिटेक स्वास्थ्यकर्मी हुन्। उनी भोटखोला गाउँपालिकामा राष्ट्रिय सामुदायिक स्वास्थ्य स्वयंसेविका हुन्।

राप्ती स्वास्थ्य प्रतिष्ठानमा एक वर्षमा सवा दुई लाखले लिए उपचार सेवा

दाङ / दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सेवा लिने बिरामीको संख्या बढेको छ। आर्थिक वर्ष ०८१/८२ मा बहिरंग र अन्तरंग गरेर दुई लाख १८ हजार ७९ जनाले उपचार सेवा लिएका छन्। जसमा बहिरंगतर्फ दुई लाख चार हजार एक सय र अन्तरंगतर्फ १३ हजार नौ सय ७९ जना छन्। अघिल्लो आव ०८०/८१ मा बहिरंग र अन्तरंग गरी एक लाख ७६ हजार नौ सय ७४ जनाले सेवा लिएका थिए। जसमा बहिरंग सेवा एक लाख ६८ हजार पाँच सय २२ र अन्तरंग सेवा आठ हजार चार सय ५२ जना थिए। आव ०७९/८० मा बहिरंग र अन्तरंग गरेर एक लाख ६० हजार ६ सय ५८ जनाले सेवा लिएका थिए।

■ दलित बस्तीको घर तोडफोड र लुटपाट प्रकरण

वडाध्यक्ष यादवसहित १३ जनाविरुद्ध जाहेरी



इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले जाहेरीमा समेत नाम उल्लेख रहेका वडाध्यक्ष यादवसहित कामती र कलासलाई पक्राउ गरिसकेको र अन्यको खोजतलास र अनुसन्धान भइरहेको बताए।

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको कल्याणपुर नगरपालिका- ८ अरङ गाउँको दलित बस्ती तोडफोड र लुटपाट प्रकरणमा वडाध्यक्ष रामकिशोर यादव पक्राउ परेका छन्। स्थानीयले वडाध्यक्षसहित १३ जनाविरुद्ध जाहरी दिएपछि प्रहरीले यादवलाई पक्राउ गरेको हो।

गत शुक्रबार गुन्डागर्दी शैलीमा प्रहरीकै अगाडि घर तोडफोड गर्ने र लुटपाटमा संलग्न स्थानीय प्रभास सिंह, कलास सिंह, रामनारायण सिंह, मुस्तफा राइन, गणेश कामती र भिडलाई अन्यत्र बसेर उक्साएको आरोप लागेका वडाध्यक्ष यादवसहित १३ जनाविरुद्ध प्रहरीमा किटानी जाहेरी परेको हो। पीडितहरूले इलाका प्रहरी कार्यालयमा आपराधिक उपद्रवसम्बन्धी जाहेरी दिएको बताए।

इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक राजेशराज पुरीले जाहेरीमा समेत नाम उल्लेख रहेका वडाध्यक्ष यादवसहित कामती र कलासलाई पक्राउ गरिसकेको र अन्यको खोजतलास र अनुसन्धान भइरहेको बताए।

करिब ६ दशकदेखि सार्वजनिक पोखरीको डिलमा झुपडी बनाएर बसोवास गर्दै आएका पासमान समुदायका दलितहरूको उठीबास गराउन कांग्रेसबाट वडाध्यक्ष जितेका यादवले केही दिनअघि वडाबाट सिफारिससमेत दिएको बताइएको छ। 'सार्वजनिक पोखरीको डिल खाली गराउन भनेर वडाले सिफारिस दिएको भर्खरै सुन्यौं, तर अहिलेसम्म कसैले पनि त्यो विषयमा भनेका थिएनन्,' ५४ वर्षीय राजकुमार पासमानले भने, 'दलितलाई जे गर्दा पनि हुन्छ भन्ने सामन्ती सोचका कारण मेलामा भएको सामान्य विवादको निहुँमा हाम्रो झुपडी तोडफोड र लुटपाट गरियो।'

गत १ असोजमा गाउँमा ल्याइएको आर्केस्ट्रामा मदिरा सेवन गरेर पुगेका स्थानीय प्रभाससिंह राजपुतसँग दलित युवाहरूको सामान्य विवाद भएपछि उनले बस्ती उठाइदिन्छु भन्दै धम्क्याएको पीडित बताउँछन्। त्यसलगत्तै कल्याणपुर प्रहरीमा ३ असोजमा शान्ति-सुरक्षाको माग गर्दै पीडितहरूले निवेदन दिएका थिए। १२ असोजमा राखिएको छलफल स्थगित भएपछि २१ असोजका लागि तोकिएको स्थानीय सोभित पासमानले बताए।



रामकिशोर यादव, वडाध्यक्ष

स्थानीय प्रभास सिंह, नितेश सिंह, सलेन्द्र सिंह, राजकुमार सिंह, मुस्तफा राइन, रामनारायण सिंह, लक्ष्मी सिंहलगायत २०-२५ जनाको समूहले दलित बस्तीका घर तोडफोड गर्नुका साथै घरमा रहेका सामान, सुनचाँदी, नगद लुटेर लगेको पीडितहरूको आरोप छ। युवाहरूको समूहले राजकुमार पासमान, सोभित पासमान, रासलाल पासमान, बिन्दे पासमान र अशोक पासमानको घर तोडफोड गर्दै घरआँगनमा रहेको केरा, कागती, आँप, अम्बाका बोट भाँच्नुका साथै सुनचाँदीका गहना, नगद, अनाज फर्निचर लुटपाट गरेर लगेका थिए।

चार दिनपछि बस्तीमा जनप्रतिनिधि

बस्ती तोडफोड र लुटपाट भएको चार दिनपछि सोमबार कार्यवाहक नगरप्रमुख रेखाकुमारी यादवले पीडितहरूसँग भेटघाट गरेकी छिन्। भेटघाटपछि यादवले बसोवासका लागि पालिकाले सघाउने आश्वासन दिएको पीडितहरूको भनाइ छ। त्यसअघि शनिबार प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी र जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्मासहितको टोली बस्ती पुगेको थियो। बस्तीको स्थलगत अनुगमन र पीडितहरूसँग कुराकानीसँगै जिल्ला सुरक्षा समितिबाट पाँच पीडित परिवारलाई कम्बल, झुल र त्रिपाल दिइएको प्रहरी प्रमुख शर्माले बताए। घर तोडफोडलगत्तै दुई दिनसम्म लगातार परेको वर्षामा भत्किएकै घरमा त्रिपाल हालेर बालबालिका, वृद्धवृद्धाले जसोतसो रात काट्दै आएको पीडित ६५ वर्षीया दुखनीदेवी पासमानले गुनासो गरिन्। 'घरमा भएको अन्नपातसमेत लुटेर लगेकाले एकछाकसमेत राम्ररी खान पाएका छैनौं,' उनले भनिन्।

हरेक परिवर्तनमा युवा, तर अवसरमा वृद्ध

जबसम्म आन्दोलनमा बलिदान गर्ने युवा र युवा सोचले देश कब्जा गर्दैन र चलाउँदैन, तबसम्म इतिहासको पुनरावृत्ति भइरहने देखिन्छ



● राजेश विद्रोही

अग्रलेख

नेपालको राजनीतिक परिवर्तनको इतिहास पल्टाउने हो भने यहाँ बारम्बार देखिने एउटा साझा पहिचान हो- युवा पुस्ताको अविरल सहभागिता, निरन्तर त्याग, तपस्या, वीरता र बलिदान। शासनसत्ता, समय र परिस्थिति फरक भए पनि देशको निर्णायक मोडमा युवा कहिल्यै पछाडि परेनन्। उनीहरू कहिले आफ्ना अधिकारका लागि, कहिले समग्र समाजको रुपान्तरणका लागि त कहिले शैक्षिक सुधारका लागि सडकमा उत्रिए। परिणामका हिसाबले उपलब्धि आंशिक भए पनि प्रत्येक आन्दोलनले समयको सोच, सत्ता संरचना र जनभावनामा गहिरो छाप छोड्यो पनि। तर, कुनै पनि परिवर्तनले सर्वसाधारणको जीवनलाई सम्बोधन गर्न सकेन। रूपमा परिवर्तन देखिए पनि सारमा जनजीवनमा ठुलो परिवर्तन दिन नसक्दा निरन्तर सत्ता सरकारविरुद्ध आन्दोलन र विद्रोह हुँदै आए। अर्थात्, हरेक आन्दोलनले व्यवस्थाहरू निरन्तर बदले पनि अवस्थामा भने तात्विक फरक ल्याउन सकेको छैन। सामाजिक परिस्थितिअनुसार नै ढल्कुराम हुँदै आएको छ। जसले आमूल परिवर्तनका लागि पटक-पटक विद्रोह र आन्दोलन जन्माएको छ।

■ राणाकालदेखि पञ्चायतसम्मको प्रतिरोध

वि.सं. १९९७ को प्रजातन्त्रको पहिलो बिगुल चार साहसी युवाको बलिदानबाट सुरु भयो। उनीहरूले जीवन आहुति दिएर सुरु गरिएको त्यो विद्रोहले २००७ सालमा राणा शासनलाई ढाल्दै नेपालमा बहुदलीय लोकतन्त्रको ढोका खोल्यो। युवाको रक्त र बलिदानको ऊर्जा त्यतिमै सीमित रहेन। २०१७ मा राजा महेन्द्रले बिपी कोइरालाको जननिर्वाचित सरकार अपदस्थ गरी पञ्चायती निरंकुशता थोपरेपछि फेरि नयाँ पुस्ता उठ्यो र पञ्चायत ढाल्यो। २०३६ सालको विद्यार्थी आन्दोलन यसको प्रतीक हो। शैक्षिक मागका रूपमा सुरु भएको आन्दोलन क्रमशः पञ्चायतविरोधी राजनीतिक हुरीमा परिणत भयो। विश्वविद्यालयका प्राङ्गणबाट सुरु भएको यो आन्दोलनले राजालाई जनमत संग्रह घोषणा गर्न बाध्य पाऱ्यो। परिणामतः बहुदल तत्काल नफर्किए पनि पञ्चायती संरचनाको जरा हल्लाउने बिउ यहीँ रोपियो।

युवा ऊर्जाको अर्को ठुलो उदाहरण २०४६ को जनआन्दोलन पनि हो। गाउँ-सहरका हजारौँ युवाले संगठनको अगुवाइमा सडक ततायए। जेल, लाठी, गोलीको सामना गर्दै उठेको जनशक्ति अन्ततः बहुदलीय प्रजातन्त्र पुनर्स्थापित गर्न सफल भयो। यस चरणमा विद्यार्थी संगठन, कांग्रेस-कम्युनिस्टको युवा मोर्चा र स्वतन्त्र पेसागत समूह सबै एकजुट भए। सत्ता फेरियो, संविधान बन्यो तर जनअपेक्षाअनुसारको संस्थागत सुधार भने अपुरो नै रह्यो।

■ ०६२/६३ को लोकतान्त्रिक आन्दोलन र मधेश विद्रोह

दुई दशकपछि ०६२/६३ को दोस्रो जनआन्दोलनमा युवा शक्ति अझ व्यापक र विविध रूपमै उत्रियो। माओवादीको सशस्त्र युद्ध र सात दलको राजनीतिक गठबन्धनबिचको सहकार्यसँगै काठमाडौं उपत्यका र देशभर लाखौँ जनसागर उर्लियो। राजतन्त्रको २३८ वर्ष लामो शासन पखाल्ने ऐतिहासिक परिणाम ल्याउन युवाको योगदान निर्णायक रह्यो। यही आन्दोलनले संविधानसभाको मार्ग प्रशस्त गऱ्यो। यद्यपि, त्यसपछिका वर्षमा दलगत स्वार्थ र नेतृत्वको अकर्मण्यताले युवाको आशा फेरि क्षीण भयो।

२०६३ पछि मधेशमा सल्किएको असन्तोषको केन्द्रमा पनि युवा पुस्ता नै थिए। पहिलो मधेश आन्दोलनमा ५४ जनाले ज्यान गुमाए। हजारौँ घाइते भए। पहिचान, संघीयता र समानुपातिक प्रतिनिधित्वका मुद्दा लिएर सडकमा उत्रिएका ती युवाले २२ बुँदे सहमतिमार्फत संघीयताको ढोका खोल्न सफल भए। तर, उपलब्धि भने आंशिक नै रह्यो। दोस्रो र तेस्रो मधेश आन्दोलनसम्म जाँदा राजनीतिक दलभित्रको फुट, सत्ता-लोभ र केन्द्रीकृत मानसिकताले प्रारम्भिक सपना धमिल्यायो। प्रदेश सरकार गठन भए पनि अधिकार सीमित बनाइयो। आज संघीयता खर्चिलो भड्किलो भन्ने बहसमा उभिँदा मधेश आन्दोलनको बलिदान स्मरण गर्दा स्पष्ट हुन्छ, युवाको त्यागले संरचना बदले पनि नीति र व्यवहारको स्तरमा समानता अझै दूरको सपना छ।

■ जेन-जी आन्दोलन र डिजिटल पुस्ताको विद्रोह

अहिले (२०८२) भएको जेन-जी आन्दोलनले नेपालको आन्दोलन-इतिहासमा नयाँ अध्याय थप्यो। यो कुनै दलको आह्वानबाट होइन, सामाजिक सञ्जालको निःशब्द तरंगबाट सुरु भयो भने बेथिति र भ्रष्टाचार, कुशासन र अस्थिर सरकार, असमानता र पुरानो राजनीतिक संस्कृतिविरुद्धको यो विद्रोह भर्चुअल प्लेटफर्म डिस्कोर्डदेखि माइतीघरको सडकसम्म फैलियो। यस आन्दोलनले केही अनौठा तथ्य उजागर गऱ्यो, नेतृत्वविहीन तर संगठित, फेसबुक, ट्विटर, डिस्कोर्डमार्फत साझा एजेन्डा तय भयो। पुस्तागत धारणा पल्टियो, मोबाइलमा मात्र रमाउने, विदेश जाने भनेर आलोचित जेन-जी पुस्ताले राजनीतिक चेतना र देशप्रतिको प्रतिबद्धता देखायो। तिनले व्यवस्थाप्रति सीधा प्रश्न गरे र भने- करको पारदर्शिता, शिक्षाको स्तरोन्नति, रोजगारी सिर्जनाजस्ता व्यावहारिक माग अगाडि ल्याए।

विद्यालय पोसाकमै गोली लागेका युवाको तस्बिरले आन्दोलनलाई निर्णायक उचाइमा पुऱ्यायो। सरकारको सामाजिक सञ्जाल प्रतिबन्धको प्रयासले आगोमा घिउ थप्यो। परिणामतः अन्तरिम सरकार गठन भयो। भ्रष्टाचारविरुद्ध छानबिनको दबाब बढ्यो। तर, आन्दोलनकै प्रतिनिधि सरकार/क्याबिनेटमा युवा समावेश नगर्नु, दीर्घकालीन नीति निर्माणमा ढिलाइ हुनु निराशाको कारण बनेको छ। साझा रेखा कोरेको आन्दोलनको उपलब्धि आंशिक, तर युवा चेतनामा यसले फरक खालको गहिरो प्रभाव पारेको छ।

> जेन-जी होस् वा भोलिको अर्को पुस्ता, उनीहरूको विद्रोह केवल सत्ता परिवर्तनमा होइन, सुशासन र समानताको स्थायी संरचना निर्माणमा रुपान्तरण हुनुपर्छ र सत्ताका अवसरमा पनि उनीहरूकै बलियो उपस्थिति देखिनुपर्छ।

यी सबै आन्दोलनलाई एउटै सूत्रले बाँध्छ, युवाको अग्रपंक्ति। तर, अर्को साझा पक्ष पनि छ, अपूर्ण उपलब्धि। १९९७ र २००७ को विद्रोहले राणा शासन ढाल्यो तर सामन्तवादी संस्कार मेटेन। २०३६ को विद्यार्थी आन्दोलनले पञ्चायत हल्लायो तर बहुदल तत्काल फर्केन। २०४६ को जनआन्दोलनले प्रजातन्त्र ल्यायो तर सुशासनको प्रत्याभूति भएन। २०६२/६३ को जनआन्दोलनले गणतन्त्र दियो तर दलगत भ्रष्टाचार मौलायो। मधेश आन्दोलनले संघीयता ल्यायो तर प्रदेशका अधिकार सीमित रहे। अहिलेको जेन-जी सहरिया युवा विद्रोहले शासनलाई जवाफदेही बनायो तर स्थायी नीति-संरचना अझ अपूरो नै छ। यसरी हेर्दा प्रत्येक लडाइँले संरचनागत ढोका खोलेको छ तर संस्थागत स्थायित्व र समानताको लक्ष्य अधुरो छ।

■ अन्त्यमा

अहिलेको ठुलो प्रश्न के हो भने सडकको आवाजलाई कसरी संस्थागत प्रक्रियामा रुपान्तरण गर्ने ? जेन-जीले लोकतान्त्रिक मूल्यलाई अस्वीकार नगरी विद्रोह गरेको तथ्य उत्साहजनक छ। यिनले सेना, राजा वा अधिनायकको नारा उठाएनन्। बरु संविधान र गणतन्त्रलाई नै जोगाउने प्रयत्न गरे। यही चेतनाले भविष्यमा पनि राजनीति शुद्धीकरणतर्फ धकेल्न सक्छ। तर, खतराको पक्ष पनि नदेखिने होइन। नेतृत्वविहीन आन्दोलनमा भिडको मनोविज्ञान सजिलै अराजक बन्छ। सामाजिक सद्भाव खल्बल्याउने सम्भावना उत्तिकै हुन्छ। त्यसैले अबको चरण हो, डिजिटल र सडकको शक्ति निर्वाचन र नीतिगत सुधारमा परिणत गर्नु। ८५ वर्षअघि बलिदान दिएका युवादेखि आजका डिजिटल विद्रोहीसम्मको कथाले एउटै सन्देश दिन्छ, देशको भविष्य युवाको काँधमा छ। तर, इतिहासले सिकाउँछ, केवल विद्रोहले मात्र मुक्ति सम्भव हुँदैन, उपलब्धि टिकाउन संस्थागत सुधार, पारदर्शिता र जिम्मेवारी पनि अनिवार्य छ।

युवाको ऊर्जा, सिर्जनशीलता र साहसले बारम्बार सत्ता त बदलिदियो। तर, सत्ताको केन्द्रमा बसेर सम्पूर्ण राज्यसत्ता र अवसरमा हालीमुहाली भने भिजनविहीन एवं ऊर्जाहीन वृद्ध पुस्ताले गरिरहयो। त्यसैले, अब चुनौती छ शासनको संस्कार बदल्न। यदि पुरानै घेरामा युवाले फेरि-फेरि सडकमा आउनुपर्ने हो भने त्यो केवल पुरानो असफलताको पुनरावृत्ति हुनेछ। त्यसैले जेन-जी होस् वा भोलिको अर्को पुस्ता, उनीहरूको विद्रोह केवल सत्ता परिवर्तनमा होइन, सुशासन र समानताको स्थायी संरचना निर्माणमा रुपान्तरण हुनुपर्छ र सत्ताका अवसरमा पनि उनीहरूकै बलियो उपस्थिति देखिनुपर्छ। नेपालको इतिहासको धड्कन यही हो, युवा जाग्दा मात्र देश अगाडि बढ्छ। तर, जागरणलाई परिणाममा बदलेर स्थायित्वमा पुऱ्याउने जिम्मेवारी पनि त्यही पुस्ताको काँधमै छ। जबसम्म युवा र युवा सोचले देश कब्जा गर्दैन र चलाउँदैन, तबसम्म इतिहासको पुनरावृत्ति भइरहने देखिन्छ। यसर्थ, अब जाग युवा। जेन-जी मात्र होइन्, जेन-एक्स र जेन-वाई पनि जाग।



युवाको ऊर्जा, सिर्जनशीलता र साहसले बारम्बार सत्ता त बदलिदियो। तर, सत्ताको केन्द्रमा बसेर सम्पूर्ण राज्यसत्ता र अवसरमा हालीमुहाली भने भिजनविहीन एवं ऊर्जाहीन वृद्ध पुस्ताले गरिरहयो।

---

३ प्रश्न

जेन-जी आन्दोलनकी एक अगुवा **रक्षा बम**लाई



अहिले सामाजिक सञ्जालमा जेन-जीले तत्कालीन प्रधानमन्त्री र तत्कालीन गृहमन्त्री पत्काउको माग गरेका छन्। यसअघि पार्टीहरूले कोटाबाट नियुक्त गरेका न्यायाधीश र अख्तियार प्रमुख बर्खास्तीका माग पनि आएका थिए, यी कति सम्भव होलान् ?

पछिल्लो समय सामाजिक सञ्जालमा चलेको जुन अभियान छ, त्यो आन्दोलनकै म्यान्डेटअनुरूप छ। यी वर्तमान सरकार गठन भएदेखिकै माग हुन्। अहिलेको प्रतिपक्ष भनेको हामी आन्दोलनकारी समूह हौं। त्यस हिसाबमा आन्दोलनका घाइते र मृतकका परिवारले न्याय पाउनुपर्छ भनेका हौं। जहाँसम्म, आठबुँदाको कुरा छ, त्यो हामीभन्दा फरक जेन-जी समूहले ल्याएका हुन्।

तपाईंहरूभित्र ठुलो विभाजन छ भनिन्छ नि ?

धेरै समूह भएकाले फरक-फरक विचार आउने भइहाले। तर, माग राख्दा, त्यो कानुनी रूपमा सम्भव छ कि छैन पनि हेर्नुपर्छ। लोकतन्त्रमा हरेक विषय खुला छलफलका लागि बाहिर ल्याउन सकिन्छ। तर, अहिले हामी आन्दोलनको म्यान्डेट र हाम्रो बटमलाइनकेन्द्रित हुनुपर्ने वेला हो। त्यो भनेको, हिजो दमन गर्ने सरकारी पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउने, भ्रष्टचार काण्डको अनुसन्धान सुरु गर्नुपर्ने र पुराना फाइल खोल्नुपर्छ भन्ने माग हुन्। केही साथीले अहिलेको सरकार नै संविधानबाहिरबाट बनेकाले संविधानबाहिर गएर पनि माग कार्यान्वयन गरिनुपर्छ भनिरहेका छन्। तर, अहिलेकी प्रधानमन्त्री सुशीला कार्की राष्ट्रपतिद्वारा संविधानमै टेकेर चयन भएकी हुन्। भलै यो एकपक्षीय नभएर त्रिपक्षीय सहमतिमा भयो होला। यो जेन-जी, सेना र राष्ट्रपतिबिचको त्रिपक्षीय सहमतिमा गठन भएको सरकार हो। यो केही हदसम्म 'नन-कन्स्टिट्युसनल' होला। तर, 'अन-कन्स्टिट्युसनल' होइन। अहिले संविधानअन्तर्गत पूरा नहुने मागले 'प्यान्डोरा बक्स' खुल्ला कि भन्ने डर पनि छ।

माग पूरा नभए फेरि आन्दोलन गर्ने चेतावनी पनि जेन-जीले दिएको छ, त्यसको सम्भावना कत्तिको छ ?

हामीले प्रतिपक्षका रूपमा राखेका मागलाई सरकारले गम्भीरतापूर्वक लिएकाले फेरि आन्दोलनको कुरा आउँदैन। हामी अराजकको मार्गमा नभई कानुनसम्मत मार्गमा अघि बढ्नुपर्छ। हामी खबरदारी गर्न प्रतिबद्ध छौं।

प्रेरक प्रसंग

बालक र पुतलीको कोकुन

एकपटक एउटा बालक पुतलीको बच्चा कोकुनबाट बाहिर निस्किन खोजेको मोहक दृश्य हेरिरहेको थियो। तर, त्यो सानो पुतलीले कोकुन फुटाउन सकेन र कोकुनमै अड्किरहयो।

पुतलीको अवस्था देखेर त्यो बालक निकै दुःखी भयो। उसले पुतलीलाई असर नपर्ने गरी आफैंले त्यो कोकुन फुटाइदियो। उसको प्रयासपछि कोकुन फुट्यो र त्यो सानो पुतली पनि बाहिर निस्क्यो। यो देख्दा ऊ निकै खुसी भयो। उसले पुतलीलाई घरमा लगेर सुरक्षित राख्यो। ऊ व्यग्रतापूर्वक पुतली उड्ने दिनको पर्खाइमा बस्यो। तर अपसोच, त्यो सानो पुतलीका पखेटै पलाएनन्। परिणामतः ऊ कहिल्यै उड्न सकेन, घम्रिएरै यताउता हिँडिरहयो।

वास्तवमा सो बालकले पुतलीको पीडा देख्न नसकेर उसलाई सजिलो र राम्रो जीवन दिने प्रयास गऱ्यो। तर, उसैका कारण उडेर संसार चहार्नुपर्ने पुतलीको जीवन घम्रिएरै बित्यो। पुतलीले कोकुनबाट निस्किनुअघि आफ्नै संघर्षबाट पखेटा निकाल्छ, सो कोकुन फुटाउँछ र रमाउँदै उड्छ। बालकले कोकुनबाट बाहिर निकालिदिएपछि उसले पखेटा उमार्ने मौका पनि पाएन र उड्न पनि सिक्न सकेन।



हामी सबै सजिलो खोज्छौं। आफ्ना बालबालिकालाई हरसम्भव सजिलो वातावरण दिन चाहन्छौं। पखेटा फिँजाएर उड्ने क्षमता भएका सन्तानलाई हामी परजीवी बनाउँदै छौं। परिणामतः सो पुतलीजस्तै हाम्रा सन्तान पनि पखेटा उम्रिन नसकी घम्रिरहेका छन्। हामीचाहिँ उनीहरूलाई सुविधा जुटाइदिएकोमा मख्ख छौं।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अब यस्तो नहोस् !

भदौ २३ र २४ गते भएको आन्दोलनमा देशले न्यूनतम एक खर्ब ८० अर्बको क्षति व्यहोर्नुपरेको रिपोर्ट आइरहेका छन्। त्यस्तै ७६ जना मानिसको ज्यान गइसकेको छ। सात सालको क्रान्तिपछि भएका कुनै आन्दोलनमा सार्वजनिक र निजी सम्पत्तिको यति ठुलो क्षति भएका थिएनन्।

यो घटनाले माओवादी सशस्त्र द्वन्द्वको स्मरण गराएको छ। २०५२ माघ २२ गते तत्कालीन नेकपा संयुक्त जनमोर्चाको तर्फबाट बाबुराम भट्टराईले प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे ज्ञापनपत्र पेस गरेका थिए। तर, यस ज्ञापनपत्रलाई देउवाले बेवास्ता गरेकाले सरकारविरुद्ध सुरु भएको युद्ध दश वर्षभन्दा बढी चल्यो। युद्धमा १७ हजारभन्दा बढी मानिसले ज्यान गुमाए। भौतिक पूर्वाधारको क्षति ठुलो मात्रामा भयो। जनजीवन कष्टकर बन्यो।

दुवै अवस्थामा तत्कालीन सरकारले संवेदनशील भएर वार्ताको पहल गरेको भए यति धेरै क्षति हुने अवस्था नै आउने थिएन। हरेक सरकारले जनताका मौलिक हक अधिकार संरक्षण गर्न र आधारभूत आवश्यकता पूरा गर्न समयमै चासो देखाउनु जरुरी हुन्छ। सरकारमा हुनेले विपक्षीको माग र राय सुझाव पनि मनन गर्नुपर्ने हुन्छ। बहुमतको दम्भ गरेर अघि बढ्न खोज्दा स्थिति भयावह बन्न पुग्छ। विगतबाट पाठ सिकेर अब जेन-जी आन्दोलन, माओवादी युद्धजस्ता घटना नदोहोरिऊन्।

● **नवराज न्यौपाने 'मौन'**, तनहुँ

सेनाको भूमिकामा प्रश्न

अहिले आन्दोलनपछि सेनाको भूमिकामाथि प्रश्न उठ्न थलेको छ। हुन पनि भदौ २४ पछि सेनाले राजनीतिक भूमिका खेलेजस्तो देखिएको थियो। सेनाले आन्दोलनकारीसँग वार्ता गरिरहेको बताइरहँदा बाहिर केही सूचना ल्याइएन। मानिसमाझ विभिन्न शंका-उपशंका उब्जिएका थिए। सेनाले भ्रष्ट नेतालाई देखाएर कतै शासन हातमा लिन खोजेको त होइन भन्नेसम्म प्रश्न उठ्यो। ख्याल गर्नुपर्ने कुरा, अहिले सेनाको जे-जति आलोचना भइरहेको छ, त्यो सेनाप्रति नभएर सेनाले भदौ २३ पछि खेलेको राजनीतिक भूमिकामाथि मात्र भएको हो।

● **पूर्णिमा घले**, काठमाडौं

पदलोलुप नेता

जेन-जी आन्दोलनले ओली र देउवामा चेत नपलाए पनि माओवादी अध्यक्ष प्रचण्ड र नेसपा नयाँ शक्तिका नेता बाबुराममा भने चेत पलाएको देखियो। उनीहरूले नेतृत्व त्यागेर उदाहरणीय काम गरे। तर, ओली र देउवा पदलोलुप देखिए। आफ्नै कारणले देश खरानी हुँदासमेत ओली र देउवामा अलिकति पनि लज्जाबोध देखिएन। देशमा यति ठुलो उथलपुथल हुँदासमेत नेताहरूको मति नसुध्रिनु दुःखद हो। युवालाई नेतृत्व हस्तान्तरण गरेर आफ्नो प्रतिष्ठा जोगाउने सोच उनीहरूमा आएन। पार्टीलाई माथि लान पनि तपाईंहरूको राजीनामा अनिवार्य छ।

● **गोपाल देवकोटा**, काठमाडौं

बन्दी फर्काऊ

भदौ २४ मा कारागारबाट भागेका कैदीबन्दीलाई कारागार प्रशासनले फर्कन दिएको अन्तिम म्याद सकिएको छ। अब नफर्किने कैदी पक्राउ परे उनीहरूको जेल सजाय थपिने भएको छ। असोज १० मा गृह मन्त्रालयको बैठकले असोज २० सम्म कैदी फर्किए सजाय थप नहुने निर्णय गरेको थियो। तर, भागेका करिब १४ हजार कैदीमध्ये अझै आधा जेलबाहिरै रहेछन्। अब पक्राउ पर्नेविरुद्ध नियमअनुसार ५० प्रतिशतसम्म सजाय थप हुने रहेछ। सरकारले कडाइसाथ लागू गरे बाँकी कैदीबन्दी पक्राउ नपर्ने कुरा छैन। बन्दी पक्रन सरकार थप कडा रूपमा प्रस्तुत हुनुपर्छ।

● **नरेश साह**, महोत्तरी

प्रेरणादायी चीनको उच्च गतिको रेलवे क्रान्ति

उच्च गतिको रेलसेवाको विशाल सञ्जालमार्फत चीन यस युगान्तकारी प्रविधिलाई नै आकार दिने स्तरमा पुगेको छ



देश/विदेश

● डेभिड डोडवेल

आजभन्दा दुई सय वर्षपहिले सेप्टेम्बर २७ मा पहिलो यात्रुवाहक रेल चलेको थियो। त्यस दिन सर्यौं यात्रुले उत्तरपूर्वी इंग्ल्यान्डको कोइलाखानी सहर सिल्डनबाट डार्लिङ्टन हुँदै स्टकटन बन्दरगाहसम्म २६ माइल यात्रा गरेका थिए। जर्ज स्टिफनसनले बनाएको बाफबाट चल्ने 'लोकोसन नम्बर १' नामक रेलको गति २४ किलोमिटर प्रतिघण्टा थियो। पछिल्लो दुई सय वर्षको अवधिमा रेलसेवामा धेरै विकास भइसकेको छ। आज, हरेक वर्ष संसारभर २० अर्ब टिकट काटिन्छ भने करिब ६ अर्ब टन माल ढुवानी हुने गर्छ।

रेलसेवाको कुरा गर्दा विश्वमा सबैभन्दा ठुलो प्रगति चीनको रेल प्रणालीमा देखिन्छ। निश्चित रूपमा सुरुमा जापानको सिन्कानसेन रेलसेवाले रेलयात्रालाई गति, विलासिता र विश्वसनीयताको पर्यायवाची बनाउने काम गऱ्यो। तर, पछिल्लो समय चीनको रेलसेवामा आएको क्रान्ति विशिष्ट छ र अद्वितीय देखिन्छ। चीनमा देखिएको परिवर्तन केवल १७ वर्षभित्रै भएको हो। चीनको पहिलो उच्च गति (हाई-स्पिड)को रेलमार्ग सन् २००८ मा ११७ किलोमिटर लम्बाइको बेइजिङ-टियानजिनबिचको लाइनबाट सुरु भएको थियो। यी दुई सहरबिचको यात्रा अवधि अहिले ३० मिनेट मात्र छ।

चीनको यात्रुकेन्द्रित रेलसेवाले घरेलु पर्यटनलाई नै रुपान्तरण गरिदिएको छ। गत वर्ष झन्डै चार अर्ब टिकट काटिएको थियो। जबकि, यही अवधिमा विश्वको सबैभन्दा ठुलो अमेरिकी रेल प्रणालीमा जम्मा तीन करोड ३० टिकट काटिए। मुख्यतः सामान ढुवानीमा समर्पित भएकाले यति न्यून यात्रुले सेवा लिएको हुन सक्छ।

चीनको तीव्र गतिको रेल क्रान्तिमा सरकारले सर्यौं अर्ब अमेरिकी डलर खर्च गरेको छ। रेलको ठुलो सञ्जालको रेलसेवाले चीनको घरेलु हवाई यात्रा घटाउनुको सट्टा पुनः आकार दिइरहेको 'सिरियम एसेन्ड कन्सल्टेन्सी'का विश्लेषक स्कट झाओको ठम्याइ छ। अनुसन्धानले चीनमा ८०० किलोमिटरभन्दा कम दूरीको यात्रामा उच्च गतिको रेलको प्रभुत्व रहेको र अन्तर्राष्ट्रिय उडानका अतिरिक्त ८०० किलोमिटरभन्दा लामो दूरीको यात्रामा भने वायुसेवाकै प्रभुत्व रहेको देखाउँछ।

चीनको उच्च गतिको रेल सस्तो मात्र छैन, यसले धेरै समय बचत गर्छ। परामर्शदाताका अनुसार चिनियाँ रेलवे स्टेसनहरू सामान्यतया नियमित यात्रुको घरबाट १०-१५ किलोमिटर टाढा हुन्छन्। जबकि, विमानस्थलहरू औसत २५-४० किलोमिटर टाढा हुन्छन्। विमानस्थलमा उच्च सुरक्षाले विमान चढ्ने र ओर्लने प्रक्रियालाई ढिलो बनाउँछ, जुन झन्झट रेलमा देखिँदैन।

चीनमा रेलयात्राको रेकर्ड पनि निकै राम्रो देखिन्छ। जस्तो, सबै देशमा जस्तो विमानको उड्ने समयतालिका निश्चित हुँदैन। उडानहरू प्रायः खाराब मौसमले प्रभावित हुने गर्छन्। यसले गर्दा उडान पटक-पटक 'डिले' हुँदा उडान अवधिभन्दा लामो समय विमानस्थलमै पर्खाइमा बित्ने गर्छ। उत्तरी चीनको अस्थिर मौसम रहेको क्षेत्रमा यो झन् बढी हुने गर्छ। तर, विमानमा भन्दा बढी समय लाग्ने भए पनि समयमै छुट्ने भएकाले व्यवहारमा भने रेल यात्रा बढी समयनिष्ठ हुने गर्छ। विशेषतः प्रमुख सहरहरू जोड्ने रेल छुट्ने र आगमनको समय थप सटिक देखिन्छ।



फोटो क्रेडिट : ब्रिक्सस्विडेन

चीनमा उच्च गति रेलसेवामा भएको क्रान्ति अन्य देशको तुलनामा के कुराले भिन्न छ त ? रेल सञ्जाल देशका सर्यौं प्रमुख सहरसम्म पुऱ्याइएकाले निश्चित रूपमा यसको विस्तार व्यापक छ। चीनमा १० लाखभन्दा बढी जनसंख्या भएका कम्तीमा ६५ सहर छन्। जबकि, यो संख्या जापानमा १३, संयुक्त राज्य अमेरिकामा ११, फ्रान्समा ६, बेलायतमा चार र स्पेनमा दुई सहर छन्। यसबाहेक, चीनको विशाल १.४ अर्ब जनसंख्या सम्पन्नशाली बन्दै गएकाले तिनमा सुविधासम्पन्न यात्राको चाहना बढ्दै गएको छ।

चीन उच्च गतिको रेल सञ्जालको लम्बाइको हिसाबमा विश्वमै पहिलो स्थानमा छ, जहाँ कुल रेलमार्गको लम्बाइ ४८ हजार किलोमिटर पुगिसकेको छ। दोस्रो स्थानमा रहेको स्पेनको उच्च गतिको रेल सञ्जाल धेरै पछाडि अर्थात् करिब तीन हजार ९९३ किलोमिटर छ। त्यसपछि जापान र फ्रान्सले रेलमार्गको लम्बाइ क्रमशः तीन हजार १४७ किलोमिटर र दुई हजार ७६० किलोमिटर छन्। सन् २००७ देखि निर्माण सुरु भएको बेलायतको एचएस १ रेलमार्ग १०९ किलोमिटरको लम्बाइमा पुगेर अड्किएको छ। अमेरिकामा यात्राका लागि अझै कार र हवाई यात्रा नै लोकप्रिय हुँदा त्यहाँको रेलसेवा माल ढुवानीमै केन्द्रित छ। त्यसैले, त्यहाँ मानिसले एम्ट्राक रेलभन्दा बरु 'ग्रेहाउन्ड बससेवा'कै चर्चा बढी सुनेका हुन्छन्। जहाँसम्म भारतको कुरा छ, त्यहाँ ६८ हजार किलोमिटरको पुरानो खालको सुस्त गतिको रेल सञ्जाल छ। भर्खरै जनसंख्यामा चीनलाई उछिनेको भारतमा १० लाखभन्दा बढी मानिस भएको सहर कम्तीमा ४० वटा छन्। अहिले नै भारतमा प्रतिवर्ष आठ अर्ब टिकट काटिन्छ। भारतमा उच्च-गतिको रेल सञ्जालका लागि उपयुक्त ठुलो जनसंख्या छ। सरकारले यस दिशामा काम सुरु गरेको भए पनि लगानीको अभावले प्रगति आंशिक रूपमा सुस्त छ।

त्यसैले, हालसम्म चीन उच्च गतिको रेल सञ्जाल विकासमा एक्लै उभिएको देखिन्छ। सस्तो दरमा देशव्यापी यात्राको अवसर प्रदान गर्नुको अतिरिक्त यसले ठुलो वातावरणीय लाभ पनि ल्याएको छ। हवाई र सडक यातायातमा कार्बन उत्सर्जन हुने वाहनको बाहुल्य रहेको समयमा उच्च-गतिको रेलमार्ग भने बिजुलीले चल्ने गर्छन्। यसले एक विशिष्ट हरित लाभांश प्रदान गरेको छ। यस्तो सेवामा चीन अरूबाट निकै अगाडि रहेर एक्लो उभिनु दुःखद कुरा हो। डोडवेल 'स्ट्रेटेजिक एक्सेस' नामक व्यापार नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध कन्सल्टेन्सीका सिइओ हुन्।

साउथ चाइना मर्निङ पोस्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इजरायल–हमास बढ्दो अविश्वास र युद्धविरामको तयारी

इजिप्टमा युद्धविराम वार्ता पुनः सुरु हुँदै गर्दा इजरायली प्रधानमन्त्री नेतन्याहुले बन्धकहरू छिट्टै रिहा हुने अपेक्षा गरेका छन्

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजामा इजरायलको युद्ध अन्त्य गर्न प्रस्तुत गरेको शान्ति योजनाका धेरै माग स्वीकार गरेको हमासले घोषणा गरेको छ। हमास आफूसँग रहेका बाँकी इजरायली बन्दी रिहा गर्न सहमत भएको छ। योजनाद्वारा प्रस्ताव गरिएको प्राविधिक समितिलाई गाजाको प्रशासनसमक्ष बन्दी हस्तान्तरण गर्न इच्छुक छ।

यद्यपि, हमासले निःशस्त्रीकरण गर्ने बताएको छैन। न त यो प्यालेस्टिनी राजनीतिबाट पूर्ण रूपमा पछि हट्न सहमत भएको छ। बरु, यसले गाजापट्टीको भविष्य र प्यालेस्टिनी जनताको वैध अधिकारको निर्णय 'सामूहिक राष्ट्रिय स्थिति' र सान्दर्भिक अन्तर्राष्ट्रिय कानुन र प्रस्तावको आधारमा गरिनुपर्ने बताएको छ।



● मार्टिन कियर
कियर सिड्नी विश्वविद्यालयको सरकार र अन्तर्राष्ट्रिय सम्बन्ध विभागका लेक्चरर हुन्।

सोमबार इजिप्टमा युद्धविराम वार्ता पुनः सुरु हुँदै गर्दा नेतन्याहुले बन्धकहरू छिट्टै रिहा हुने अपेक्षा गरेको बताए। उता ट्रम्प हमास 'स्थायी शान्तिका लागि तयार' रहेको विश्वास गर्छन्। यद्यपि, अस्पष्टताले भरिएको र प्यालेस्टिनीलाई आफ्नो राजनीतिक भाग्यको निर्णय गर्ने अधिकारबाट वञ्चित गर्ने योजनालाई समर्थन गर्न हमासले हिचकिचाउनुका धेरै कारण छन्।

प्यालेस्टिनीलाई किनारा लगाउने योजना

त्यसो भए हमास किन मौन देखिन्छ ? पहिलो, योजनाले भविष्यमा कुनै समयमा 'अन्तर्राष्ट्रिय स्थिरीकरण बल'लाई जिम्मेवारी हस्तान्तरण नगरेसम्म गाजामा इजरायलको निरन्तर सैन्य कब्जाको परिकल्पना गर्दछ। त्यसपछि योजनाको प्रस्तावित शासन संरचना छ।

योजनाअन्तर्गत गाजालाई 'एक प्राविधिक, अराजनीतिक प्यालेस्टिनी समिति'द्वारा संक्रमणकालीन अवधिमा प्रशासित गरिनेछ। यो लाखौँ भोका, आघातग्रस्त, घरबारविहीन र बेरोजगार गाजावासीलाई आधारभूत सेवा प्रदान गर्न जिम्मेवार हुनेछ।

तैपनि, यस समितिमा अन्तर्राष्ट्रिय विज्ञ पनि समावेश हुनेछन्, जसले प्यालेस्टिनीको आवाज र गाजाका मानिसको भाग्य निर्णय गर्ने उनीहरूको क्षमतालाई कमजोर पार्नेछ। फेरि पनि धेरै विषय अज्ञात छन्। समितिमा को-को बस्नेछन्, यो कहिले गठन हुनेछ र कति सदस्य प्यालेस्टिनी हुनेछन् भन्ने अन्योल यथावत् छ।

'शान्ति बोर्ड' भनिने नयाँ अन्तर्राष्ट्रिय संक्रमणकालीन निकाय पनि गठन गरिनेछ, जसको नेतृत्व ट्रम्पले गर्नेछन् र कथित रूपमा बेलायती पूर्वप्रधानमन्त्री टोनी ब्लेयरलाई पनि समावेश गरिनेछ। महत्त्वपूर्ण कुरा, योजनाले बोर्डमा कुनै पनि प्यालेस्टिनीलाई समावेश गर्ने विषयमा केही भनेको छैन।

समितिको 'निगरानी र पर्यवेक्षण'का लागि बोर्ड जिम्मेवार हुनेछ। हाल फतह पार्टीको वर्चस्व रहेको प्यालेस्टिनी प्राधिकरण (पिए) ले सुधार नगरेसम्म र गाजाको नियन्त्रण फिर्ता लिन सक्षम नभएसम्म यसले गाजाको पुनर्निर्माणको पनि निरीक्षण गर्नेछ। यहाँ धेरै प्रश्न अनुत्तरित छन्। जस्तै-

-प्यालेस्टिनी प्राधिकरणका लागि नयाँ चुनावको समय कहिले तोकिन्छ ?

-गाजावासीले चुनावमा भाग लिन सक्छन् कि सक्दैनन् ?

- कुन राजनीतिक गुटलाई उम्मेदवार बनाउन अनुमति दिइनेछ।

-यी उम्मेदवारलाई बोर्डद्वारा छानबिन गरिन्छ कि गरिँदैन ?



-पिएले पर्याप्त सुधार गरेको छ कि छैन भनेर कसले निर्णय गर्छ ?

यसले खुला राजनीतिक प्रक्रियालाई फरक-फरक व्याख्याको सामना गर्न बाध्य पार्छ, जुन हमासलाई प्यालेस्टिनीको हातबाट शक्ति खोस्ने डर हुन सक्छ। हमासको विज्ञप्ति जारी भएपछि एक वरिष्ठ हमास अधिकारीले 'शान्ति बोर्ड'को अवधारणा पूर्ण रूपमा अस्वीकार गर्दै भने, 'हामी प्यालेस्टिनीलाई नियन्त्रण गर्न प्यालेस्टिनी नभएको कथित शान्ति बोर्डलाई कहिल्यै स्वीकार गर्नेछैनौं।'

योजनाले यो पनि उल्लेख गरेको छ कि हमास र अन्य गुटको गाजाको भविष्यको शासनमा भूमिका हुनेछैन। यसले गाजालाई निःशस्त्रीकरण गर्ने आदेश दिन्छ। तर, यो कसले र कसरी प्राप्त हुनेछ भन्ने विषय फेरि अज्ञात छ।

> प्यालेस्टिनी अझै पनि चाहन्छन् कि हमास भविष्यको कुनै पनि प्यालेस्टिनी सरकारको हिस्सा बनोस् र गाजावासीलाई इजरायलको सेनाबाट जोगाउन सक्षम रहोस्।

प्यालेस्टिनी के चाहन्छन् ?

यी सर्तले प्यालेस्टिनीलाई एजेन्सीबाट वञ्चित मात्र गर्दैनन्। तिनीहरूले प्यालेस्टिनी राजनीतिको वास्तविकता र इजरायली कब्जाको प्रतिरोध गर्न प्यालेस्टिनीले लगाउने वैधता र प्यालेस्टिनी राज्यलाई अस्वीकार गर्ने नेतन्याहु सरकारको घोषित लक्ष्यलाई बेवास्ता गर्छन्। यसले 'शान्ति बोर्ड'का लागि सबैभन्दा ठुलो चुनौतीलाई प्रकाश पार्छ, फताह पार्टीको नियन्त्रणमा रहेको सुधारिएको प्यालेस्टिनी प्राधिकरणले प्यालेस्टिनीमाथि वैधता प्राप्त गर्न संघर्ष गर्नेछ।

मे महिनामा कब्जा गरिएका क्षेत्रहरूमा एक हजार २७० जना उत्तरदाताको सर्वेक्षणमा फताहले केवल २१ प्रतिशत लोकप्रिय समर्थन प्राप्त गऱ्यो, जबकि हमासका लागि ३२ प्रतिशत र तेस्रो पक्षका लागि १२ प्रतिशत। पिएले के गर्नुपर्छ भनेर सोध्दा धेरैजसो उत्तरदाता गाजाको पुनर्निर्माण गर्न इजरायल र अन्तर्राष्ट्रिय समुदायसँग वार्ता गर्न सबै प्यालेस्टिनी गुट मिलेर एकता सरकार गठन गर्नुपर्ने पक्षमा उभिए।

हमासलाई निःशस्त्रीकरण गर्ने योजनाबारे सोध्दा पश्चिम किनार र गाजा दुवैका ७७ प्रतिशत उत्तरदाताले यो कार्यको विरोध गरे। त्यस्तै, ६५ प्रतिशत उत्तरदाताले गाजाबाट हमास नेतालाई निष्कासन गर्ने कुराको विरोध गरे।

उल्लेखनीय कुरा के छ भने कुल उत्तरदातामध्ये ८० प्रतिशतले विश्वास गरे कि यदि हमास निशस्त्र भयो भने इजरायलले युद्ध समाप्त गर्नेछैन र गाजाबाट पछि हट्नेछैन। वास्तविकता यो हो कि केही प्यालेस्टिनी अझै पनि चाहन्छन् कि हमास भविष्यको कुनै पनि प्यालेस्टिनी सरकारको हिस्सा बनोस् र गाजावासीलाई इजरायलको सेनाबाट जोगाउन सक्षम रहोस्।

योजनाको आकांक्षा र जमिनमा रहेको राजनीतिक वास्तविकताबिच विच्छेदको अर्थ हमास अन्ततः यसमा सहमत भए पनि यसको सफलताको सम्भावना कम हुन सक्छ। शान्ति योजनाले भनेझैं नेतन्याहुले भविष्यको गाजा शासन गर्ने प्यालेस्टिनी प्राधिकरणलाई साँच्चै समर्थन गर्छन् कि गर्दैनन् भन्ने कुरा पनि स्पष्ट छैन। गत हप्ता ट्रम्पसँगै उनको टिप्पणी योजनाको विपरीत छ।

यसले सुझाव दिन्छ कि नेतन्याहुको यहाँ प्राथमिक लक्ष्य हमासको सैन्य क्षमता र राजनीतिक शासनलाई ध्वस्त पार्नु हो, साथै गाजा र वेस्ट बैंक र पूर्वी जेरुसेलमबिच हाल अवस्थित राजनीतिक विभाजनलाई पनि कायम राख्नु हो। यद्यपि, यसले प्यालेस्टिनीलाई इजरायलको कब्जा र प्यालेस्टिनले राज्य प्राप्त गर्ने कुनै पनि सम्भावनालाई अन्त्य गर्ने यसको मनसायको प्रतिरोध गर्न इच्छुक एक मात्र समूहलाई अस्वीकार गर्नेछ।

यसका साथै गाजाको संक्रमणलाई सहयोग गर्न नयाँ नागरिक र सैन्य नोकरशाहीको स्थापना अनिश्चित कालसम्म चल्नेछ। यो पश्चिमी नेताको राजनीतिक इच्छाशक्तिको अधीनमा पनि हुनेछ।

यसले इजरायली सेनालाई निकट भविष्यका लागि गाजामा कब्जा गर्न छाड्नेछ। यसको अर्थ अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनको आरोप लागेको सेनाबाट लाखौँ गाजावासीलाई थप आक्रमणबाट जोगाउन केही हुनेछैन।

द कन्भर्सेसनबाट

गाजा बन्धकलाई छिट्टै सार्वजनिक गरिने

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आगामी दिनमा गाजामा रहेका बन्धकहरूको रिहाइको घोषणा गर्ने आशा व्यक्त गरेका छन्। टेलिभिजनमा प्रसारित एक वक्तव्यमा उनले हमास र गाजा दुवैलाई निशस्त्रीकरण गरिने दाबी गरेका छन्।

हमासले शुक्रबार एक विज्ञप्ति जारी गरेपछि यी टिप्पणी आएका हुन् जसमा हमासले अमेरिकी शान्ति योजनाअन्तर्गत बन्धकलाई रिहा गर्न सहमति जनाएको थियो, तर निशस्त्रीकरणको उल्लेख गरेको थिएन। नेतन्याहुका अनुसार हमासको निशस्त्रीकरण ट्रम्पको प्रस्ताव वा इजरायली सैन्य कारबाहीमार्फत हासिल गरिनेछ। उनले गाजाबाट पूर्ण इजरायली फिर्ता नहुने संकेत पनि गरे, जुन कुरा हमासले लामो समयदेखि माग गर्दै आएको छ।

'इजरायलको सेनाले गाजामा आफ्नो नियन्त्रणमा रहेका क्षेत्रहरू कब्जामा राख्न जारी राख्नेछ, र योजनाको दोस्रो चरणमा हमासलाई कूटनीतिक रूपमा वा हामीद्वारा सैन्य मार्गबाट निशस्त्रीकरण गरिनेछ। तपाईंले ट्रम्पको भनाइ पनि सुन्नुभएको छ। उनले थप ढिलाइ स्वीकार गर्ने छैनन्,' नेतन्याहुले एक भिडियो सन्देशमा भने, 'दोस्रो चरणमा हमासलाई निशस्त्रीकरण गरिनेछ र गाजालाई निशस्त्रीकरण गरिनेछ। यो ट्रम्पको योजनामार्फत कूटनीतिक रूपमा वा इजरायलद्वारा सैन्य रूपमा हुनेछ। यसका लागि सजिलो वा कठिन दुवै तरिका अपनाइनेछ।'

नेतन्याहुले आगामी दिनमा गाजाबाट सबै बन्धकहरूको रिहाइको घोषणा हुनेमा आफू आशावादी रहेको बताए। इजरायल र हमासले सोमबार इजिप्टमा वार्ताको तयारी गरिरहेका छन्। 'मेरा दाजुभाइ दिदीबहिनीहरू, इजरायलका नागरिकहरू, हामी धेरै ठुलो उपलब्धिको सँघारमा छौं। यो अझै अन्तिम होइन। हामी यसमा लगनशीलताका साथ काम गरिरहेका छौं र मलाई आशा छ कि आगामी दिनहरूमा म तपाईंलाई हाम्रा सबै बन्धक जीवित र मृतक फिर्ताको घोषणा गर्न सक्षम हुनेछु,' उनले भने। साथै, इजरायली रक्षा फौज आइडिएफ गाजापट्टीको गहिराइमा र यसलाई नियन्त्रण गर्ने क्षेत्रमा रहने उनले बताए।

हमासले शुक्रबार राति ट्रम्पको गाजा शान्ति योजनाका केही अंश स्वीकार गरेको थियो, जसमा युद्धको अन्त्य, इजरायलको फिर्ता, इजरायली बन्धक र प्यालेस्टिनी बन्दीको रिहाइ, सहायता र पुनर्लाभ प्रयास, र रिपब्लिकन नेताले प्यालेस्टिनी समूहलाई आइतबार साँझ ६ बजे (अमेरिकी समयअनुसार) सम्ममा उनको शान्ति योजना स्वीकार गर्न वा 'सबै नर्क'को सामना गर्न अल्टिमेटम दिएपछि हमासले शुक्रबार राति ट्रम्पको गाजा शान्ति योजनाका केही भाग स्वीकार गरेको थियो।

त्यसपछि ट्रम्पले हमासलाई 'छिटो अघि बढ्न' र इजरायलसँग शान्ति-सम्झौतामा सहमत हुन चेतावनी दिँदै अन्यथा गाजामा 'थप विनाशको जोखिम' मोल्नुपर्ने बताए। उनले इजरायललाई गाजामा बमबारी बन्द गर्न पनि चेतावनी दिए। ट्रम्पको चेतावनीको केही घण्टापछि पनि इजरायलले गाजामा आक्रमण गऱ्यो, जसमा ६ जनाको मृत्यु भयो। समाचार एजेन्सी रोयटर्सका अनुसार गाजा सहरको एक घरमा एउटा आक्रमणमा चारजनाको मृत्यु भयो भने अर्को आक्रमणमा खान युनिसमा दुईजनाको मृत्यु भयो।

इजरायलले प्रारम्भिक फिर्ता रेखामा सहमति जनाएको शनिबार राति अमेरिकी राष्ट्रपतिले दाबी गरे र हमासले पुष्टि गरेपछि युद्धविराम हुनेछ। 'वार्तापछि, इजरायलले प्रारम्भिक फिर्ता रेखामा सहमति जनाएको छ, जुन हामीले हमासलाई देखाएका छौं र साझा गरेका छौं। हमासले पुष्टि गरेपछि युद्धविराम तुरुन्तै लागू हुनेछ। बन्धक र कैदी आदानप्रदान सुरु हुनेछ र हामी फिर्ताको अर्को चरणका लागि अवस्था सिर्जना गर्नेछौं, जसले हामीलाई यो तीन हजार वर्षको प्रलयको अन्त्यको नजिक ल्याउनेछ,' उनले भने।

यसैबिच गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार विगत २४ घण्टामा गाजामा इजरायली सैन्य कारबाहीमा ६६ जनाको मृत्यु भएको छ। योसँगै युद्ध सुरु भएदेखि अहिलेसम्म मृत्यु हुनेको कुल संख्या ६७ हजार ७४ पुगेको छ। लगभग दुई वर्षअघि युद्ध सुरु भएदेखि नै इजरायलले अन्तर्राष्ट्रिय पत्रकारलाई गाजापट्टीमा स्वतन्त्र रूपमा प्रवेश गर्न प्रतिबन्ध लगाएको छ, जसले गर्दा दुवै पक्षबाट गरिएका दाबी प्रमाणित गर्न गाह्रो भएको छ। ७ अक्टोबर २०२३ मा दक्षिणी इजरायलमा हमासको नेतृत्वमा भएको आक्रमणको प्रतिक्रियामा इजरायली सेनाले गाजामा अभियान सुरु गरेको थियो, जसमा लगभग १२ सयजना मारिनुका साथै २५१ जनालाई बन्धक बनाइएको थियो। गाजाको अधिकांश जनसंख्या बारम्बार विस्थापित भएको छ र ९० प्रतिशतभन्दा बढी घर क्षतिग्रस्त वा नष्ट भएको अनुमान गरिएको छ।

एजेन्सी

इतिहासमा आज



सन् १७८० : अमेरिकी क्रान्तिका क्रममा किंग्स माउन्टेनको युद्धमा अमेरिकी सेनाले ब्रिटिस सेनालाई पराजित गऱ्यो।

सन् १९५९ : पृथ्वीका मानिसले चन्द्रमाको अँध्यारो भागको पहिलो झलकको अनुभव गरे। सोभियत अन्तरिक्षयान लुना ३ ले चन्द्रमाको टाढाको तस्बिर खिच्यो। तस्बिरले पृथ्वीको प्राकृतिक उपग्रहको टाढाको भागको लगभग ७० प्रतिशत समेटेको थियो। तिनीहरूले खगोलविद्लाई चन्द्रमाको अँध्यारो भागको पहिलो चार्ट बनाउन मद्दत गरेका थिए।

सन् १९८५ : प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ) आबद्ध चार अपहरणकर्ताले इटालियन क्रुज जहाज अचिले लाउरो कब्जा गरी इजरायलले बन्दी बनाएका ५० प्यालेस्टिनीलाई रिहा गर्न माग गरे।

सन् २००१ : अफगानिस्तानमा युद्ध सुरु। तालिबानले सेप्टेम्बर ११, २००१ मा भएको अतिवादी हमलाका मास्टरमाइन्ड ओसामा बिन लादेन र अन्य दोषीलाई अमेरिकामा सुम्पन अस्वीकार गरेपछि अमेरिकी र ब्रिटिस सेनाले अल कायदा र तालिबान लक्ष्यविरुद्ध हवाई हमला गरे।

तीन वैज्ञानिकलाई चिकित्सा शास्त्रतर्फको नोबेल

न्युयोर्क/ नोबेल पुरस्कार समितिले यस वर्षको चिकित्सा शास्त्रतर्फको नोबेल पुरस्कार प्रतिरोध प्रणालीसँग सम्बन्धित अनुसन्धान गर्ने तीन वैज्ञानिकलाई दिने घोषणा गरेको छ। प्रतिरक्षा प्रणालीले शत्रुतापूर्ण संक्रमणलाई कसरी आक्रमण गर्छ भनेर व्याख्या गर्ने खोजका लागि जापानका सिमोन साकागुची र अमेरिकी अनुसन्धानकर्ता मेरी ब्रन्को र फ्रेड च्याम्डेललाई पुरस्कार दिन लागिएको हो। उनीहरूले शरीरको प्रतिरोध प्रणालीमा 'रेग्यलेटरी टी-सेल' भनिने विशेष कोष रक्षकका रूपमा उपस्थित हुने तथ्य पत्ता लगाएका थिए। उनीहरूको खोज अटोइम्युन रोग र क्यान्सरका लागि नयाँ उपचार विकास गर्न प्रयोग भइरहेको छ। विजेताले ११ मिलियन स्विडिस क्रोनर (आठ लाख ७० हजार युरो) बराबरको पुरस्कार बाँडफाँड गर्नेछन्।



मेरी ब्रन्को फ्रेड च्याम्डेल सिमोन साकागुची

'प्रतिरक्षा प्रणालीले कसरी काम गर्छ र हामी सबैलाई किन गम्भीर अटोइम्युन रोग विकास हुँदैनन् भन्नेबारे हाम्रो बुझाइको लागि उनीहरूको खोज निर्णायक भएको छ,' नोबेल समितिका अध्यक्ष ओले काम्पले भने, 'प्रतिरक्षा प्रणालीले कसरी काम गर्छ भनेर बुझ्नका लागि तीनजनाको अनुसन्धान महत्त्वपूर्ण छ।' अहिलेसम्म ११६ पटक चिकित्सा शास्त्रतर्फको नोबेल पुरस्कार घोषणा भएको छ।

परिवर्तनको संवाहक बन्दै छ एआई

एआईले ल्याएको क्रान्ति अझै अघि बढ्नेछ र सामूहिक गतिविधिको अवधारणालाई नै प्रभावित बनाउनेछ

अहिलेको वैज्ञानिक युगमा कृत्रिम बुद्धिमत्ता (एआई) का क्षेत्रमा भएको तीव्र विकासले कामको परम्परागत तरिकालाई सहज मात्र गरिरहेको छैन, मानव पहिचानको सारतत्त्वलाई समेत परिवर्तन गरिरहेको छ। अघिल्ला प्रविधिगत विकासले मानवीय व्यवहार र अवस्थालाई परिवर्तन गरेका थिए, एआईले भने राज्यको ढाँचा र भूमिकाका साथै व्यक्तिको आधारभूत राजनीतिक तथा सामाजिक विश्वासलाई समेत मूलभूत रूपले नै नयाँ आकार दिँदै छ। उन्नाइसौँ शताब्दीको औद्योगिक क्रान्तिमा यन्त्रशक्तिले मानव एवं पशुशक्तिलाई प्रतिस्थापन गऱ्यो र यान्त्रिक शक्ति भौतिक पूर्वाधार, औद्योगिक तथा उपभोग्य वस्तुको उत्पादनमा प्रयोग हुन थाल्यो।



बीसौँ शताब्दीमा औद्योगिक क्रान्ति परिपक्व हुँदै जाँदा कडा शारीरिक श्रम एकाध पेसा वा व्यवसायमा मात्रै सीमित हुन पुग्यो। पूर्वऔद्योगिक युगका कार्यको झल्को पाउन अहिले छाना लगाउने कामलाई भने हेर्न सकिन्छ। यो काममा आज पनि कडा शारीरिक मिहिनेतसहित विभिन्न आसनमा बसेर थकित हुने गरी शारीरिक श्रम गर्नुपर्छ। श्रमप्रधान कामको अनुभवलाई यस्तै एकाध पेसाले अहिले एक्काइसौँ शताब्दीमा संरक्षण गरिरहेका छन्। बीसौँ शताब्दीको सुरुवातका अटोमोबाइलका कामदार निकै मिहिनेत गरेर आफ्ना औजार चलाइरहेका हुन्थे। ती औजारले गह्रौं वस्तु उचाल्थे र ठुलो परिमाणमा बलको प्रयोग गर्थे। एक्काइसौँ शताब्दीको सुरुका अर्थात् अहिलेका तिनका समकक्षीचाहिँ मोनिटरमा हेर्दै भारी शारीरिक कार्य सम्हाल्ने रोबोर्टहरू सञ्चालन गर्छन्। पसिना (श्रम) प्रधान अर्थव्यवस्था लोप हुँदै जाँदा श्रमको महत्त्व घट्दै गएर श्रमजीवी कमजोर बन्दै गएका छन्, तर स्वस्थ पनि भएका छन्। शारीरिक शक्तिलाई कायम राख्न चाहने अहिले जिमहल धाउँछन्। यस सूचना-प्रविधि क्रान्तिले मानव विकासको नयाँ खुड्किलोको प्रतिनिधित्व गर्छ। सीपयुक्त अथवा अधिक संज्ञानात्मक कार्य मेसिनले लिँदै गर्दा कम्प्युटरले शारीरिक काम गरिरहेका रोबोर्टहरूको निगरानी गर्छन्। मानसिक श्रमको पनि अन्त्य हुँदै गएको छ। धेरै मानिसले कामबारे सोच्नै छाडेका छन् र त्यो ऊर्जा क्रसवर्ड पजल, सुडोकु वा वर्डलमा खर्च गरेका छन्।

अहिलेको क्रान्ति योभन्दा धेरै अघि बढ्नेछ, किनकि यसले सामूहिक गतिविधिको अवधारणालाई नै प्रभावित बनाउँदै छ। यो विकासक्रम सम्भवतः सैन्य क्षेत्रमा अधिक प्रकट हुनेछ, तर यसले राजनीतिक सहभागिता र वैध अधिकारबारे हाम्रो बुझाइलाई पनि प्रभावित पार्नेछ। बीसौँ शताब्दीमा मानव इतिहासका सबैभन्दा डरलाग्दा युद्ध भए, जसले बदलामा लोकतान्त्रीकरणको नयाँ आवेग उत्पन्न गऱ्यो। सैनिक र तिनका परिवारले आफ्नो बलिदानको पुरस्कार पाउनुपर्ने हुँदा दुवै विश्वयुद्धले मताधिकारको विस्तार गऱ्यो। शास्त्रीय राजनीतिक उदारवादले जनताको सरोकारको विषयमा बलिदानको अपेक्षा गर्छ। तर, प्रविधिले यो प्रक्रियालाई बिथोल्न खोजेको छ।

> पसिना (श्रम) प्रधान अर्थव्यवस्था लोप हुँदै जाँदा श्रमको महत्त्व घट्दै गएर श्रमजीवी कमजोर बन्दै गएका छन्, तर स्वस्थ पनि भएका छन्। शारीरिक शक्तिलाई कायम राख्न चाहनेहरू अहिले जिमहल धाउँछन्।

संसारभरका शिक्षित सहरी जनसंख्यामा मानव सम्बन्धका क्रूर सत्यसँग अन्तर्क्रिया कम गर्दै लगेको छ। रुसलाई नै लिऔं। रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेनमा युद्ध गर्न अर्धस्वायत्त भाडाका समूह, ग्रामीण जनता र अझ कैदीमा निर्भर छन्। किनकि उनलाई थाहा छ, मस्को र सेन्ट पिटर्सबर्गको जनसंख्या शारीरिक रूपमा र अझ मनोवैज्ञानिक रूपमा यस कार्यका लागि अनुपयुक्त छ। निःसन्देह, यो नयाँ समस्या होइन। आधुनिक औद्योगिक जीवनशैलीका कारण धेरैजसो मानिस शारीरिक तवरमा सैन्यसेवाका लागि अयोग्य भएको हुँदा प्रथम विश्वयुद्धअघि युरोपका ठुला मुलुकका सैन्य अधिकारी कसरी ठुलो संख्यामा सेनाको जोहो गर्ने भनेर चिन्तित हुन्थे।

आज पनि सैन्य योजनाकार त्यही चिन्तामा छन्। पेन्टागनले सन् २०१७ मा १७ देखि २४ वर्ष उमेर समूहका ७१ प्रतिशत युवा अमेरिकाको सैन्यसेवाका लागि अयोग्य रहेको अनुमान गरेको थियो। अहिले यो हिस्सा बढेर ७७ प्रतिशत पुगेको छ। तर, अहिले यस्ता प्रविधि छन्, जुन पहिलेका पुस्ताले कल्पना पनि गर्न सक्दैनथे। युद्धलाई स्वचालित ड्रोनजस्ता मानवरहित उपकरणले कब्जा गरेको छ, जसरी औद्योगिक र कार्यालयका काम पहिलेको युगमा मेसिनबाट कब्जा भएका थिए। युद्धको स्वचालितीकरणको राजनीतिक परिणाम बुझ्न अहिले समग्र समाज कसरी परिवर्तन भएको छ भन्ने कुरा हेर्नुपर्छ।

मध्ययुगीन समाजमा मानिसलाई सामान्यतया तीन समूहमा विभाजित गरिन्थ्यो- प्रार्थना गर्नेहरू, युद्ध गर्नेहरू र काम गर्नेहरू। जसले प्रवचन दिन्थे वा प्रार्थना गर्थे ती पादरीवर्ग, जो लड्थे (अभिजात वर्ग) र बाँकी, जसले वास्तवमा शारिरिक श्रमको रूपमा साँच्चै केही काम गर्थे।

युद्ध क्षमताका कारण अभिजात वर्गले मूलतः विशाल राजनीतिक शक्तिको दाबी गर्न सक्थ्यो। तर, जब तिनले लडाइँ गर्न छोड्थे, तिनको शासनको वैधता अत्तरको सुगन्धझैं गायब हुन्थ्यो। फ्रान्सेली क्रान्तिपछि गठन भएका सेनामा आमजनताको सहभागिताले युद्ध र राजनीति दुवैको लोकतान्त्रीकरण गऱ्यो। तर, अहिले प्रविधिको माध्यमबाट युद्ध लडिरहँदा सत्ता फेरि आमजनताबाट टाढिँदै गएको छ। बाँकी रहेका सामाजिक समूहको के हुनेछ ? जसरी औद्योगिक क्रान्तिले शारीरिक श्रमको आवश्यकतालाई कम गऱ्यो, त्यसरी नै एआई क्रान्तिले मानिसलाई सैन्य क्षेत्रमा अप्रचलित बनाइरहेको छ। अहिले मेसिन सेना बनिरहेका छन्। यसले प्रवचन दिने वा प्रार्थना गर्ने (पादरी) वा धर्मगुरुहरूलाई भने अझै छोइसकेको छैन। उनीहरूलाई अझै पनि विशिष्ट मानव कुराहरूको संरक्षण गर्ने जिम्मेवारी छ। के ती पनि प्रविधिको हातबाट निकम्मा हुने र अन्ततः अस्तित्वकै संकटको चपेटामा पर्लान् त ? एकदमै डराएर, केही आलोचक र प्रविधि नेताहरू एआई विकासमा 'विराम'को आह्वान गरिरहेका छन्। तर, प्रविधि कहिल्यै रोकिने गरेको छैन, किनभने केही मानिसलाई सबै यो कुरा मन पर्छ।

प्रोजेक्ट सिन्डिकेटका लागि हारोल्ड जेम्सको आलेख

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २१ असोज ०८२

नागढुंगा सुरुङमार्ग निर्माण गर्ने जापानी कम्पनीले दाबी गऱ्यो तीन अर्ब क्षतिपूर्ति

सुरुङ खन्ने क्रममा डिजाइनभन्दा बढी काम गर्नुपरेको, विभिन्न समयमा स्थानीयको अवरोधले काम रोकिएको तथा डलरको मूल्य बढेकोलगायतका कारण देखाएर क्षतिपूर्ति माग



परियोजना निर्देशक (प्रमुख) सौजन्य नेपाल भन्छन्– निर्माण कम्पनीबाट तीन अर्ब हाराहारीमा क्षतिपूर्ति माग दाबी गरिएको छ। विभागले अस्वीकार गरेपछि अहिले यो विषयमा स्वतन्त्र डिस्प्युट कमिटीले अध्ययन गरिरहेको छ, हामी कमिटीको निर्णयको प्रतीक्षामा छौं।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नागढुंगा सुरुङमार्ग परियोजनाको निर्माणकार्य समयमा गर्न नसक्ने जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनले ठेक्का रकमबाहेक क्षतिपूर्तिबापत करिब तीन अर्ब रुपैयाँ माग दाबी गरेको छ। परियोजना बनाउन सडक विभाग र कम्पनीबिच साढे १३ अर्ब हाराहारीमा ठेक्का सम्झौता भएको थियो। कम्पनीले त्योबाहेक थप तीन अर्ब हाराहारी रकम क्षतिपूर्तिबापत माग दाबी गरेको हो।

कम्पनीले केही महिनाअघि क्षतिपूर्तिबापत दाबी गरे पनि सरकारले दिन नमानेपछि अहिले त्यस सम्बन्धमा तीन सदस्यीय स्वतन्त्र डिस्प्युट कमिटीले अध्ययन गरिरहेको छ। उक्त कमिटीबाट आउने निर्णय दुवै पक्षले मान्नुपर्छ।

परियोजना निर्देशक (प्रमुख) सौजन्य नेपालले निर्माण कम्पनीबाट तीन अर्ब हाराहारीमा क्षतिपूर्ति माग दाबी भएको स्वीकार गरे। 'कम्पनीबाट करिब तीन अर्ब हाराहारीमा माग दाबी आएको थियो। विभागले अस्वीकार गरेपछि अहिले यो विषयमा स्वतन्त्र डिस्प्युट कमिटीले अध्ययन गरिरहेको छ,' उनले भने, 'कमिटीको निर्णयको प्रतीक्षामा छौं।'

सुरुङ खन्ने क्रममा डिजाइनभन्दा बढी काम परेको थियो। 'सोयल निशान' अर्थात् माटोको तह, प्रकार र गुणको सिमाना वा चिह्न जनाउने संकेत परिवर्तन भएपछि डिजाइनभन्दा अतिरिक्त काम गर्नुपरेको थियो। यस्तै, विभिन्न समयमा स्थानीयको अवरोधले काम रोकिएको थियो। त्यसवेला कम्पनीका आफ्ना कामदार यतिकै बसेका थिए। यस्तै, यसबिचमा डलरको मूल्य पनि बढेको छ। ठेक्का सम्झौता हुँदा डलरको मूल्य एक सय ११ रुपैयाँ हाराहारी थियो। अहिले डलरको मूल्य एक सय ४१ रुपैयाँभन्दा माथि पुगेको छ। यीलगायतका घटना क्रमलाई आधार देखाउँदै कम्पनीले सोबराबरको दाबी दिएको हो। यसअघि कम्पनीले कोरोनाकालमा काम गर्न नपाएको, नेपालले साइट क्लियरेन्स नगरेको र आयातीत वस्तुमा भन्सार छुट नपाएकोलगायतका शीर्षकमा झन्डै नौ करोड रुपैयाँ क्षतिपूर्ति पाइसकेको छ। अहिले थप तीन अर्ब हाराहारीमा कम्पनीले क्षतिपूर्ति माग दाबी गरेको छ।

तर, समयमा काम गर्न सकेको छैन कम्पनीले विभिन्न कारण देखाउँदै क्षतिपूर्ति माग गरेको कम्पनीले भने समयमा काम सम्पन्न गर्न सकेको छैन। सुरुङमार्ग निर्माणका लागि सडक विभाग र कम्पनीबिच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो। त्यसको ४२ महिना अर्थात् अप्रिल ०२३ भित्र आयोजनाको निर्माण सम्पन्न गर्नुपर्ने पहिलो सम्झौता थियो। तर, बिचमा कोरोना महामारीलगायतका कारण पनि आयोजनाको निर्माणकार्य प्रभावित भयो। त्यसपछि कोरोनाका कारण ८६ दिनसहित गरेर दुईपटक म्याद थप गरेर अप्रिल ०२४ सम्म पुऱ्याइएको थियो। तर, त्यस अवधिमा पनि कम्पनी सम्पन्न हुन सकेन। त्यसपछि कम्पनीलाई १८ महिना म्याद थप गरेर २५ अक्टोर ०२५ सम्म पुऱ्याइएको थियो, जुन म्याद सकिन अब २० दिन बाँकी छ। सम्झौताअनुसार कम्पनीले सुरुङमार्गको सबै काम सम्पन्न गरेर सरकारलाई हस्तान्तरण गर्नुपर्छ। तर, यो २० दिनमा सम्झौताअनुसारको सबै काम चुनौतीपूर्ण छ। अब परियोजनामा पहिरो नियन्त्रण, परीक्षण, टोल बुथ निर्माणलगायतका काम बाँकी नै छन्। यद्यपि, अन्य परियोजनाको तुलनामा यो परियोजनाको निर्माणकार्य द्रुत गतिमै भएको विभागका कर्मचारी बताउँछन्।



■ दसैंमा किन खुला गरिएन सुरुङमार्ग ?

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले दसैंमा यात्रुवाहक सवारीसाधनका लागि सुरुङमार्ग खुलाउन छलफल गर्ने बताएका थिए। गत असोज ४ मा मन्त्री घिसिङले यसबारे छलफल गर्ने बताएका थिए।

'नागढुंगा-सिस्नेरी सुरुङमार्ग सम्बन्धमा काठमाडौं उपत्यकाबाट बाहिर जाने सवारीसाधनमध्ये यात्रुबाहक सार्वजनिक सवारीसाधन सो सुरुङमार्गबाट बाहिर जाने र दसैंपछि माथि उल्लिखित सवारीसाधन प्रवेश गर्ने-गराउने व्यवस्थाका लागि सम्बन्धित पक्षसँग छलफल गर्ने,' ४ असोजमा मन्त्री घिसिङले गरेको निर्णयमा भनिएको छ। तर, छलफलका क्रममा निर्माण कम्पनी र ऋणदाता जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले त्यसमा स्वीकृति दिएनन्।

ठेक्का सम्झौतामा हाज्माले निर्माणको काम मात्रै गर्ने उल्लेख छ। निर्माण अवधिभर उक्त परियोजना सोही कम्पनीकै क्षेत्राधिकारभित्र छ। निर्माण सकेर हस्तान्तरण गरेपछि मात्रै त्यो सडक विभागको क्षेत्राधिकारमा पर्छ। ठेक्का सम्झौतालाई देखाउँदै निर्माण कम्पनीले सुरुङमार्ग खुलाउन नदिएको स्रोतको भनाइ छ।

यस्तै, नेपालमा सुरुङमार्ग सञ्चालन गरेको अनुभव कुनै निकायसँग छैन। निर्माण कम्पनीसँग पनि सुरुङमार्ग सञ्चालन गरेको अनुभव छैन। त्यस कारण पनि निर्माण कम्पनी यसमा सहमत नभएको स्रोतको भनाइ छ।

यस्तै, सुरुङमार्गभित्र दुर्घटना भएमा त्यसलाई उद्धार कसले कसरी गर्ने भन्ने विषयमा पनि द्विविधा थियो। सुरुङमार्गभित्र दुर्घटना, आगजनी भएमा कसले उद्धार गर्ने ? कसरी गर्ने ? भन्ने विषयमा द्विविधा थियो। मुख्यतः सुरक्षाकै कारण निर्माण कम्पनीले सुरुङमार्ग खुला गर्न नमानेको स्रोतको भनाइ छ।

यद्यपि, भौतिक रूपमा सुरुङमार्ग सञ्चालनका लागि तयार छ। सुरुङमार्ग निर्माणको सबै काम सकिएको छ। सुरुङमार्गभित्र बिजुली, अक्सिजन, टेलिफोन, अग्नि नियन्त्रणलगायतका युटिलिटी तयार छन्। फ्लाई ओभरको 'लोड टेस्टिङ'को काम भने बाँकी थियो। अहिले आन्तरिक प्रयोजनमा सुरुङमार्ग खुला नै छ। त्यो अवस्थामा आंशिक रूपमा सुरुङमार्ग सञ्चालन गर्न सकिने अवस्था भए पनि सम्भावित जोखिमलाई दृष्टिगत गर्दै निर्माण कम्पनीले सुरुङमार्ग खुला गर्न नमानेको स्रोतको भनाइ छ।

■ अंग्रेजी नयाँ वर्षदेखि सुरुङमार्ग सञ्चालनमा

सुरुङमार्गलाई आगामी जनवरी १ तारिखदेखि औपचारिक रूपमा खुला गर्ने तयारी छ। अन्तर्राष्ट्रियस्तरको सर्भिस प्रोभाइडर कम्पनीमार्फत जनवरीदेखि सुरुङमार्ग सञ्चालनमा ल्याउने विभागको योजना छ।

नेपालसँग सुरुङमार्ग सञ्चालनको अनुभव छैन। परियोजनाको ठेक्का सम्झौता गर्दा पनि निर्माणका लागि मात्रै गरिएको छ। तसर्थ, सडक विभागले सुरुङमार्ग सञ्चालन गर्न पहिलो पाँच वर्ष अन्तर्राष्ट्रियस्तरको सर्भिस प्रोभाइडर कम्पनी तथा संस्था ल्याउने तयारी गरेको छ।

यसका लागि खरिद निर्देशिका सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृति भइसकेको छ। साथै, बिड डकुमेन्ट पनि स्वीकृतिका लागि कार्यालयमा पेस भइसकेको छ। त्यो स्वीकृति भएपछि सर्भिस प्रोभाइडर छनोटका लागि अन्तर्राष्ट्रिय रूपमा बोलपत्र आह्वान गर्ने तयारी छ। छनोट हुने सर्भिस प्रोभाइडर कम्पनीले पाँच वर्षसम्म सुरुङ सञ्चालनसम्बन्धी सम्पूर्ण काम गर्नुपर्नेछ। यद्यपि, जेन-जी आन्दोलनका क्रममा सडक विभागको बबरमहलस्थित कार्यालय आगजनी भएको छ। त्यसमा यससम्बन्धी कागजपत्र पनि परेका छन्। तसर्थ, यो समय केही पर धकेलिन पनि सक्ने बताइएको छ। सुरुङमार्गका लागि दस्तुर यसअघि नै तोकिएको छ। सुरुङमार्ग हुँदै काठमाडौं भित्रिँदा कार तथा भ्यानहरूलाई ६५ रुपैयाँ, मिनीबस तथा ट्रकलाई एक सय १५ रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय ६० रुपैयाँ र भारी उपकरणलाई ६ सय रुपैयाँ शुल्क तोकिएको छ। यस्तै, सुरुङमार्ग हुँदै काठमाडौंबाट बाहिरिँदा कार तथा भ्यानलाई ६० रुपैयाँ, मिनीबस तथा ट्रकलाई ८० रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय रुपैयाँ र ठुला उपकरणलाई दुई सय ५० रुपैयाँ शुल्क तोकिएको छ।

झन्डै २८ अर्ब रुपैयाँ लागत रहेको यस परियोजनामा जापानको परियोजनामा साढे २२ अर्ब रुपैयाँ जाइकाले ऋण दिएको छ। यसमा मुख्यतः दुईवटा टनेल छन्। २६ सय ८८ मिटर लामो मुख्य टनेलमा नियमित रूपमा सवारीसाधन सञ्चालन गरिनेछ। २५ सय ५७ मिटर लामो रेस्क्यु टनेल भने आपत्कालीन अवस्थामा खुला गरिनेछ। मुख्य टनेलमा हुने दुर्घटनामा उद्धारको काम रेस्क्यु टनेलबाट गरिनेछ।

सुदूरपश्चिमको लगानी सम्मेलन अनिश्चित

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा लगानी भित्र्याउने उद्देश्यले प्रदेश सरकारले गर्ने भनेको सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन अनिश्चित भएको छ। सरकारले आगामी १ र २ मंसिरमा लगानी सम्मेलन गर्ने तयारी गरेको थियो। यसअघि तीनपटक सारिएको लगानी सम्मेलन जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिका कारण मंसिरमा समेत नहुने देखिएको छ।

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा आन्दोलनकारीले आगजनी र तोडफोड गर्दा प्रदेश सरकारका सबैजसो संरचना नै तहसनहस बनेका छन्। लगानी सम्मेलन मूल आयोजक समितिका अनुसार क्षतिग्रस्त संरचना मर्मतलगायत व्यवस्थापनका काम गरेर प्रदेश सरकारका कामकाज सुचारु गर्न नै समय लाग्ने भएकाले लगानी सम्मेलन निर्धारित मितिमा गर्न सक्ने अवस्था छैन।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्रोतका अनुसार चालू आर्थिक वर्षको हालसम्म लगानी सम्मेलनको तयारीमा करिब ३० लाख खर्च भइसकेको छ। सरकारले लगानी सम्मेलनका लागि दुई करोड रुपैयाँ विनियोजन गरेको छ।

सरकारले लगानीमैत्री वातावरण बनाउन केही कानुन निर्माण गर्ने र प्रदेशले बनाएका केही कानुन संशोधन गर्ने तथा योजनाहरूको 'सोकेस' तयार पार्ने बताएको थियो। तर, लगानी सम्मेलनलाई लक्षित गरी योजनाहरू पहिचान गरी सोकेस तयार पार्ने, आवश्यक कानुन निर्माण तथा संशोधनको काम हुन सकेको छैन।

प्रदेश सरकारले आवश्यक तयारी गर्न नसकेपछि लगानी सम्मेलनको मिति यसअघि तीनपटक सारेको थियो। सरकारले २३ र २४ फागुन ०८० मै लगानी सम्मेलन गर्ने घोषणा गरेको थियो। उक्त समयमा हुन सकेन। सारिएको असोज ०८१ मा पनि हुन नसकेपछि १ र २ असोज ०८२ मा



मंसिरमा लगानी सम्मेलन गर्नका लागि प्रदेश सरकारले काठमाडौंमा सरोकारवालासँग धेरैपटक छलफल र अन्तर्क्रिया गरेको थियो। लगानी सम्मेलनको तयारीकै लागि प्रदेश सरकारले नेपाल सरकारका मन्त्री, नेपालस्थित विदेशी नियोगका प्रतिनिधि, दातृ निकायलगायतको सहभागितामा गत जेठमा धनगढीमा पूर्वतयारी सम्मेलन गरिसकेको छ। प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले अहिले उत्पन्न परिस्थितिका कारण लगानी सम्मेलन स्थगित गरिएको बताए। 'मंसिरमा लगानी सम्मेलन गर्ने भनेर तयारीका काम धेरै अगाडि बढिसकेका थिए, तर अहिलेको परिस्थितिमा हाललाई लगानी सम्मेलन स्थगित गरेका छौं,' उनले भने, 'नयाँ मितिबारे छलफल भएको छैन।'

लगानी सम्मेलनको तयारीको नाममा प्रदेशको अस्थायी राजधानी धनगढी तथा संघीय राजधानी काठमाडौंमा भएका छलफल, अन्तर्क्रिया र गोष्ठीलगायतमा लाखौं खर्च भइसकेको छ। संघीय सरकार, लगानीकर्ता, दातृ निकायलगायत सरोकारवालासँग छलफल गर्न गत महिना मात्र प्रदेश सरकारको जम्बो टोली काठमाडौं गएको थियो।

सारिएको थियो। आगामी मंसिरमा लगानी सम्मेलन गर्न मुख्यमन्त्री कमलबहादुर शाहको नेतृत्वमा सम्मेलन मूल आयोजक समिति, आर्थिक मामिलामन्त्री थापाको संयोजकत्वमा कार्यकारी समिति र तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवाको संयोजकत्वमा सल्लाहकार समिति गठन गरिएको थियो। त्यस्तै, नीति तथा कानुनी सुधार उपसमिति, लगानीकर्ता पहिचान समिति, लगानीकर्ता क्षेत्र समन्वय तथा सहजीकरण उपसमिति, परियोजना पहिचान तथा विकास उपसमिति, प्रचारप्रसार उपसमिति गठन गरिएका थिए।

मन्त्री थापाले काठमाडौंमा हालै भएको छलफलमा उद्योग-व्यवसायीले सुदूरपश्चिममा लगानी गर्न इच्छा देखाएको दाबी गरे। कृषि, ऊर्जा, जडीबुटी, उद्योगलगायत क्षेत्रमा लगानीको प्रतिबद्धता आएको थियो। 'हामीले व्यावसायिक घराना, उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्सलगायत संस्थागत र व्यक्तिगत भेटघाट गर्दा ठुलो लगानीको प्रतिबद्धता आएको थियो। व्यवसायीका रुचिअनुसार योजनाहरू अगाडि बढाउने सरकारको तयारी थियो,' उनले भने।

बाढीले बगाएको बिपी राजमार्ग डाइभर्सन निर्माण सुरु

काभ्रेमा **इन्द्रबहादुर थापा**

रोशीखोलाको बाढीले बगाएको बिपी राजमार्गको डाइभर्सन निर्माण सुरु गरिएको छ। नमोबुद्ध नगरपालिका, रोशी गाउँपालिका र महाभारत गाउँपालिकाका जनप्रतिनिधिको पहलमा सडक विभागले डाइभर्सन निर्माण सुरु गरेको हो।

नमोबुद्ध नगरपालिकाका नगरप्रमुख कुन्साङ लामाले बिपी राजमार्ग अवरुद्ध हुँदा जतातै समस्या सिर्जना भएकाले सडक सुचारु गर्न पहल भइरहेको बताए। त्यस्तै, रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले बिपी राजमार्गको १७ स्थानमा डाइभर्सन रोशीको बाढीले बगाएर यातायात ठप्प बनाएपछि पालिकाका सबै वडा जोड्ने सडक ठप्प भएको बताए। राजमार्ग छिटोभन्दा छिटो सुचारु गर्न सडक विभागलाई निरन्तर पहल गरिरहेको र समन्वय गरिरहेको उनले बताए। 'असोज १७ गतेदेखि १९ गतेसम्म परेको वर्षापछि रोशी खोलामा आएको बाढीले बिपी राजमार्गको डाइभर्सन बगाएपछि रोशी गाउँपालिकाको सम्पूर्ण वडा सडकबाट सम्बन्धविच्छेद भएको छ। त्यसकारण जतिसक्दो छिटो राजमार्ग सञ्चालनका लागि हामीले पहल गरिरहेका छौं,' अध्यक्ष लामाले भने, 'सडक विभागका हेभी इक्विपमेन्टका अपरेटरहरू दसैं बिदामा घरबाट फर्किनसकेकाले लोकल अपरेटरहरू समन्वय गरेर पठाउने काम भएको छ।'

बिपी राजमार्ग बाढीले बगाएपछि महाभारत गाउँपालिकाको ढोका नै बन्द भएको अध्यक्ष कान्छालाल जिम्बाले बताए।



छिटोभन्दा छिटो सडक सञ्चालन गर्न पहल गरिरहेको उनले बताए। सडक डिभिजन कार्यालय भक्तपुरका इन्जिनियर दुर्गाप्रसादले दिनरात गरेर भए पनि बिपी राजमार्ग छिट्टै खोल्ने बताए। 'स्रोत र साधनको कमी छैन, खोलाको बहाव कम भएपछि काम सुरु गरिहाल्छौं। सबै ठाउँमा एकैपटक काम सुरु गर्छौं। कालढुंगामा सुरु भइसकेको छ। चौकीडाँडामा पनि आजबाट काम सुरु हुन्छ।' इन्जिनियर प्रसादले भने, 'हामी काम सुरु गरेपछि दिनरात नै गरेर भएपछि छिट्टै राजमार्ग सुचारु गर्न लाग्नेछौं।' चौकीडाँडामा खोला भित्तैसम्म गएकाले खोलालाई फर्काएर डाइभर्सन निर्माण गर्ने तयारी भएको प्रसादले बताए।

राजमार्गको बोक्सेकुना, घुमाउने, चौकीडाँडा, डालाबैंसी, पिप्ले, माम्ती, चरंगेफेदीमा अस्थायी रूपमा बनाइएको डाइभर्सन शनिबारदेखिको वर्षाले पुनः क्षति गराएसँगै राजमार्ग पूर्ण रूपले ठप्प भएको छ।

आजबाट सेयर बजार खुल्ने

काठमाडौं/ दसैंको लामो बिदापछि मंगलबारबाट सेयर बजार खुल्ने भएको छ। दसैंका कारण १३ असोजदेखि बन्द रहेको सेयर बजार आइतबारबाट खुल्नुपर्ने थियो। तर, अविरल वर्षाका कारण राजमार्ग तथा हवाई उडान अवरुद्ध भएसँगै आइतबार र सोमबारका लागि सरकारले सार्वजनिक बिदा घोषणा गरेको थियो।

सोही कारण आइतबार बजार खुल्न सकेन। तर, मौसम सफा भएपछि



काठमाडौंलगायत जिल्ला प्रशासन कार्यालयलाई गृह मन्त्रालयले सोमबार कार्यालय खोल्ने व्यवस्था गर्न निर्देशन दिएको थियो। गृह मन्त्रालयले सार्वजनिक बिदा फिर्ता गर्ने सूचना जारी गरे पनि सोमबार सेयर बजार भने खुल्न सकेन। मन्त्रालयले सबै प्रकारका कार्यालय खोल्न निर्देशन दिए पनि आवश्यक तयारी नपुगेको भन्दै नेप्सेले सोमबार सेयर कारोबार खुला गर्न नसकिएको जनाएको छ। अब दोस्रो बजारको कारोबार असोज २१ गते मंगलबारदेखि हुनेछ।

अक्टोबरभित्र एमसिसी १८ किमि प्रसारणलाइनको निर्माण सुरु हुने

नयाँ पत्रिका

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदानअन्तर्गत बन्ने चार सय केभी क्षमताको १८ किमि लामो न्यु बुटवल, नेपाल-भारत सीमापार प्रसारणलाइनको निर्माण अक्टोबर महिनाभित्र सुरु हुने भएको छ। ठेक्का प्राप्त निर्माण कम्पनी ट्रान्सरेल लाइटिङ लिमिटेडले निर्माणपूर्वका काम सम्पन्न गरेपछि यही अक्टोबरमा प्रसारणलाइनको टावरको जग राख्ने अर्थात् 'ग्राउन्ड ब्रेक थ्रु' गर्ने तयारी गरेको हो।

उक्त प्रसारणलाइन बनाउन परियोजना कार्यान्वयन गर्ने निकाय मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपाल र कम्पनीबिच १४ भदौ ०८१ मा एक करोड २३ लाख ६० हजार डलरमा ठेक्का सम्झौता भएको थियो। यही अनुदानअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापश्चिम)मा बन्ने चार सय केभी क्षमताको नयाँ बुटवल सबस्टेसनदेखि नेपाल-भारत सीमासम्म १८ किमि प्रसारणलाइन बनाउनुपर्नेछ। यसमा करिब ५० वटा टावर बन्दै छन्। ठेक्का सम्झौतापछि कम्पनीले परियोजनाको सर्वेक्षणलगायतका निर्माणपूर्वको काम सम्पन्न गरिसकेको छ। त्यसपछि परियोजनाको भौतिक निर्माण सुरु गर्न लागेको एक अधिकारीले बताए। 'यही अक्टोरबमा परियोजनाको ग्राउन्ड ब्रेक थ्रु गर्दै छौं। कुन दिन गर्ने भनेर मिति नै निर्क्योल भने भइसकेको छैन,' स्रोतले भन्यो, 'मौसमको अवस्था हेरेर छिट्टै निर्माणकार्य सुरु गर्छौं।'

गत मार्चमै (फागुन-चैत) परियोजनाको निर्माणकार्य सुरु गर्ने योजना थियो। तर, अमेरिकाले गत फ्रेबुअरीदेखि जुलाईसम्म अनुदान स्थगन गऱ्यो। गत साउन दोस्रो साता मात्रै अमेरिकाले अनुदानलाई निरन्तरता दिने औपचारिक पत्र पठायो। त्यसले गर्दा गत मार्चमा परियोजनाको भौतिक निर्माणकार्य सुरु हुन सकेन।

■ ठेक्काको म्याद भने आठ महिना मात्रै बाँकी

१४ भदौ ०८१ मा २१ महिनामा काम सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। हालसम्म आउँदा ठेक्को १३ महिना समय व्यतीत भइसकेको छ, अब ठेक्काको म्याद आठ महिना मात्रै बाँकी छ। सोही कारण समयमा परियोजनाको निर्माणकार्य सकिएन भने चुनौतीपूर्ण रहनेछ। यद्यपि, बिचमा अनुदान स्थगन हुँदा यस ठेक्काअन्तर्गतको काम अघि बढ्न सकेन। त्यो अवस्थामा कम्पनीले म्याद थपको अवसर पाउने सम्भावना उच्च रहेको स्रोतको भनाइ छ।



एमसिसीको ५५ करोड डलर अनुदान र नेपाल सरकारको १९ करोड ७० डलर लगानीमा चार सय केभी क्षमताका तीन सय १५ किमि लामो चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन, पूर्व-पश्चिम राजमार्गको धानखोला-लमही ४० किमि सडकखण्ड र मुग्लिन-नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गरिँदै छ। पछिल्लोपटक अमेरिकाले थप गरेको पाँच करोड डलर अनुदान भने नेपालको मन्त्रिपरिषद्बाट अनुमोदन हुन बाँकी छ। हालसम्म प्रसारणलाइन र सबस्टेसन निर्माणको ठेक्का सम्झौता भइसकेको छ। १८ किमि लामो 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन बनाउन १४ भदौ ०८१ मा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग सम्झौता भएको थियो।

यस्तै, गत साउन २९ मा मात्रै चार सय केभी क्षमताका ९० किमि लामो नयाँ दमौली-नयाँ बुटवल र ९० किमि लामो रातमाटे-नयाँ बुटवल प्रसारणलाइन बनाउन ठेक्का सम्झौता भइसकेको छ। नयाँ दमौली-नयाँ बुटवल प्रसारणलाइन निर्माणका लागि वाइवा-सलार जेभीसँग सात करोड ७० लाख ३० हजार डलरमा ठेक्का सम्झौता गरिएको छ। यस्तै, ९० किमि लामो चार सय केभी क्षमताको रातमाटे-नयाँ दमौली प्रसारणलाइन बनाउन भारतको एन्जेलिक-स्किपर जेभीसँग सात करोड ७४ लाख ८० हजार डलरमा ठेक्का सम्झौता गरिएको हो। यस्तै, गत असोज दोस्रो साता एक सय १७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारणलाइन बनाउन आशिष-बोज्लर संयुक्तसँग सात करोड ६६ लाख ५० हजार अमेरिकी डलरमा ठेक्का सम्झौता गरिएको थियो।

पछि अनुदान निरन्तर भएपछि बर्खाका कारण भौतिक निर्माणकार्य सुरु गर्न मिल्ने थिएन। परियोजनास्थल तराई क्षेत्र हो। यो समयमा तराईमा केही मिटर गहिरो जमिन खन्नासाथ पानी भेटिन्छ। प्रसारणलाइन निर्माणका लागि गहिरो जग खन्नुपर्छ।स्रोतका अनुसार त्यस क्षेत्रको जग्गा प्राप्ति करिब भइसकेको छ। तसर्थ, निर्माणको काम निर्बाध रूपमा अघि बढिसक्ने बताइएको छ। यो प्रसारणलाइन नेपाल-भारत अन्तरदेशीय (न्यु बुटवल-गोरखपुर) प्रसारणलाइनको नेपाल खण्ड हो। भारत खण्डको निर्माण नेपाल-भारतको संयुक्त लगानीमा यसअघि नै अघि बढाइएको थियो। पहिलो टेन्डर रद्द भएपछि यो खण्डको निर्माण भने अन्योलमा परेको थियो। भारत खण्डको प्रसारणलाइन निर्माण हुने र नेपालको खण्डको निर्माण ढिलाइ हुने भएपछि यस खण्डको निर्माण छुट्टै अघि बढाइएको थियो। यो प्रसारणलाइन बनेपछि नेपाल-भारतबिचको विद्युत् व्यापारमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

आन्दोलनमा उद्योग–व्यवसायमाथि आक्रमण गर्नेलाई कारबाहीको माग

निजी क्षेत्रका छाता संगठनले भने, 'सकारात्मक परिवर्तनका लागि युवाहरूको आन्दोलनका क्रममा भएको घुसपैठले निजी क्षेत्रमाथि आक्रमण भयो, लुटपाट तथा आगजनीमा संलग्नमाथि तत्काल कानुनी कारबाही गर्नुपर्छ'

भाटभटेनी, हिल्टन होटेल, एनसेल, सिजीलगायत देशैभरका साना-ठुला सबैखाले उद्यम-व्यवसायमाथिको आक्रमणबाट ८१ अर्बको क्षति पुगेको निजी क्षेत्रको प्रारम्भिक अनुमान

नयाँ पत्रिका

गत २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा उद्योग-व्यवसायमाथि आक्रमण गर्नेलाई तत्काल कारबाही गर्न निजी क्षेत्रले माग गरेको छ । निजी क्षेत्रका तीन ठुला छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले उद्योग-व्यवसायमा भएको लुटपाट तथा आगजनीमा संलग्नमाथि तत्काल कानुनी कारबाही गर्न सरकारसँग माग गरेको हो ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे र चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवालले अर्थमन्त्री रामेश्वर खनाललाई भेटेर युवाहरूले गरेको आन्दोलनमा घुसपैठ गरी निजी क्षेत्रमाथि आक्रमण गर्नेलाई कानुनी दायरामा ल्याउन आग्रह गरेका हुन् ।

'सकारात्मक परिवर्तनका लागि युवाहरूको आन्दोलनका क्रममा भएको घुसपैठले अर्थतन्त्रमा ८१ र रोजगारीमा ८६ प्रतिशत हिस्सा राख्ने निजी क्षेत्रमाथि आक्रमण भएको र यसले उद्यमी-व्यवसायी निरुत्साहित भएका छन्,' उनीहरूले भने, 'यस्ता घुसपैठ र लुटपाट तथा आगजनीमा संलग्नमाथि कारबाही हुन सकेन भने निजी क्षेत्र थप निरुत्साहित हुने हुँदा तत्काल कानुनी कारबाही गर्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउँछौं ।'

निजी क्षेत्र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्ने कार्यमा निरन्तर क्रियाशील रहने बताउँदै अध्यक्षहरूले सरकारले पनि उद्यमी-व्यवसायीले निर्बाध रूपमा काम गर्न पाउने वातावरण बनाउनुपर्ने बताए । सरकारले निजी क्षेत्रका माग सम्भव भएसम्म तत्काल सम्बोधन गरिरहेको हुँदा निजी क्षेत्रले पनि इमानदारीपूर्वक व्यावसायिक आचारसंहिताअनुरूप व्यवसाय गर्न अध्यक्षहरूले उद्यमी-व्यवसायीलाई आग्रह गरे ।

जेन-जी आन्दोलनका क्रममा अराजक भिडले होटेल, मोबाइल सेवाप्रदायक, सुपरमार्केट, केबलकार, सोरुम, उद्योगलगायतमा आक्रमण गरेका थिए । भाटभटेनी, हिल्टन होटेल, एनसेल, सिजीलगायत देशैभरका साना-ठुला सबैखाले उद्यम-व्यवसायमाथिको आक्रमणबाट ८१ अर्बको क्षति पुगेको निजी क्षेत्रको प्रारम्भिक अनुमान छ । उक्त आक्रमणमा संलग्नलाई कारबाही गर्न निजी क्षेत्रले पहिलोपटक औपचारिक रूपमा सामूहिक आवाज उठाएको हो ।

■ सरकार निजी क्षेत्रको मनोबल बढाउन क्रियाशील : अर्थमन्त्री खनाल



अर्थमन्त्री रामेश्वर खनालले निजी क्षेत्रको मनोबल बढाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताएका छन् । निजी क्षेत्रका प्रतिनिधिसँग सोमबार भएको भेट तथा छलफलमा उनले सरकारले पुनर्निर्माणका लागि राजस्व छुट, बैंकिङ सहुलियत र बिमामा सहजीकरणका कार्यक्रम सार्वजनिक गरेको स्मरण गराए ।

यसैगरी सन्दर्भ मूल्य खारेज गरी भन्सारमा अनलाइन डेटाबेस प्रणाली लागू गरिएपछि बजारमा पारदर्शी कारोबारले प्रश्रय पाउने उनको भनाइ छ ।

निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरूले सरकारको उक्त कदमको प्रशंसा गरे । निजी क्षेत्रको मागबमोजिम जडित नयाँ डेटाबेस प्रक्रियाको उपयोग गर्न तीनै संस्थाले सदस्य एवं उद्यमी-व्यवसायीलाई आग्रह गरेका छन् । असोज ९ गते अर्थमन्त्री खनालद्वारा उद्घाटन भएको उक्त प्रणालीले हरेक ६ महिनामा परिमार्जन हुने सन्दर्भपुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा गरिएको छ । यस विधिमा जाँचपास भएको सबै वस्तुको मूल्य विवरण संग्रह गरिनेछ । सरकारका अनुसार यो भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल स्रोत हो, जसले कारोबार मूल्य पहिचान गर्न सहयोग पुग्छ ।

वर्तमान सरकारको मुख्य लक्ष्य निर्वाचन भए पनि सुधारको जग बसाल्ने अवसर पनि भएको उल्लेख गर्दै निजी क्षेत्रका प्रतिनिधिले लगानी र अन्य स्रोत आकर्षित गर्न निजी क्षेत्रको अगुवाइ वा संलग्नतामा बहुपक्षीय वित्त सम्मेलन आयोजना गरी सबै सरोकारवाला लाई आश्वस्त पार्नुपर्नेमा जोड दिए । उनीहरूले निर्वाचनले नै खुला बजार र लोकतान्त्रिक व्यवस्था बलियो हुने हुँदा समयमै निर्वाचन गर्न सहयोग र सहकार्य गर्न निजी क्षेत्र तयार रहेको जानकारी दिए ।

मेटलाइफ र ग्लोबल सिटिजनबिच साझेदारी

मेटलाइफ फाउन्डेसनले फिफा-ग्लोबल सिटिजन एजुकेसन फन्डमा नौ मिलियन अमेरिकी डलर सहयोग गर्ने

MetLife GLOBAL CITIZEN

काठमाडौं/ मेटलाइफ फाउन्डेसनले फिफा-ग्लोबल सिटिजन एजुकेसन फन्डको संस्थापक दाताका रूपमा नौ मिलियन अमेरिकी डलर सहयोग गर्ने प्रतिबद्धता गरेको छ । यो फन्डले विश्वभरका बालबालिकालाई गुणस्तरीय शिक्षा र खेलकुदमा पहुँच उपलब्ध गराउन एक सय मिलियन अमेरिकी डलर संकलन गर्ने लक्ष्य राखेको छ ।

मेटलाइफका अध्यक्ष तथा सिइओ, मिसेल खलाफले भने, 'मेटलाइफमा, हामी मानिस र समुदायका लागि महत्त्वपूर्ण क्षणहरूमा सधैं उपस्थित रहन विश्वास गर्छौं, जसलाई सबैका लागि आत्मविश्वासी भविष्य निर्माण गर्ने हाम्रो स्पष्ट उद्देश्यले मार्गदर्शन गरेको छ । ग्लोबल सिटिजनसँगको हाम्रो साझेदारीले वित्तीय स्वास्थ्य प्रवर्द्धन, शैक्षिक अवसरलाई अगाडि बढाउने र सबल र आत्मविश्वासी समुदायहरू निर्माण गरेर सकारात्मक परिवर्तन ल्याउनेछ । मेटलाइफ फाउन्डेसनसँग मिलेर हामी ग्लोबल सिटिजनसँग सहकार्य गर्न उत्साहित छौं र यो साझेदारीले १९७६ यता एक अर्ब अमेरिकी डलरभन्दा बढी सहयोग गर्दै आएको मेटलाइफ फाउन्डेसनको परोपकारी परम्परालाई अझै सबल बनाउनेछ ।' मेटलाइफले विश्वभरका ग्लोबल सिटिजन अभियानलाई पनि सशक्त बनाउनेछ, जसमा न्युयोर्कको सेन्ट्रल पार्कमा सम्पन्न भएको ऐतिहासिक ग्लोबल सिटिजन फेस्टिभल पनि पर्छ, जहाँ कलाकार, अभियन्ता, र विश्व नेताहरूलाई एकसाथ ल्याएर संसारका सबैभन्दा ज्वलन्त समस्यामा कार्य गर्ने उद्देश्य राखिएको छ । साथै, ग्लोबल सिटिजन नाउ एक्सन समिटहरूमा पनि मेटलाइफको योगदान रहनेछ ।

ग्लोबल सिटिजनका सहसंस्थापक तथा सिइओ ह्यु एभान्सले भने, 'हाम्रो संसारले सामना गरिरहेका जटिल समस्याहरू समाधान गर्न साझेदारीको शक्तिमा हामी दृढ विश्वास गर्छौं । मेटलाइफ, मेटलाइफ फाउन्डेसन र ग्लोबल सिटिजनबिचको यो नयाँ साझेदारीले हाम्रो प्रभावलाई विस्तार गर्नेछ र सबैलाई प्रगतिशील र समृद्ध जीवन बिताउने अवसर दिलाउने हाम्रो साझा दृष्टिकोणलाई तीव्र बनाउन महत्त्वपूर्ण उत्प्रेरकका रूपमा काम गर्नेछ ।'

सिटिजन्स म्युचुअल फन्ड र क्यापिटलको मुनाफा वितरण सुरु

नयाँ पत्रिका

सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सञ्चालित योजनाहरूको आर्थिक वर्ष ०८१/८२ को लाभांश वितरण गरिएको छ । १२ भदौसम्म कायम इकाइधनीलाई सिटिजन्स म्युचुअल फन्ड-२ बाट करसहित ८.२५ प्रतिशतले हुन आउने नगद लाभांश चार करोड ६२ लाख र सिटिजन्स सुपर ३० म्युचुअल फन्डबाट करसहित १२.७५ प्रतिशतले हुन आउने नगद लाभांश नौ करोड ५७ लाख वितरण सुरु गरेको कम्पनीले जनाएको छ । साथै, सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सञ्चालित सिटिजन्स म्युचुअल फन्ड-१ १९ चैत ०८१ मा परिपक्व भई खुद सम्पत्ति मूल्य ११.३० का दरले हुन आउने करसहित रकम वितरण भइरहेको कम्पनीले जनाएको छ । सिटिजन्स क्यापिटल लिमिटेडले आफ्नो मुनाफाबाट आफ्ना सेयरधनीलाई तीन करोड २० लाख लाभांश २० भदौदेखि वितरण गरिरहेको जानकारी गराएको छ ।

फाखेल र सिस्नेरी सडक २४ घण्टाभित्रै सञ्चालनमा

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले गठन गरेको द्रुत प्रतिकार्य टोलीको सक्रियतामा बाढी र पहिरोले अवरुद्ध बनाएको हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीका सडकखण्डहरू २४ घण्टाभित्र सञ्चालनमा आएका छन् । बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेको द्रुत प्रतिकार्य टोलीले भीमफेदी-कुलेखानी-फाखेल र भीमफेदी-कुलेखानी-सिस्नेरी खण्डमा भएको अवरोध हटाएको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका निर्देशक नवीनकुमार सिंहले जानकारी दिए । उनका अनुसार स्थानीय प्रशासन र सुरक्षाकर्मीको समन्वयमा फाखेल सडकखण्ड तीन घण्टाभित्रै, अर्थात् शनिबार साँझ चार बजेदेखि सञ्चालनमा ल्याइएको थियो । सिस्नेरी खण्डमा भने वर्षा रोकिएलगत्तै एक्स्काभेटरसहितको टोली परिचालन गरी सोमबार बिहानदेखि आवागमन पूर्ण रूपमा खुलाइएको छ ।

यसअघि, इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ४ स्थित महालक्ष्मी खोलानजिकै खसेको पहिरो र सिस्नेरी बजारको डोडारे खोलामा आएको बाढीले सडक कटान गर्दा हेटौंडा-काठमाडौं सम्पर्क टुटेको थियो । सुरक्षाका कारण राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र जिल्ला प्रशासन कार्यालय मकवानपुरले १८ असोजमा अत्यावश्यकबाहेकका सवारीसाधनलाई तीन दिनका लागि उक्त सडकहरू भएर काठमाडौं प्रवेशमा रोक लगाएको थियो ।

यसअघि बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले १८ गते शनिबार युनिफाइड टिम गठन गर्दै विपत् न्यूनीकरण र प्रदेशमातहतका सडक अवरुद्ध भए तत्काल अवरोध हटाउन निर्देशन दिएका थिए । यस्तै, भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटाले दसैं मनाएर फर्कने यात्रुलाई कुनै असुविधा नहोस् भनेर द्रुत गतिमा काम गरेको बताए । उनले सोमबार साँझसम्म बागमती प्रदेश सरकारअन्तर्गतका सम्पूर्ण सडक सञ्चालनमा ल्याइसकिएको जानकारी दिए । सम्भावित अवरोधलाई तत्काल सम्बोधन गर्न विभिन्न चार प्रमुख स्थानमा उपकरणसहितका टोलीहरू 'स्ट्यान्डबाई' अवस्थामा राखिएको पनि उनले बताए ।



मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठाका अनुसार बाढी र पहिरोको जोखिमलाई ध्यानमा राख्दै भीमफेदी-कुलेखानी-फाखेल, भीमफेदी-कुलेखानी-सिस्नेरी, मातातीर्थ र भैंसे-भीमफेदी गरी चार स्थानमा जेसिबी, एक्स्काभेटरलगायतका उपकरणसहितका टोलीहरू तयारी अवस्थामा राखिएको छ ।

हाल बागमती प्रदेशको राजधानी हेटौंडाबाट काठमाडौं जान त्रिभुवन राजपथ, भीमफेदी-कुलेखानी-फाखेल, भीमफेदी-कुलेखानी-सिस्नेरी र कान्ति लोकपथ पूर्ण रूपमा सञ्चालनमा आएका छन् । तर, सुरक्षा र जोखिम न्यूनीकरणका लागि भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले सोमबार रातिदेखि अर्को सूचना नभएसम्मका लागि साँझ ६ बजेदेखि बिहान ५ बजेसम्म अत्यावश्यक सेवाबाहेकका सवारीसाधनलाई काठमाडौं प्रवेशमा रोक लगाइएको छ ।

पूर्वतयारीले यसपटक भारी वर्षाको तुलनामा कम क्षति : इप्पान

नयाँ पत्रिका

समयमै आवश्यक पूर्वतयारी गर्दा यसपटक भारी वर्षाको तुलनामा जलविद्युत् आयोजनामा निकै कम मात्र भौतिक क्षति भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले जनाएको छ ।

बाढीपहिरोले विद्युत्गृहमा क्षति पुऱ्याए पनि मानवीय क्षति भने नभएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । 'विगतका वर्षहरूमा बाढीको पूर्वसूचना प्राप्त नहुँदा तथा प्राप्त सूचनाप्रति पनि विश्वस्त नहुँदा ठुलो मानवीय क्षतिसमेत हुँदै आएको थियो । यस वर्ष इप्पान र जल तथा मौसम विज्ञान विभागबिच बाढीको पूर्वसूचना आदानप्रदान गर्ने सम्झौता भई सोहीअनुसार पूर्वसूचना प्रेसित गरी मानवीय क्षति रोक्न सफल भएका छौं,' उनले भने ।

भारी वर्षाका कारण आएको बाढी तथा पहिरोले १० जिल्लामा रहेका विभिन्न निजी क्षेत्रका ३२ जलविद्युत् आयोजना प्रभावित भएको (इप्पान)ले जनाएको छ । सोमबारसम्मको प्रारम्भिक तथ्यांकअनुसार सञ्चालनमा रहेका एक सय ८० मेगावाट क्षमताका १७ आयोजना र निर्माणाधीन अवस्थामा रहेका तीन सय ३८ मेगावाटका १५ जलविद्युत् आयोजना बाढीबाट प्रभावित भएका छन् ।

बाढीपहिरोका कारण कोशी प्रदेशको इलाम जिल्लामा रहेका जलविद्युत् आयोजना पनि सबैभन्दा धेरै प्रभावित भएका छन् । इलाममा मात्रै सञ्चालनमा आएका १५ वटा जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको छ । जसमा ४.५ मेगावाटको माईखोला, आठ मेगावाटको माईखोला क्यासकेड, २२ मेगावाटको माईखोला (सानिमा माई), सात मेगावाटको माई क्यासकेड,



७.८ मेगावाटको सुपरमाई, ९.६ मेगावाटको सुपरमाई ए, तीन मेगावाटको सुपरमाई ए क्यासकेड, ७.६ मेगावाटको जोगमाई खोला, ५.२ मेगावाटको जोगमाई क्यासकेड, ६.२ मेगावाटको तल्लो जोगमाई, ९.५ मेगावाटको माईबेनी, ९.९ मेगावाटको माथिल्लो माई, ५.१ मेगावाटको माई सी क्यासकेड, ४.९६ मेगावाटको पुवा दुई र तीन मेगावाटको अपर पुवा-१ जलविद्युत् आयोजना रहेका छन् । बाँकी दुई आयोजनामध्ये कोशी प्रदेशकै पाँचथर जिल्लामा रहेको १४.९ मेगावाटको हेवाखोला र बागमती प्रदेशमा रहेको ५२.४ मेगावाटको लिखु-४ जलविद्युत् आयोजना प्रभावित भएका छन् । हाल लिखुबाहेक सबै आयोजनाको उत्पादन बन्द रहेको छ । लिखु-४ भने सञ्चालनमा आइसकेको छ ।

निर्माणाधीन जलविद्युत् आयोजनामा सबैभन्दा धेरै क्षति पुहँचमार्गमा देखिएको छ । मनाङमा रहेको ४९.९५ मेगावाट क्षमताको दानाखोला जलविद्युत् आयोजनाले बनाएको १२ किलोमिटर पहुँच सडकको धेरै ठाउँमा पहिरो गएको प्रवर्द्धक कम्पनी लालुपाते हाइड्रोपावरका सञ्चालक मोहनकुमार डाँगीले जानकारी दिए । यही वर्षदेखि आयोजनाको निर्माण सुरु भएकाले पहुँच सडक सेट नभइसकेको अवस्थामा वर्षाले धेरै ठाउँमा बाटो बगाएको डाँगीले बताए ।

निर्माणाधीन अवस्थामा रहेका आयोजनामध्ये सिद्धि हाइड्रोपावरद्वारा प्रवर्द्धित इलाममा रहेको १० मेगावाटको सिद्धिखोला जलविद्युत् आयोजना १० दिनभित्र व्यावसायिक उत्पादनमा जाने तयारीमा रहेकोमा बाढीले क्षति पुऱ्याउँदा यसको विद्युत् उत्पादन मिति पर सरेको छ । प्राधिकरणको इलामस्थित ६.२ मेगावाटको पुवाखोला जलविद्युत् आयोजना बाढीले प्रभावित भई उत्पादन बन्द भएको छ । प्रधिकरणतर्फका अन्य परियोजना प्रभावित नभएको निर्देशक चन्दनकुमार घोषले बताए ।

पाँचथरमा रहेको २१.५ मेगावाटको सभाखोला बी र ९.९ मेगावाटको हेवाखोला जलविद्युत् आयोजनाको निर्माण सामग्री र निर्माण उपकरणहरू नै बगाएको छ । सिन्धुपाल्चोकमा रहेका चार जलविद्युत् आयोजनाको पहुँचमार्ग पनि बाढीले बगाएको छ । जसमा ३६.५१ मेगावाटको ब्रह्मायणी, १५.१५ मेगावाटको माथिल्लो ब्रह्मायणी, ४० मेगावाटको बलेफी र २२.५ मेगावाटको तल्लो बलेफी जलविद्युत् आयोजनाको पहुँचमार्ग बाढीले बगाएको छ । रसुवामा रहेको २० मेगावाटको लाडटाङ खोला, भोजपुरमा रहेको १५.५ मेगावाटको इखुवा खोला बी, १४.५ मेगावाटको माथिल्लो इखुवा, म्याग्दीमा रहेको २२.५ मेगावाटको माथिल्लो ठुलो खोला, लमजुङमा रहेको ६.८२ मेगावाटको हिडीखोला, रामेछापमा रहेको ४८.८ मेगावाटको खिम्ती-२ र धादिङमा रहेको ४.५ मेगावाटको गसाली खोला जलविद्युत् आयोजनाको पहुँचमार्गलगायतका विभिन्न संरचनामा क्षति पुगेका कारण यी आयोजनाको विद्युत् उत्पादन मिति पर सरेको छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

SY Panel Nepal Limited

एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,
फोन नं.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरू निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

एसवाई प्यानल नेपाल लिमिटेडले आफ्नो जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये यस विवरण मार्फत जारी पूँजीको २% अर्थात रु.२,६१,६२,७००/- (दुई करोड एकसट्ठी लाख बासट्ठी हजार सात सय) रकम बराबरको रु.१०० अंकित दरका २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि मिति २०८२ असोज ०७ गते मंगलबारदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग गरे भन्दा बढि शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ असोज २१ गते मंगलबार** (बैंकिङ्ग समय पश्चात्) सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानि साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ असोज २१ गते मंगलबार** (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गदछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण संकलन केन्द्रहरु, शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दैछौं ।

आयोजना प्रभावित क्षेत्र	छुट्टाइएको शेयर संख्या	पुँजी रकम (रु)
प्रभावित क्षेत्र : चितवन जिल्ला रत्ननगर नगरपालिका सम्पूर्ण वडाहरु	२,६१,६२७	२,६१,६२,७००/-
जम्मा	२,६१,६२७	२,६१,६२,७००/-

दरखास्त दिनुपर्ने न्युनतम कित्ता : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता : ५०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ०१-५९७०२००
२.	श्री एसवाई प्यानल नेपाल लिमिटेड, तिनकुने, काठमाण्डौं वेवसाइट :www.synepal.com
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np
सि.नं.	दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान : उद्योग स्थापित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ :
१.	१. श्री एसवाई प्यानल नेपाल लिमिटेड, रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन । २. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https:// ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन् । ३. प्रभु बैंक लिमिटेड सौराहा शाखा, चितवन । ४. प्रभु बैंक लिमिटेड टांडी शाखा, चितवन ।
	उद्योग रहेको क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	३.०७	४.८७	५.३५	८.८१	९.२१	१०.४३	१३.५४
प्रति शेयर नेटवर्थ रु.	९६.६३	१०१.२८	१०६.६१	११५.४२	११७.४६	१२७.८०	१४१.२४
संचित नाफा नोक्सान	(२२,४०६,९५२)	१०,०१०,७७१	५१,८८८,९८९	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड डिल्लीबजार ,काठमाडौंबाट इस्यूअर रेटिङ्ग गराई [ICRANP-IR] BB+ (Pronounced ICRA NP Issuer Rating double B Plus) रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR] BB+ ले "Considered to have Moderate Risk of Default in the Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ । जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/०५/३१ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/०५/३०

लगानी कर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ भदौ २१ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा** प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.synepal.com, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पुरा नभए सम्म अरु कसैलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५५७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७
मंगलबार २१ असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ गौरीटार रंगशाला १६ वर्षपछि निर्माणमा तीव्रता

क्रिकेट मैदान र पौडी पोखरीको बदलिँदै मुहार

कुल दुई अर्ब ४२ करोड ६४ लाखको विस्तृत परियोजना रहेको गौरीटार रंगशालामा फुटबल, क्रिकेट र पौडीका अतिरिक्त तेक्वान्दो, कराँते, बक्सिङ, बास्केटबल, लन टेनिसलगायतका खेलका लागि छुट्टाछुट्टै संरचना, प्रशासनिक भवन र खेलाडी छात्रावाससमेत निर्माण गर्ने योजना



गौरीटारमा रहेको पौडीपोखरी (बायाँ) र क्रिकेट मैदान

मकवानपुरमा **पोष्टराज अधिकारी**

१६ वर्षको लामो प्रतीक्षापछि हेटौँडा उपमहानगरपालिका वडा नम्बर ६ मा रहेको गौरीटार अन्तर्राष्ट्रिय रंगशालाले गति लिएको छ। वर्षौंदेखि बजेट अभाव, बेवास्ता र स्वामित्व विवादमा फसेको यो परिसर फुटबल रंगशाला, क्रिकेट मैदान र अन्तर्राष्ट्रियस्तरको पौडीपोखरी निर्माणसँगै नयाँ रूप लिन थालेको छ। यद्यपि, सेन्थेटिक ट्र्याक भने अलपत्र छ। रंगशालाभित्र रहेको फुटबल स्टेडियमको निर्माण सम्पन्न भइसकेको छ। यहाँ राष्ट्रियस्तरको महिला फुटबल प्रतियोगिताको सफलतापूर्वक आयोजनसमेत भइसकेको छ।

२८ जेठ २०६६ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले भव्य समारोहबिच शिलान्यास गरेको यो आयोजनालाई पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। भव्य समारोहका बिच शिलान्यास भएर पनि उक्त रंगशाला लामो समयसम्म गुमनाम बनेको थियो। विभिन्न खेलका राष्ट्रिय खेलाडी उत्पादनका लागि आवासीय सुविधासहितको अत्याधुनिक प्रशिक्षण केन्द्र बनाउने सपना बोकेको उक्त रंगशाला निर्माण आयोजना वर्षौंसम्म बजेट अभाव र बेवास्ताको सिकार बनेको थियो।

शिलान्यास गर्दा पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त रंगशालाको निर्माणमा दुई अर्ब ५० करोड रुपैयाँ लागतको अनुमान थियो। तर, विडम्बना लामो समयसम्म बजेटको निरन्तरता नहुँदा र निर्माण व्यवसायीको सुस्ततालले आयोजनाले लामो सयम गति लिन सकेन। सुरुका आठ वर्षमा केवल पाँच करोड रुपैयाँ बजेट पाएको उक्त आयोजना सरकारी उदासीनतालेे ओझेलमा पर्दै आएको थियो।

तर, हाल बागमती प्रदेश सरकारले यसलाई गौरवको आयोजनाको रूपमा अघि बढाएसँगै फुटबल स्टेडियम, क्रिकेट मैदान र पौडीपोखरीको निर्माण कार्यले तीव्रता पाएको छ। जसले खेलकुद क्षेत्रमा नयाँ आशा जगाएको देखिन्छ। हुन त संघीयता लागू भएपछि पनि संघ र प्रदेशको स्वामित्व विवादमा फसेर आयोजना चार वर्षसम्म बेवारिसेजस्तै बनेको थियो। ०७६ सालमा बागमती प्रदेश सरकारले स्वामित्व लिएपछि यो अलपत्र आयोजनाले पुनर्जीवन पाएको हो।

फुटबल मैदान तयार

प्रदेशले यसलाई 'गौरवको आयोजना'मा समावेश गरी चरणबद्ध रूपमा काम अघि बढाएको छ। सुरुमा फुटबल मैदान र प्यारापिट निर्माणमा ध्यान केन्द्रित गरिएको रंगशालामा हाल फुटबल रंगशालाको प्यारापिट निर्माण कार्य सम्पन्न भइसकेको प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाले बताए। प्रदेश सरकारका निवर्तमान युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनको तदारुकतामा फुटबल मैदानले पूर्णता पाएपछि आफूहरूले बाँकी रहेको केही व्यवस्थापन र फुटबल मैदान संरक्षणको काम गरिरहेको उनको भनाइ छ।

उनका अनुसार हाल रंगशालापरिसरमा निर्माणको अन्तिम चरणमा रहेको क्रिकेट मैदान र पौडीपोखरीले प्रदेश सरकारको खेलकुद प्रतिको प्राथमिकतालाई थप उजागर गरेको छ। प्रदेश खेलकुद विकास परिषद् मार्फत दुवै संरचना सम्पन्न भइसकेको र मैदानमा बर्मुन्डा दुवो लगाउने र संरक्षण गर्ने काम भइरहेको उनले बताए।

दुई अर्ब ४२ करोडको परियोजना

कुल दुई अर्ब ४२ करोड ६४ लाखको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) रहेको गौरीटार रंगशालामा फुटबल, क्रिकेट र पौडीका अतिरिक्त तेक्वान्दो, कराँते, बक्सिङ, बास्केटबल, लन टेनिसलगायतका खेलका लागि छुट्टाछुट्टै संरचना, प्रशासनिक भवन र खेलाडी छात्रावाससमेत निर्माण गर्ने योजना छ। रंगशाला निर्माणका लागि ३२ करोड ५३ लाखको डिपिआर तयार भएको थियो। हाल पहिलो चरणमा ६ करोड १ लाख ७५ हजारको लागतमा अन्तर्राष्ट्रियस्तरको पौडीपोखरी निर्माण भइसकेको छ। ०८० चैत ३० गते 'पिएम/एचकेसी/केबिए जेभी'सँग भएको सम्झौताअनुसार १५ महिनाभित्र चार सयजना दर्शक क्षमताको भिआइपी ब्लक, ५० मिटर लामो मुख्य प्रतिस्पर्धा पोखरी र २५ मिटरको तालिम पोखरी निर्माण गरिएको उनले बताए।

रंगशालाभित्रै ७१ करोड १९ लाखको डिपिआर रहेको क्रिकेट मैदान निर्माणले प्रदेशको खेलकुद क्षेत्रको विकासमा थप टेवा पुग्ने सदस्यसचिव लामाले बताए। एसएनएस/पिएल/एचकेसी जेभीले नौ करोड ४२ लाख ८२ हजारमा ठेक्का लिएर निर्माण गरेको उक्त मैदानमा ६ सय दर्शक क्षमताको प्यारापिट, पाँचवटा पिच, १४० मिटर व्यासको मैदान, खेलाडी चेन्जिङ रुम र भूमिगत ड्रेनेजसहितको संरचना निर्माण गरिएको छ। मैदानमा मिडिया कक्ष, स्कोर बोर्ड, पार्किङलगायतका आधुनिक सुविधा हुनेछन्।

वर्षौंदेखि जीर्ण बनेको होस्टेल भवनमा हाल युवा तथा खेलकुद मन्त्रालय र प्रदेश खेलकुद विकास परिषद्को कार्यालय सञ्चालनमा छ। लामो समयको अनिश्चितता र अलपत्र अवस्थापछि निरन्तर लगानी र अनुगमनले रंगशाला निर्माणले लय समातेको प्रदेश सरकारले दाबी गरेको छ। यस आयोजनाले मकवानपुर मात्र नभई समग्र बागमती प्रदेशकै खेलकुद पूर्वाधारमा नयाँ अध्याय सुरु गर्ने विश्वास लिइएको छ।

■ एसियन कप छनोट

भियतनाममा एन्फाले ४० जनाको जम्बो टोली पठाउँदै



एसियन कप छनोटअन्तर्गत भियतनाम जाने जम्बो नेपाली टोलीको बिदाइ कार्यक्रम
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीले एएफसी एसियन कप छनोटअन्तर्गत घरेलु टोली भियतनामसँग खेल्दा ४० जनाको जम्बो टोली त्यसतर्फ पुग्ने भएको छ। घरेलु मैदानमा हुनेपर्ने खेलसमेत नेपालले भियतनाममा खेल्दै छ। नेपालले आगामी ९ अक्टोबरमा भियतनामविरुद्ध 'अवे म्याच' खेल्नेछ। त्यसपछि १४ अक्टोबरमा नेपालले 'होम म्याच'का रूपमा भियतनामसँग प्रतिस्पर्धा गर्नेछ।

यो खेल दशरथ र रंगशालामा हुनुपर्ने थियो। तर, अखिल नेपाल फुटबल संघ (एन्फा)ले आवश्यक मापदण्ड नपुऱ्याएपछि दशरथ रंगशालालाई एएफसीले 'अयोग्य' घोषणा गऱ्यो। तर, एएफसीले दशरथ रंगशालालाई अन्तर्राष्ट्रिय खेल खेलाउन अयोग्य भने पनि यसै मैदानमा २३ भदौमा नेपाल र बंगलादेशबिच फिफाको आधिकारिक खेल भएको थियो। जसमा नेपाल र बंगलादेशले बराबरी खेलेका थिए।

एन्फाले 'न्युट्रल भेन्यु'मा हुनुपर्ने खल पनि भियतनाममा नै पुऱ्याइएको हो। यही बहानामा एन्फाले २३ जना खेलाडी तथा नौजना पदाधिकारीबाहेक अतिरिक्त आठजना पदाधिकारीलाई विदेश भ्रमणमा लैजादै छ। विभिन्न स्वार्थमा रुमल्लिएर विवादमा आइरहने एन्फा नेतृत्वले पदाधिकारी र भोटरलाई खुसी बनाउन विदेश भ्रमणमा पठाउने गरेको आरोप कार्यसमिति बैठक र साधारणसभामा लाग्दै आएको छ।

२३ खेलाडीबाहेक ९ पदाधिकारीमा (मुख्य प्रशिक्षक, व्यवस्थापक, सहायक प्रशिक्षक, गोलकिपर प्रशिक्षक, डाक्टर, फिजियो, एनालिस्ट, किट म्यानेजर, र एक मिडिया अफिसर छन्। त्यसबाहेक एन्फाले आठ अतिरिक्ति पदाधिकारीकारीमा एन्फा उपाध्यक्ष दीपक खतिवडा, कार्यसमिति सदस्य महेन्द्र क्षेत्रीसँगै क्लब तथा जिल्ला पदाधिकारीहरू राजुमान तुलाधार, हितमान गुरुङ, नितेश रावल, कर्णबहादुर बस्नेत, रमाकान्त चौधरी र रमेशकुमार श्रेष्ठ रहेका छन्। एन्फाले उनीहरूलाई सोमबार नै बिदाइ गरेको छ।

अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राई विदाई कार्यक्रममामा सहभागी भएनन्। उनीहरूलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य सचिव टंकलाल घिसिङले बिदाइ गरेका थिए। यसअघि राखेप र खेलकुद मन्त्रालयले बारम्बार एन्फालाई जम्बो टोलीको भ्रमणबारे प्रश्न गरेपछि यसपटक सो देखिएन।

राम्रो नतिजा निकाल्ने योजना

मुख्य प्रशिक्षक म्याट रसले एसियन कप छनोटमा नेपालले भियतनामविरुद्ध दुवै खेलमा राम्रो नतिजा निकाल्ने र उनीहरूविरुद्ध प्रतिस्पर्धा गर्न तयार रहेको बताएका छन्। 'हामीले राम्रो तयारी गरेका छौं। उनीहरूविरुद्ध खेल्न हामी तयार छौं,' रसले भने। यसअघि उनले आइतबार २३ सदस्यीय राष्ट्रिय टोली घोषणा गरेका थिए। जसमा ६ जना खेलाडीले पुनरागमन गरेका छन्। एन्फाले आयोजना गरेको विदाईमा कप्तान किरण चेम्जोङ उपस्थित भएनन्। उनी अहिले बंगलादेशमा लिगमा आवद्ध छन्। एन्फाका अनुसार कप्तान किरण बंगलादेशबाटै भियतनाममा नेपाली टोलीसँग आवद्ध हुने छन्।

मुख्य प्रशिक्षक रसले छनोट गरेका खेलाडीमध्ये बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलमा नपरेका आयुष घलान, सुमित श्रेष्ठ र कृतिश रत्न छुन्जुले सिनियर टोलीमा स्थान बनाएका हुन्। गोलरक्षक विशाल सुनार, डिफन्डरद्वय विमल पाण्डे र सनिश श्रेष्ठले पनि पुनरागमन गरेका छन्। बंगलादेशविरुद्ध खेलेका गोलकिपर टिकेन्द्र थापा, डिफेन्डर अमित लामा र रन्दीप पौडेल तथा स्ट्राइकरहरू आदित्य शाक्य, समीर तामाङ र सृजनराज भने यसपटक बाहिरिएका छन्।

समूहमा अंकविहीन नेपाल

छनोट चरणमा नेपालले अहिलेसम्म अंक जोडेको छैन। नेपालले दुई खेल खेल्दा पनि हारको सामना गरेको छ। पहिलो खेलमा नेपाल मलेसियासँग २-० ले पराजित भएको थियो। दोस्रो खेलमा नेपाल इतिहासमै पहिलोपटक लाओसबाट २-१ ले स्तब्ध भयो। यो नतिजाअघि नेपालले लाओसविरुद्ध ६ खेलमा अपराजित रेकर्ड राखेको थियो।

अभ्यास खेलमा नेपालको लगातार दोस्रो जित

नयाँ पत्रिका

आइसिसी टी-२० विश्वकप २०२६ को एसिया छनोटअघि भएको दुवै अभ्यास खेलमा नेपालले जित हासिल गरेको छ। सोमबार ओमानमै भएको दोस्रो अभ्यास खेलमा नेपालले कतारलाई १६ रनले पराजित गऱ्यो। यसअघि वार्मअपकै पहिलो खेलमा नेपालले घरेलु टोली ओमानलाई ६ विकेटले हराएको थियो।

नेपालले बुधबारबाट सुरु हुने विश्वकप छनोटको समूह चरणमा कुवेत र जापानसँग खेल्नेछ। नेपालले कुवेतसँग आगामी बुधबार र जापानसँग शुक्रबार खेल्नेछ। यो समूहबाट शीर्ष दुईमा पर्ने टिम सुपर-६ मा पुग्नेछन्। ओमानमा तीन समूह नौ टोलीबिच प्रतिस्पर्धा हुनेछ। अरू समूहमा मलेसिया, कतार र युएई तथा ओमान, पिएनजी सामोआ छन्। सुपर-६ मा खेल्ने ६ टोलीमध्ये शीर्ष ३ मा पर्ने टोलीले सीधै अर्को वर्ष भारत र श्रीलंकामा हुने टी-२० विश्वकपमा स्थान बनाउनेछ। नेपाल शीर्ष तीनमा अटाउने बलियो प्रतिद्वन्द्वी हो। नेपाल लगातार दोस्रोपटक र समग्रमा तेस्रोपटक टी-२० विश्वकपमा छनोट हुने योजनामा छ।

नेपालले विश्वकप छनोटअघि यो दुई वार्मअप खेलसहित वेस्ट इन्डिजविरुद्ध तीन खेलको शृंखला खेलेको थियो। जहाँ टेस्ट राष्ट्रविरुद्ध नेपाल ऐतिहासिक शृंखला जित्न सफल भएको हो।

कतारविरुद्ध सहज जित

दोस्रो अभ्यास खेलमा नेपालले उत्कृष्ट ब्याटिङ र बलिङ गर्दै कतारविरुद्ध सहज जित निकालेको हो। नेपालका लागि ओपनर कुशल भुर्तेलले अर्धशतक बनाएका थिए। टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ७१ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा कतारले ६ विकेटको क्षतिमा मात्र एक सय ५४ रन जोड्यो। कतारका लागि मुहमद तनविरले ५१ रन, मुहमद असिमले ३० रन र मोहमद ब्रइगले ४० रन बनाएका थिए। बलिङतर्फ नेपालका करण केसीले सर्वाधिक तीन विकेट लिएका थिए। त्यस्तै, ललित राजवंशी, नन्दन यादव र दीपेन्द्रसिंह ऐरीले एक-एक विकेट हात पारे।



यसअघि नेपालका लागि ओपनर भुर्तेलले आक्रामक ब्याटिङ गर्दै सर्वाधिक ५६ रन बनाएका थिए। उनले ३३ बलमा पाँच चौका र तीन छक्का हिर्काएका हुन्। दीपेन्द्रसिंह ऐरीले २१ बलमा १ चौका र ३ छक्का प्रहार गर्दै ३८ रन बनाएका हुन्। कुशल मल्लले पनि अविजित ३८ रन जोडे। कुशलले २९ बलमा एक चौका र दुई छक्का हिर्काएका थिए। अर्का ओपनर आसिफ सेख ११ रन तथा कप्तान रोहितकुमार पौडेल आठ रनमा आउट भएका थिए। सन्दीप जोरा एक रन र लोकेश बम दुई रनमा आउट भए भने आरिफ शेखले नौ बलमा १३ रन बनाए। बलिङमा कतारका सारिक मुनिर र इक्रामुल्लाहले दुई-दुई विकेट लिए।

छनोट खेल्ने नेपाली खेलाडी

रोहितकुमार पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), कुशल भुर्तेल, लोकेश बम, कुशल मल्ल, आसिफ सेख, आदिल अन्सारी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, सन्दीप जोरा, आरिफ सेख, ललितनारायण राजवंशी, गुलशन झा, सोमपाल कामी

■ दोस्रो जितको खोजीमा इंग्ल्यान्ड



एजेन्सी/ आइसिसी महिला विश्वकपमा मंगलबार इंग्ल्यान्ड र बंगलादेश भिड्दै छन्। विश्वकपको आठौं खेल भारतको गुवाहटीमा हुँदै छ। यो समूहमा दुवै टोली लगातार दोस्रो जित निकाल्ने दाउमा छन्। इंग्ल्यान्डले पहिलो दक्षिण अफ्रिकालाई १० विकेटले पराजित गरेको थियो। यता, बंगलादेशले पहिलो खेलमा पाकिस्तानलाई सात विकेटले हरायो। विश्वकपमा दुई खेल खेलिसक्दा भारत चार अंकसहित शीर्ष स्थानमा छ भने साबिक विजेता अस्ट्रेलिया तीन अंकसहित दोस्रो स्थानमा छ।

बार्सिलोनाले गुमायो अवसर

सेभिल्लामाथि जित निकाल्दा बार्सिलोना स्पेनिस ला लिगाको शीर्ष स्थानमा उक्लिने थियो, तर हारले रियल म्याड्रिडभन्दा दुई अंकले पछाडि परेको छ।

एजेन्सी/ स्पेनिस ला लिगाको साबिक विजेता बार्सिलोनाले शीर्ष स्थानमा रियल म्याड्रिडलाई उछिन्ने मौका गुमाएको छ। ला लिगाअन्तर्गत आइतबार राति बार्सिलोना सेभियासँग ४-१ को फराकिलोअन्तरले पराजित भयो। सेभियाले एक दसकपछि बार्सिलोनाको पोस्टमा चार गोलरहित जित निकालेको हो। सेभियामाथि जित निकाल्दा बार्सिलोना ला लिगाको शीर्ष स्थानमा उक्लिने थियो। तर, हारले रियल म्याड्रिडभन्दा बार्सिलोना दुई अंकले पछाडि परेको छ।

सेभियासँगको हारपछि बार्सिलोनाले ८ खेलबाट १९ अंक जोडेको छ। बार्सिलोना दोस्रोमै छ। रियल म्याड्रिड २१ अंकका साथ शीर्ष स्थानमा छ। सेभिल्ला १३ अंकका साथ छैटौं स्थानमा उक्लेको छ। सन् १९५१ पछि सेभिभल्लासँग बार्सिलोनाको यो खराब हार हो। त्यस बेला सेभिल्लाले बार्सिलोनामाथि ४-० को जित निकालेको थियो। महत्त्वपूर्ण प्रतिस्पर्धामा बार्सिलोनाका युवा खेलाडी लामिन यामाल चोटका कारण खेलेनन्। स्ट्राइकर रोबर्ट लेवान्डोस्कीले पेनाल्टीबाट गोल गर्ने अवसरसमेत गुमाएका थिए। गत साता बार्सिलोना च्याम्पियन्स लिगमा पेरिस सेन्ट जर्मेन (पिएसजी)सँग पनि पराजित भएको थियो। बार्सिलोनाले यसअघि सेभिल्लाविरुद्ध लगातार सात खेलमा जित निकालेको थियो।

सेभिया हाबी

खेलको १३औं मिनेटमा बार्सिलोनाविरुद्ध सेभियाले पेनाल्टीमा अग्रता लियो। बार्सिलोनाका रोनाल्ड अराउजोले रोमेरोलाई डिबक्स भित्र लडाएपछि एलेक्सिस सान्चेजले पेनाल्टीबाट सेभिल्लालाई १-० को अग्रता दिलाए। खेलको ३६औं मिनेटमा रोमेरोले काउन्टर एट्याक्टमा सेभिल्लालाई २-० को अग्रता दिलाए। बार्सिलोनाले मध्यान्तरअगाडि नै गोल फर्काएको थियो। मार्कस रासफोर्डले पेट्रीको पासमा पहिलो हाफकै अन्त्यतिर बार्सिलोनालाई २-१ को गोलअन्तरमा राखे। दोस्रो हाफमा लेवान्डोस्कीको पेनाल्टी चुकाएका थिए। खेलको ८९औं मिनेटमा जोसे एन्जेल कार्मोनाले सेभिल्लालाई ३-१ को स्थितिमा राखे। खेलको अन्तिम इन्जुरी समयको छैटो मिनेटमा एकोर एडम्सले सेभिल्लाको जित ४-१ ले पक्का पारे।



एटलेटिको म्याड्रिड बराबरीमा रोकियो

गत साता रियल म्याड्रिडमाथि सानदार जित निकालेको एटलेटिको म्याड्रिड आइतबार राति सेल्टा भिगोसँग १-१ को बराबरीमा रोकेको छ। प्रतिस्पर्धामा म्याड्रिड दसजना खेलाडीमा सीमित भएको थियो। सेल्टा भिगोका कार्ल स्टारफेल्टले छैटौं मिनेटमा आत्मघाती गोल गरेका थिए। जसकारण एटलेटिकोले १-० का अग्रता बनायो। खेलको ६८औं मिनेटमा आएको आसपासले सेल्टा भिगोलाई १-० को बराबरीमा ल्याए। यसअघि खेलको ४०औं मिनेटमा क्लेमेन्ट लेङगलेटले रातो कार्ड पाएपछि एट्लेटिको म्याड्रिड दस खेलाडीमा समेटिएको थियो। एटलेटिको म्याड्रिड १३ अंकका साथ ला लिगाको पाँचौं स्थानमा छ। सेल्टा भिगोले ८ खेलबाट ६ अंक जोडेको छ। सेल्टा भिगो १६औं स्थानमा छ।

हाल्यान्डको गोलमा सिटी विजयी



एर्लिङ हाल्यान्डको एक मात्र गोलमा म्यानचेस्टर सिटीले आइतबार राति इंग्लिस प्रिमियर लिगमा ब्रेन्टफोर्डलाई १-० ले पराजित गरेको छ। जितसँगै प्रशिक्षक पेप गार्डिओलाले सिटीका लागि आफ्नो २ सय ५०औं जित दर्ता गरेका छन्। सिटीले चालू सिजनमा पहिलो खेलपछि पहिलो पटक अवे मैदानमा जित निकालेको हो। हाल्यान्डले खेलको नवौं मिनेटमा सिटीलाई १-० लाई अग्रता दिलाए। उनले डिबक्स भित्र उत्कृष्ट ड्रिब्लिङ गर्दै ब्रेन्टफोर्डका डिफेन्डरलाई छकाउँदै गोल गरेका हुन्। दोस्रो हाफमा ब्रेन्टफोर्डले बराबरी अवसर खेर फालेको थियो। जितपछि सिटी १३ अंकका साथ पाँचौं स्थानमा पुगेको छ। सिटी शीर्षमा रहेको आर्सनलभन्दा ३ अंकले पछाडि छ। सिटीसँग पराजित ब्रेन्टफोर्ड १६औं स्थानमा छ। अर्को खेलमा न्युक्यासलले नटिङघम फरेस्टलाई २-० ले हरायो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com